
अमेरिकी साम्राज्यवादले विश्वभरि बाम-सत्तालाई कसरी असफल पार्दै आएको छ ?

# मूल्याङ्कन

मूल्य रु. १५।-

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ३२, असोज २०५२



## संवैधानिक कूद्वारा एमाले सत्ताच्यूत

### कस्तो होला अब देशको भविष्य ?

किड्नी फेर्ने नाममा कतै अंग-व्यापार त भइरहेको छैन ?

नेपालमा भूमिसुधार कसरी ?

महत्वपूर्ण अन्तर्क्रिया

अन्तिम वि

चे ग्वेभारा-क्युबाली क्रा

छापामार युद्ध

प्रशिद्ध भारतीय व्यँगकार हरिशंकर परसाईंका व्यँग्यहरु


किन भुम्मिदैछन् पश्चिमेलीहरु रुसको साइबेरियामा ?

पुस्तक पाईने ठाउँ:-
मिलन कोसेली सेन्टर
फोन: २०४०८

# नेपाल औद्योगिक विकास निगम

तपाईंले कुनै नयाँ उद्योग
स्थापना गर्ने बिचार गर्नु भएको छ वा विद्यमान उद्योगलाई नै विविधीकरण, बिस्तार एवं आधुनिकीकरण गर्ने मनसाय राख्नु भएको अथवा उद्योग सञ्चालनका लागि तपाईंलाई चालु पूँजीको आवश्यकता परेको छ भने बित्तीय, प्राविधिक र व्यवस्थापकीय सरसल्लाह एवं आर्थिक सहयोगका लागि यस निगममा सम्पर्क राख्नु हुन अनुरोध छ !

# नेपाल औद्योगिक विकास निगम



केन्द्रीय कार्यालय
ने.औं.वि.नि. भवन, दरबारमार्ग
पोष्ट बक्स नं. १०, काठमाडौं
फोन नं. २२८३२२, २२८२२५

क्षेत्रीय कार्यालय

| | |
|---|---|
| बिराटनगर | : २२३०४, २०६३४ |
| पोखरा | : २००८३, २०५१८ |
| नेपालगञ्ज | : २०२०३, २००३७ |
| धनगढी | : २१२०३, २१६०८ |

आवरण कथा


# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १३ पूर्णाङ्क ३२
२०५२. असोज


## संवैधानिक 'कू'द्वारा एमाले सत्ताच्यूत !

*-आखिर किन र कसरी ?*
*-के होला यसको परिणाम ?*
*-कसरी सोचिरहेछ एमाले आफू सत्ताच्यूत भएपछि ?*
*-यो घटनाबारे अरू पार्टीहरू के भन्छन् ?*
*-कसरी बढ्यो सत्ताच्यूत गर्ने घटनाक्रम ?*



**क. मोहनविक्रम सिंह/ क. दीपक शर्मा/ क. माधव नेपाल/ क. सीपी मैनालीका** *ताजा विचारहरु* ५

## अमेरिकी साम्राज्यवादले विश्वभरि के सम्म गरिहेछ, वाम सत्ताहरुलाई ढाल्न ?

ग्रीस, इटाली, फ्रान्स, चेकोस्लोभाकिया, पूर्वी जर्मनी, हंगेरी लगायत एशिया र अफ्रिकाका वामपन्थीहरूलाई सत्ताबाट बञ्चित गर्न गरिएका क्रियाकलापहरूको चिरफार ! १४

## सुन्दरी प्रतियोगिताको विरोध किन गरियो ?

**-महिला नेतृ हिसिला यमिसँग अन्तर्वार्ता**

*सुन्दरी प्रतियोगिताको इतिहास ! सुन्दरी प्रतियोगिताबारे तसलीमा नसरीन* ३४



- **नेपालमा भूमिसुधार कसरी गरिनुपर्छ ?**
  *-प्रसिद्ध अर्थविद् र नेताहरुबीच अन्तर्क्रियाको रिपोर्ट* २२
- **अरुण-३ को विकल्प के ?**
  *-डा. हरिमान श्रेष्ठको विचार* ३८
- **किन रुसको साइबेरियामा झुम्मिँदैछन् पश्चिमेलीहरु ?** ४१
- **किड्नी प्रत्यारोपणको नाममा कतै अंग व्यापार त भैरहेको छैन ?** २७

## विश्व-क्रान्ति-योद्धा क. चे ग्वेभाराको धारावाहिक जीवनी-३

१८


**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईटेल
**सह-सम्पादक**
राजेन्द्र महर्जन

**बजार व्यवस्थापक**
श्याम खड्का
**कार्यालय व्यवस्थापन तथा लेखा**
वीरप्रसाद भंसारी
**व्यवस्थापन सहयोगी**
दुर्गा खड्का



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

सम्पर्क कार्यालय
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन प्रा.लि.
न्हूसाल, भोछें, ख- २,२३७
काठमाडौं-२३
फोन: २३३ ५६३
पो. ब. नं. ७०५०, काठमाडौं



**हाम्रो मूल्यांकन** ४
कांग्रेस-राप्रपा गठबन्धनपछि वामपन्थीहरुले के गर्नुपर्छ ?
**घटना र प्रवृत्ति** ३९
क. गोञ्जालो जीवन रक्षार्थ जुलूस
राष्ट्रिय कविता गोष्ठी ४०
**नीति/संस्कृति** २९
दोहोरो मापदण्ड- चन्द्रदेव नेपाली
**साहित्य** ३०
हरिशंकर परसाईका दुई व्यंग्यहरु
**पर्दा/रंगमंच** ३३
'सामना' को कार्यक्रमका सवल र दुर्वल पक्ष
**पाठकको कुरो** ४२



## नव युवा मासिक

युवाहरूको निम्ति ज्ञानवर्धक, जीवनमुखी र प्रगतिमुखी एक मासिक प्रकाशन शुरू गर्नेबारे हामीले यसअघि पनि पाठकवर्गमा सूचना गरेका थियौं । विविध कारणवश यस योजनालाई कार्यान्वियन गर्न सकेनौं । यसैबीच, हामीले यसको प्रकाशन दर्ताको कार्य संपन्न गरिसकेका छौं र अब प्रकाशनको तयारी भइरहेको छ ।

मूल्यांकनको सहकर्मी

नव युवा मासिक

*आगामी पुस १५ गते यसको पहिलो अंक प्रकाशित हुँदैछ !*

युवाहरूको निमित्त बढी उपयोगी बनाउन यसमा तपाई के कस्ता सामग्रीहरू चाहनुहुन्छ ? हामीलाई लेखी पठाउनुहोस् ।

अन्तर्क्रिया प्रकाशन प्रा.लि.



**आवरण फोटो : प्रधानमन्त्री मनमोहन अधिकारी अस्पतालको शैयाबाट संसद्लाई संबोधान गर्नुहुँदै/फोटोः एबीसी फोटोज/आवरण कलाः आईडियल डिजाइनर्सभित्री पृष्ठका फोटोहरुः उषा, एल्भीस जोशी, क्षीतिज अरुण श्रेष्ठ/कम्प्युटरः माईक्रोचिप्स, बागबजार/मुद्रणः इन्द्रेणी अफसेट प्रेस**

# देशमा कांग्रेस-राप्रपाको गठबन्धन कायम भएपछि....
# अब वामपन्थीहरुले के गर्नुपर्छ ?



अहिले देशमा कांग्रेस, राप्रपा र सद्भावना पार्टीको मिलीजुली सरकार कायम भएको छ । जुन शक्ति २०४६ सालसम्म संपूर्ण प्रजातान्त्रिक आन्दोलनको मुख्य शत्रुका रूपमा रहेको थियो, त्यही निरंकुशतावादी शक्तिलाई नेपाली कांग्रेसले अहिले रातो तूल विछ्याएर सिंहदर्वारभित्र भित्र्याएको छ, सिर्फ आफू प्रधानमंत्री र मन्त्रीको घुम्ने मेचमाथि विराजमान हुनका लागि ।

के नेपाली कांग्रेसले यति छिटै विर्सियो कि- सरोज कोइरालाको हत्यारा को थियो ? राम लक्ष्मण आदि थुप्रै कांग्रेसी नेता- कार्यकर्तालाई मार्ने को थिए ? आखिर ३० वर्षसम्म उनीहरू कुन शक्तिविरूद्ध केका लागि लडेका थिए ?

यो गठबन्धनले देखाएको छ- नेपाली कांग्रेसले हिजोका आफ्ना सारा आदर्शहरू पूरापूर भुलिसक्यो । अब उसको एउटै लक्ष्य बाँकी रहेको छ, त्यो हो- कुर्सी । कुर्सीमा जानका लागि अब ऊ नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली जनताको कुनै पनि दुश्मनसित पनि हातेमालो गर्न तयार छ । उसलाई सुर्ता फगत सत्ताको छ, सिद्धान्तको छैन ।

नेपाली कांग्रेसको यो कामले प्रजातान्त्रिक आन्दोलनका लागि हालसम्म आफ्नो जीवन नै उत्सर्ग गरेका तमाम शहीदहरूको रगतको खिल्ली उडेको छ। के ०४६ सालमा सैयौं सपूतहरूले यस कारणले आफ्नो अमूल्य रगत सडकमा बगाएका थिए कि- ०५२ सालमा तिनलाई गोली दाग्नेहरू फेरि शासक भएर यो देशको हालीमुहाली चलाउन् ?

नेपालको बिडम्बना के हो भने, एमालेले गएको जेठमा वार्ता शुरू गरेर विटुलो राप्रपालाई सुन-पानी छम्केर चोख्यायो, कांग्रेसले अहिले उसलाई विहे नै गरेर घरभित्रै भित्र्यायो । ०४६ सालको जनआन्दोलनको लक्ष्यप्रति यो भन्दा ठूलो घात अरू के हुन सक्छ ?

नेपाली जनता, यहाँका संपूर्ण गरीखाने श्रमिक तथा उत्पीडित वर्गको लागि यो चुसाहा र बसीखानेहरूको संयुक्त सरकार तगारो र तरबार बनेर खडा छ । शोषण र अत्याचारबाट मुक्ति पाउन अघि बढ्दा चुसी खाने र बसीखानेहरूको स्वार्थमा धक्का पर्छ। उनीहरू तगारो बनेर छेक्न आउँछन् र तगारो भत्काएर अघि बढ्न खोज्यो भने, तरबारले छप्काउन खोज्छन् । पंचायत कालको तीस वर्षमा यस्तै भयो । कांग्रेसी तीन वर्षले त जनता मार्ने मामलामा तीस वर्षे पंचायतलाई समेत उछिन्यो । अहिले मूलतः तिनै दुई थरीको मिलीजुली सरकार देशमा आएको छ । यो स्थितिमा देश र यहाँका गरीखाने जनताको भविष्य कस्तो होला, सहजै पूर्व अनुमान गर्न सकिन्छ।

हाम्रो मुलुकमा गरी खानेहरूको मुक्ति-संघर्ष अझै जारी छ। सिंगै राष्ट्र असमान सन्धिहरूको भोटे सांग्लोबाट छुट्कारा पाउन अहिले पनि लडिरहेछ । जनताको मुक्ति र क्रान्तिको चाहनालाई तुहाउन चुसाहाहरू अक्सरतया साना मसिना सुधारको स्वाङ गर्छन् । आफ्नो हिंस्रक अनुहारलाई उनीहरू सुधारकै मकुण्डोले छोपछाप पार्ने प्रयत्न गर्छन् । विगतमा यस्तै गरिएको थियो । अव पनि उनीहरूबाट यही हुनेवाला देखिन्छ।

चुसिएका-ठगिएका वर्गहरूले चुस्ने-ठग्नेहरूले बेलाबेलामा गर्ने सुधारका यस्ता स्वाङ र भ्रमलाई राम्ररी केलाएर हेर्नु जरूरी छ- वास्तवमा त्यसको पछाडि के नियत लुकेको छ ? यस्ता स्वाङे सुधारहरूलाई नांगेझार पार्नु जरूरी छ। यहाँका क्रान्तिकारी वामपन्थी पार्टीहरूको एउटा मूल दायित्व यो हो कि- उनीहरू चुस्ने-ठग्ने वर्गका ढोंगी सुधारका भ्रमहरूलाई च्यातच्यूत पारेर बेनकाव पारीदिउन् ।

संघर्ष नै मुक्तिको मुख्य मन्त्र हो । एकता नै मुक्ति चाहनेहरूको मुख्य बल हो । त्यसैले देशको अहिलेको जरूरत भनेको शोषण र अन्यायका मुख्य स्रोतहरूको विरूद्ध एकतावद्ध संघर्ष हो । हाम्रो मुलुकको कटु यथार्थ चाहिं के हो भने, यहाँ क्रान्ति र मुक्ति चाहनेहरू नै विभिन्न साइनवोर्डमा बाँडिएका छन् र आपसमै जुध्न व्यस्त छन् । हाम्रो यो स्थिति चुसाहा फटाहाहरूको निम्ति दीर्घायुको बरदान सरह भएको छ । यही विभाजनलाई अन्त गर्नु र शोषण एवं अन्यायका मुख्य मुहानहरूको विरूद्ध एक गठ हुनु आजको सबैभन्दा ठूलो चुनौती हो ।

हाम्रो मूल्याङ्कन



यहाँका क्रान्तिकारी पार्टीहरूले के यो चुनौतिको सामना गर्ने बुद्धिमानी देखाउन सक्छन् ? उनीहरू- प्रतिक्रियावादीहरूको यो मिलीजुली सरकारको छातामुनि यहाँका वसीखानेहरूले गर्ने शोषण र अन्यायका हरेक घटनामा एकतावद्ध संघर्ष उठान गर्न अगुवाई गर्न सक्छन् ?

सिंगै राष्ट्र अहिले यही पहलको र अगुवाइको प्रतीक्षामा छ ।

एकातिर, स्वाङ र भ्रमहरूको पर्दाफास, अर्कोतिर शोषण र अन्यायका कुनै पनि घटना र मूल मुहान विरूद्ध एकतावद्ध जन-संघर्ष, यतिखेरको प्रमुख आवश्यकता यही हो । नेपालका वाम शक्तिहरूले यही आवश्यकता पूरा गर्न आफ्नो बुद्धि र बर्कत प्रदर्शन गर्नु परेको छ । यस्तो हुन सक्यो भने
प्रतिक्रियावादीहरूको हालीमुहाली
छिटै अन्त हुनु अवश्यंभावी छ ।

# संवैधानिक 'कू'द्वारा एमाले सत्ताच्यूत

## आखिर किन र कसरी ? के होला यसको परिणाम ?

## अब देशको भविष्य कस्तो होला ?

- कसरी बढ्यो सत्ताच्यूत गर्ने घटनाक्रम ?
- एमाले आफू सत्ताच्यूत भएपछि कसरी सोचिरहेछ ?
- यो घटनाबारे अरू पार्टीहरू के भन्छन् ?

- कति निर्दयी र अमानवीय छन्- कांग्रेस र राप्रपाहरू ?
- नयाँ सरकारका दश नयाँ नीतिहरू : कति नयाँ छन् र कति प्रगतिमुखी छन् ?

सरकारमा आएको नौ महीनामै, आफ्नो पहिलो पूर्णांग बजेट र कार्यक्रम नै संसदमा पेश गर्न नभ्याउँदै, नेपालको पहिलो वाम सरकारलाई यहाँका संपूर्ण दक्षिणपन्थी शक्तिहरु मिलेर गत भदौं २५ गते अपदस्थ गरे । प्रतिनिधि सभामा ८८ का विरुद्ध १०७ मतद्वारा पारित "अविश्वासको प्रस्ताव" नै एमाले सरकारको असामयिक अन्तको लागि दिब्यास्त्र बन्यो ।

२६ गते प्रधानमन्त्रीको रुपमा नेपाली कांग्रसका संसदीय दलका नेता ४९ वर्षीय शेरबहादुर देउवा छानिए । मन्त्री नपाउने सांसदले विश्वासको मत लिने बेलामा घात गर्लान् कि भनेर डराएर २७ गते सिर्फ पाँच जनाको मन्त्री मण्डलको घोषणा गरियो, जसमा १८ वटा मंत्रालय त खालि देउवाको भागमा मात्र परेको छ ।

देउवा-सरकारको पहिलो दिनको पहिलो कदम रेडियो नेपालबाट हरेक विहान प्रसारित हुने जन-चेतनामूलक कार्यक्रम "जागृति गान" बन्द गर्नुबाट शुरु भएको छ (पछि फेरि यो कार्यक्रम राप्रपा-मंत्रीको दवाबबाट चालु गर्न थालिएको छ) । सोही दिन महिला अस्मिताको रक्षाको निमित्त विरोध प्रदर्शन गरिरहेका महिला नेतृ तथा कार्यकर्ताहरुलाई लछार पछार गर्ने र लाठी चार्जसम्म गर्ने काम नयाँ सरकारले गरेको छ । यो जनताको जागरणका लागि समर्पित प्रगतिशील संगीत कार्यक्रम बन्द गर्ने षड्यन्त्रको संकेतले र यो दमन कार्यले नै औंल्याएको छ- अब देशको भविष्य कता डोरिनेवाला छ ?

संसदको नवौं अधिवेशन भदौ २९ गतेदेखि डाकिएको छ । दक्षिणपन्थी गठबन्धन सरकारले यो अधिवेशनमा फेरि अर्को आफ्नै वार्षिक बजेट पेश गर्दैछ, साथसाथै, आफ्नै नीति र कार्यक्रम पनि । विश्वासको मत प्राप्त नगरुञ्जेल आफ्ना वरपरका सांसदहरु सबैलाई मन्त्री बनाउने सपना बाँडिएको बुझिएको छ ।


यसरी नेपालमा एउटा शान्तिपूर्ण संवैधानिक 'कू'द्वारा एमाले सरकारलाई धराशायी पार्ने काम संपन्न गरिएको छ ।

कुनै जायज र न्यायपूर्ण कारणबिना नै अकस्मात बलपूर्वक सत्ता खोस्ने प्रयत्नको नाम नै 'कू' हो । एमाले सरकारका संबन्धमा पनि यही भएको छ । तर सत्ता खोस्न षडयन्त्र गर्नेहरु सबै संवैधानिक निकायहरु देखिएका छन्, जस्तो- दरबार, अदालत र संसद्का विपक्षहरु । र, उनीहरुले अप्नाएको साधन 'अविश्वासको प्रस्ताव' को प्रावधान पनि विल्कूलै संवैधानिक उपाय हो । परन्तु 'अविश्वासको प्रस्ताव' पारित गर्न अविश्वास गर्नुपर्ने तथ्यपूर्ण, जायज र न्यायसम्मत आधार त हुनुपर्‍यो नि ! त्यस्तो कुनै एउटा आधार पनि प्रतिक्रियावादी विपक्षसित भएको देखिएन । डकैतीमा मरेका र जाँड खाएर मान्छे मरेको घटनालाई लिएर पनि 'एमालेको राज्य आतंक' भन्ने आरोप लगाउनु र त्यस्तै मनगढन्त आरोपका भरमा 'अविश्वासको प्रस्ताव' पास गर्ने जमर्को गर्नुले 'अविश्वासको प्रस्ताव' भन्ने शब्दलाई नै बदनाम मात्र गराएको छ ।

खासैमा संसदमा प्रतिक्रियावादी विपक्षको संख्यात्मक बहुमत थियो, यही बहुमतको नाममा एमालेलाई जसरी पनि हटाएर आफू सत्तासीन हुन उनीहरुले अकस्मात र नाटकीय तवरले 'विशेष अधिवेशन' को षडयन्त्र रचे र बलजफ्ती सत्ताबाट यसलाई हटाए ।

यो 'कू'मा दरबार र अदालत दुवैले पूँजीवादी विपक्षलाई निकै दक्षतापूर्वक र संवैधानिक बाटो प्रयोग गरेर साथ दिएको प्रष्ट देखियो ।

संसदको नियमित अधिवेशन असार ११ गते डाकिसकिएको थियो । अविश्वासको प्रस्ताव नै पेश गर्नु थियो भने त्यो त्यहीं पेश गरे भइहाल्थ्यो । तर नेपाली कांग्रेसले षडयन्त्रमूलक ढंगले आफ्ना ७० जना सांसदहरुलाई



उनीहरुलाई
यसबाट स्वभावतः भय पैदा भयो, जुन समर्थन र शक्तिको आडमा हामी अडेका छौं,
कतै त्यो पनि पो एमालेले खोस्ने त होइन ?

भएको थियो । यसपटक त सर्वोच्च अदालतले पनि आफ्नो पूँजीवादी पक्षधरता निकै राम्ररी स्पष्ट पारेको छ । वामपन्थी शक्तिलाई परास्त गर्ने सवालमा अहं घडीमा यिनीहरु सबै कसरी एक गठ हुन्छन्, त्यो पनि यो घटनाले छर्लङ्ग पारेको छ ।

## कारणहरु

यी सबै प्रतिक्रियावादीहरु किन यति छिटै एमाले सरकारलाई अपदस्थ गर्न अताल्लिए त ? किन उनीहरुले सत्ताच्यूत गर्न यही समय रोजे ?

एमाले सरकारले कम्युनिष्ट चरित्रका क्रान्तिकारी कदमहरु चाल्न थालेको थियो, त्यसैले उनीहरु हतारिए- यो पटक्कै होइन । एमालेले त्यस्तो कुनै कदम पनि चालिरहेको थिएन । एमालेका सारा कदमहरु पूँजीवादी सुधारबादी चरित्रका थिए ।

तथापि, यसअघि कुनै प्रतिक्रियावादी शक्तिले पनि यस हदका सुधारका कामहरु समेत नगरेकोले - एमालेका तिनै सुधारवादी कामहरुले पनि जनतामा निकै आकर्षण र आशा पैदा गरे । वृद्धहरुलाई १०० रुपियाँ भत्ता, आफ्नो गाउँ आफैं बनाउँ कार्यक्रम, सुकुम्बासी जग्गा वितरण कार्यक्रम जनताबीच सर्वाधिक लोकप्रिय कार्यक्रम ठहरिए । एमालेका यी र अन्य सबै सुधारका कामहरुले कांग्रेस, राप्रपा र सद्भावनाको निम्ति सर्वत्र अस्तित्वको संकट पैदा गरेको देखियो । एमालेलाई यही रीतले अरु चार वर्ष निष्कण्टक सुधारका कामहरु गर्न छोडिदिने हो भने उनीहरुको टिक्ने-बाँच्ने जनाधार सबैतिर भताभुंग हुने



निश्चित देखियो । एमालेलाई नै मध्यावधि चुनाव गराउने अवसर दिने हो भने पनि उसले स्पष्ट बहुमत ल्याउने कुरा निश्चित देखियो ।

यही अस्तित्वको संकट नै एउटा मुख्य कारण थियो, जसले गर्दा कांग्रेस, राप्रपा र सद्भावना पार्टीहरु एमाले सरकारलाई तुरुन्तै धराशायी गर्न अताल्लिए । एमालेलाई संसद्मा पहिलो पूर्णांग बजेट र कार्यक्रम पेश गर्न दिने धैर्य समेत उनीहरुसित बाँकी रहेन र संसद्को नियमित अधिवेशन घोषणा गरिसकेपछि कतै नयाँ बजेट र कार्यक्रममा एमालेले अरु लोकिप्रय कार्यक्रम र नीति नै त घोषणा गरिहाल्ने होइन ?- बस्, यही भयले उनीहरु अगाडि नै विशेष अधिवेशनद्वारा एमाले सरकारलाई तुरुन्तै खत्तम पार्न उद्यत भए ।

दरबार, ठूला-मझौला पूँजीपति वर्ग र साम्राज्यवादी मुलुकहरुलाई खुशी पार्न खोज्ने एमालेको दाउपेंचले पनि उनीहरुको अस्तित्वमाथि थप खतरा पैदा गऱ्यो । अरुण तेस्रोका सारा शर्तहरु मान्नु, बजेटमा ठूला र मझौला पूँजीपति वर्गलाई खुशी पार्न आयकर, अन्तः शुल्क र भन्सार महशूल घटाउनु, राजाको जन्मोत्सव धूमधामसाथ मनाउन निर्देशन गर्नु- यी र यस्ता सारा कदमहरुले- यसको छनक प्रष्ट रुपमा दिए । उनीहरुलाई यसबाट स्वभावतः भय पैदा भयो, जुन समर्थन र शक्तिको आडमा हामी अडेका छौं, कतै त्यो पनि पो एमालेले खोस्ने त होइन ?

यिनै कारणले कांग्रेस, राप्रपा र सद्भावनाका चरम प्रतिक्रियावादीहरु तुरुन्तै एमाले संकारको अन्तका निम्ति हतारिए । परन्तु उनीहरु हतारिँदैमा एमाले सरकारको अन्त भइहाल्ने स्थिति नहुन पनि संभव थियो ।

उनीहरुले चाहना गर्नासाथ एमाले सरकार तुरुन्तै गिरिहाल्ने स्थिति एमालेकै सत्तास्वार्थमुखी अहंकारपूर्ण र अलगावमुखी कार्यनीतिले गर्दा भयो । आफ्नै गलत दाउपेंचले गर्दा एमाले नौं महीनामै चारैतिरबाट एक्लियो । सारा वामपन्थी शक्तिहरु एमालेविरुद्ध सडकमा उत्रनु पर्ने स्थिति एमाले नेतृत्व आफैले पैदा गऱ्यो- विद्युत प्राधिकरणको पर्खालमा नारा लेख्ने घटनामा र उदयपुर काण्डमा । सीपी मैनाली निस्काशन काण्डबाट एमालेभित्रैको निकै ठूलो जत्था एमाले सरकारको व्यवहारप्रति हदैसम्म रुष्ट हुने विन्दुमा पुग्यो । जब एमाले चारैतिरबाट एक्लिने प्रक्रिया पूरा भयो, प्रतिक्रियावादीहरुले यही अवसरलाई एमाले सरकारलाई अन्त गर्ने सबैभन्दा अनुकूल अवसर बनाए ।

एमालेले चरम प्रतिक्रियावादी नेपाली जनताका वर्ग-दुश्मनहरुलाई मात्र एक्ल्याउने, वामपन्थी शक्तिलाई मुख्य साथी बनाउने र उदार खालका देशभक्त र प्रजातन्त्रवादी तत्वलाई पक्षमा तान्ने कार्यनीति अप्नाउनु पर्थ्यो ।



## कति निर्दयी-अमानवीय छन्, कांग्रेस र राप्रपाहरु !

प्र.मं. मनमोहन अधिकारी हेलिकोप्टर दुर्घटनामा परी उहाँको कलरबोन भाँचिएर उहाँ घाइते भएको कुरा जगजाहेर छ । डाक्टरहरुले पछि के पनि पत्ता लगाए भने, उहाँको नवौं भर्टेब्रा पनि भाँचिएको छ । त्यो भाँचिनुको कारण उहाँले ठ्याम्मै बस्न र उठ्न हुँदैन । त्यसो गरेमा उहाँको पिसाब नै बन्द हुने र खुट्टामा प्यारालाइसिस् हुने खतरा हुन्छ । त्यसैले, उहाँले तीन हप्ता पूरै अस्पतालको शैय्यामा लेटिरहनु पर्छ, उहाँको उपचार भनेकै त्यही हो ।

उहाँको उपचारमा संलग्न शिक्षण अस्पताल महाराजगंजका डाक्टरहरुको प्यानेलले यो ठहर गऱ्यो । त्यसैले, डाक्टरहरुले प्र.मं. अधिकारीलाई अविश्वासको प्रस्तावको जवाफ दिन संसदमा जाने अनुमति तीन हप्तापछि मात्र दिनसक्ने बताए ।

प्र.मं अधिकारीले यही व्यहोरोको लिखित अनुरोध राजालाई गर्नुभयो, सभामुखलाई पनि, र संपूर्ण सांसद्हरुलाई पनि । अविश्वासको प्रस्ताव प्रममाथि थियो । त्यसैले त्यसको जवाफ प्रमले नै दिने माग गर्नु कुनै नाजायज कुरो थिएन । त्यसमाथि प्रमको स्वास्थ्य स्थिति त उहाँको नियन्त्रणभन्दा बाहिरको कुरा थियो । त्यसैले, उहाँको निवेदन त मानवीय आधारमा पनि नितान्त विचारयोग्य थियो ।

तर संवैधानिक राजाबाट ससंसदीय व्यवस्थाका सर्वाधिकारसंपन्न प्रमको, त्यसमाथि पनि सख्त घाइते अवस्थाको प्रमको, त्यो मानवीय अनुरोधलाई सरासर लत्याउने कार्य भयो । सभामुख र कांग्रेस-राप्रपा-सद्भावनाका सारा सांसदहरु जसरी होस् छिटोभन्दा छिटो सत्ता हत्याउन मात्र आतुर देखिए । सत्ताले अन्धो बनाएका उनीहरुमध्ये कसैले पनि यो मानवीय अनुरोधलाई स्वीकार्न मानेनन् । बरु उल्टो, डाक्टरहरुले राजनीति गरेको आरोप लगाए ।

सुप्रशिद्ध डाक्टर सुन्दरमणि दीक्षित र रामप्रसाद उप्रेतीले सरासर डाक्टरहरुप्रति लगाइएको यस आरोपमाथि चुनौति दिनुभयो । उहाँहरुले विदेशबाट डाक्टर ल्याएर प्रमको स्वास्थ्य परीक्षण गर्ने र नेपाली डाक्टरहरुको ठहर झूठो ठहरिएमा डाक्टर र प्र.मं दुवैमाथि सख्त कार्वाही गर्न माग गर्नुभयो ।

तर यो अपीलबाट पनि सत्तान्धताले पत्थर बनाएको कांग्रेस, राप्रपा र सद्भावनाको दिल पग्लेन । उनीहरु अविश्वासको मतदानको दिनलाई फगत भदौ २४ को सट्टामा २५ गते सार्न मात्र तयार भए, प्रमले आफ्नो जवाफ त्यही दिन टेलिभिजनमार्फत नै दिने शर्तमा ।

आखिर २५ गते, जब सख्त घाइते प्र.मं अविश्वासको प्रस्तावमा लगाइएका आरोपहरुको जवाफ सकी नसकी अस्पताल शैय्याबाटै दिँदै हुनुहुन्थ्यो, नेपालको मानवताको संपूर्ण आदर्श लज्जित भएर टाउको निहुराउन बाध्य भइरहेको थियो । त्यो दर्दनाक दृश्यले सायद पूँजीवादी पार्टीहरुलाई प्रश्न खडा गरिरहेको थियो- खै तिम्रो बर्जुवा मानवतावाद कता गयो ? के त्यो अब मऱ्यो ? कति निर्दयी र अमानवीय- यी कांग्रेस र राप्रपाहरु ? के यिनीहरुको दिलमा मानवताको नामोनिशान छैन ?






हतार हतार एमालेलाई सत्ताबाट तल झारेर 'माथि' पुगेका तीन पार्टीहरु

यस्तो गर्न सकिन्थ्यो पनि । यो कार्यनीतिबाट वामशक्ति त एक गठ हुन्थ्यो-हुन्थ्यो, कांग्रेस र राप्रपाका पनि चरम प्रतिक्रियावादीहरु एक्लिन सक्थे । त्यो स्थितिमा गिरिजा र सूर्यबहादुर जस्ता चरम प्रतिक्रियावादी तत्वहरुको एमालेलाई अपदस्थ गर्ने कुनै तागत हुँदैनथ्यो । व्यापक एकताको यो कार्यनीति अप्नाउन सरकारमा र नीति निर्णयमा सबै मित्रशक्तिहरुलाई निरन्तर सहभागी गराउने पद्धति अप्नाउनु जरुरी हुन्थ्यो । सत्ता र नीति निर्णयमा आफ्नो सहभागिता छ भन्ने वोध मित्र शक्तिहरुलाई भएपछि- सारा शक्ति एमाले संगसँगै गोलवन्द हुन्थ्यो । त्यो स्थितिमा के कांग्रेस र राप्रपाको अहिले जस्तो दाउ गर्ने हैसियत रहन्थ्यो ?

तर एमाले नेतृत्वले यस्तो गरेन । सरकारमा पुग्दा एमालेले सारा मित्र शक्तिलाई पूरापूर बिर्सियो । उसले ऊ अल्पमतको सरकार हो भन्ने तथ्य नै बिर्सियो । उसले आफ्नो एउटा सानो बैचारिक जत्थाको स्वार्थपूर्ति गर्ने कार्यनीति मात्र अप्नायो । पार्टीभित्रै समेत भिन्नमतलाई समेट्ने पद्धति अप्नाएन । सत्तास्वार्थ र ठूलो शक्ति अहंकारले अन्धो पार्‍यो- एमाले नेतृत्वलाई । नतीजा के भयो भने- सबै मित्रहरुले एकएक गर्दै एमालेलाई छोड्दै लगे, वर्ग दुश्मनले, जतिसुकै खुशी पार्न खोजे पनि, द्वैत ब्यवहार गरिरहेको एमालेलाई पत्याएन । परिणाममा एमाले चारैतिरबाट विल्कूलै एक्लो भयो । यही मौका पारेर देशी र बिदेशी प्रतिक्रियावादले एमालेलाई सत्ताको कुर्सीबाट हठात् तल ओराले ।

संसद्मा एमालेको अहिलेको अल्पमतको स्थिति पनि स्वयम् विगतको गल्तीको परिणाम मात्रै हो । यसको मूल कारण त गएको मध्यावधि चुनावमा एमाले नेतृत्वले अप्नाएको अहंकारपूर्ण र अलगावमुखी नीति थियो । अन्यथा, एमाले एक्लैले स्पष्ट बहुमत ल्याउने र संपूर्ण वामपन्थी र प्रजातान्त्रिक शक्ति मिलेर दुई तिहाई बहुमत ल्याउने संभावना गएको चुनावमा नै विद्यमान थियो । यसनिम्ति वाम वौद्धिकहरुको तर्फबाट ठोस पहल समेत भएको थियो । तर एमालेले त्यो कुरा स्वीकार गरेन ।

अहिले देश सिंगै र एमाले आफैं अल्पमतको स्थितिमा वामपन्थीहरु संसदमा हुनुको पीडा भोग्दैछ ।

तर इतिहासबाट पाठ मात्र सिक्न सकिन्छ, इतिहास नै उल्ट्याउन चाहिं सकिन्न । वर्तमानबाट सही पाठ सिक्न सकियो भने, थुप्रै नोक्सानीका बाबजूद, स्थिति फेरि सल्ट्याउन र सकारात्मक दिशामा लान संभव छ ।

## स्थितिहरु र संभावनाहरु

अहिलेको घटना सारमा, वामपन्थी शक्तिद्वारा गरिएको पूँजीवादी सुधारले गर्दा अस्तित्व नै संकटमा परेको सत्तातुर देशीय प्रतिक्रियावादको अस्तित्व बचाउने र फेरि सत्तारुढ हुने जमर्को हो ।

त्यसैले, कांग्रेस, राप्रपा र सद्भावनाको गठबन्धन सरकारले अस्तित्व बचाउन र टिक्नको लागि पनि एमालेसँग सुधारको प्रतिस्पर्धा गर्नुपर्ने स्थिति पैदा भएको छ । यसबाट नेपालमा केही समय सुधारका कार्यक्रमको प्रतिस्पर्धा चल्नेछ, चाहे त्यो ढोंगी नै किन नहोस् । प्रतिक्रियावादी गठबन्धन सरकारले न त बृद्धभत्ता खारेज गर्न सक्नेछ, न आफ्नो गाउँ आफैं बनाउँ कार्यक्रम, न सुकुम्बासी जग्गा वितरण कार्यक्रम, न अन्य कुनै जनमुखी कार्यक्रम । आफ्नो पहिचान कायम गर्नको लागि उसले यसमा केही मात्रात्मक फेरबदल र परिमार्जन ल्याउनु पर्ने र केही नयाँ कार्यक्रम समेत घोषित गर्नु पर्ने बाध्यता छ ।

जनताको जीवनस्तरको हिसाबबाट यस्तो हुनु बेठकि कुरा हुँदैन । तर यी सुधारका पछाडिको ढोंग र नियत एवं सुधारको पर्दा पछाडि हुने भ्रष्टाचारको भने अत्यन्त दक्षताका साथ पर्दाफास हुनु जरुरी छ ।

नेपालको वर्ग संघर्षको हिसाबले यो प्रतिक्रियावादी गठबन्धन सरकार बन्नुबाट नेपाली जनताको वर्ग संघर्ष सबैभन्दा प्रतिकूल स्थितिमा पर्नेछ । सबै प्रतिक्रियावादीहरु एउटै सत्ताको छातामुनि एक ढीका हुनुबाट प्रतिक्रियावादीहरुको दमनकारी शक्ति अझ प्रखर र बलियो हुनेछ । समाजका न्यायकामी प्रगतिशील शक्तिहरुको कार्यनीति यो गठबन्धनलाई फोर्ने वा कमजोर पार्ने हुनुपर्छ । त्यस्तो गर्नसक्ने स्थिति छ पनि ।

एमालेलाई जसरी होस् तुरुन्त

## नयाँ सरकारका दश नयाँ नीतिहरु, कति नयाँ छन् र कति प्रगतिमुखी छन् ?

यही भदौ २६ गते, देउवा प्र.मं. घोषित भएको पहिलो दिन, मिलीजुली सरकारले अवलम्बन गर्ने '१० सूत्रीय' नयाँ 'लक्ष्य तथा नीति'को सार्वजनिक घोषणा गरिएको छ ।

तर शेरबहादुर देउवा, लोकेन्द्रबहादुर चन्द, र गजेन्द्रनारायण सिंहद्वारा हस्ताक्षरित ती नयाँ नीतिहरु वास्तवमा न त नयाँ नै देखिन्छन्, न समाजलाई प्रगतिको दिशामा लैजाने खालका नै ।

नेपाली जनताको राष्ट्रियताको भावना बुझेर उनीहरुले त्यो भावनालाई दोहन गर्न वक्तव्यमा 'नेपाल अधिराज्यको स्वतन्त्रता, राष्ट्रियता अखण्डता र सार्वभौमिकताको संरक्षण गर्नु' लाई नयाँ सरकारको कर्तव्य बताएका छन् । तर जुन जुन विगतका सन्धी-संझौताले नेपालको स्वतन्त्रता, राष्ट्रिय अखण्डता र सार्वभौमिकतालाई सारै सीमित र संकुचित पारिसकेका छन्, त्यसलाई अन्त गर्न दृढ कदम चाल्ने नीति चाहिं वक्तब्यमा कतै उल्लेख छैन । अनि कसरी हुनेछ त नेपालको स्वतन्त्रता र प्रभूसत्ताको संरक्षण ?

'सबै जाति, धर्म र संप्रदायको सन्तुलित उत्थान एवं समानुपातिक अवसर' को नीति वक्तव्यमा अघि सारिएको छ । तर अहिले नेपालमा भइरहेको एक जाति, एक भाषा र एक धर्म विशेषाधिकार अन्त गर्ने नीति चाहिं वक्तव्यमा कहीं कतै उल्लेख गरिएको भेटिन्न । यो विशेषाधिकारको अन्त नै नभइकन कसरी सबै जाति र धर्मले विकासको समान अवसर पाउलान् ?- वक्तव्य यो सवालमा पूरै मौन छ ।

नयाँ नीतिमा 'निरपेक्ष गरीबीको रेखामुनि रहेका नेपालीहरु', 'गाउँमा रहने शोषित, उपेक्षित, आधारभूत मानवोचित सुविधाहरुबाट बंचित रहेका समूह' प्रति विकासको कार्यक्रम लक्षित रहने सुन्दर बाचा गरिएको छ । गरीबी निवारणलाई प्राथमिकता दिने प्रतिज्ञा गरिएको छ ।

आफैंमा यो निकै राम्रो प्रतिज्ञा हो । तर यो बाचा पूरा गर्छु भन्नेहरुले अर्थतन्त्र अप्नाउन लागेका छन्- 'उदार बजारमुखी', जसमा राज्य फगत तमासे हुन्छ, उसको बजारमा कुनै नियन्त्रणकारी भूमिका नै रहन्न । अर्थतन्त्रको सारा नियन्त्रणको लगाम बजारको हातमा अर्थात् उद्योगपति र व्यापारीको हातमा रहन्छ । यस्तो अर्थतन्त्रबाट गरीबी निवारण हुन्छ कसरी ? कसरी गाउँका शोषित पीडीतहरुले यो अर्थतन्त्रमा उँभो लाग्ने अवसर पाउँछन् ? यसबाट त उल्टो, गरीबी अरु बढ्नेछ, शोषण अरु तीव्र हुनेछ ।

वक्तव्यमा 'प्रजातान्त्रिक मूल्य मान्यता र नैतिकतामा आधारित राजनीतिक संस्कार' विकास गर्ने प्रतिवद्धता जाहेर गरिएको छ । प्रतिपक्षको सम्मान गर्ने बाचा गरिएको छ । तर सरकारमा आएको पहिलो दिनमै सौन्दर्य प्रतियोगिताको विरोध गर्ने सचेत महिला प्रतिपक्षमाथि निर्मम लाठी चार्ज गरिएको छ, त्यो पनि काठमाडौंमै । जनचेतनामूलक प्रगतिशील गीति कार्यक्रम 'जागृति गान' रेडियो नेपालबाट प्रसारण बन्द गर्ने षड्यन्त्र थालिएको छ । यो कस्तो सम्मान भयो त प्रजातान्त्रिक मूल्य मान्यताको ? यो कस्तो सम्मान हो, प्रतिपक्षको ?

यसरी नयाँ सरकारका दश नीतिहरु बिल्कूलै ढोंगी र अन्तरविरोधी देखिएका छन् । के यो ढोंग र अन्तरविरोध च्यातच्यूत पारेर फाल्ने हिम्मत नयाँ सरकारसित छ ? अन्यथा, यो दस्तावेज सो-केसमा सजाइएको सुन्दर तर कृत्रिम फलफूलजस्तो मात्र हुनेछ, जुन देख्नलाई त राम्रा हुन्छन् तर भोकलाग्दा त्यसले कुनै कामै दिंदैन ।

सत्ताच्यूत गर्नुपर्छ र आफू सत्तामा आउनु पर्छ- बस्, यही साझा कुराले अहिले प्रतिक्रियावादीहरुलाई एकताबद्ध पारेको छ। तर यसको अर्को पाटो के पनि छ भने, जुन कुर्सी स्वार्थले उनीहरुलाई जोडेको छ, त्यही कुर्सीस्वार्थले उनीहरुलाई फोड्न पनि संभव छ। त्यसका लक्षणहरु अहिले नै देखा पर्न थालिसकेका पनि छन्।

शुरुमा पाँच जनाको मन्त्री परिषद् यसैको स्पष्ट प्रमाण हो, कि- कुर्सी पाएनन् भने, प्रतिक्रियावादी सांसदहरु भड्किन्छन् भन्ने कुरामा त्यसका नेताहरु विश्वस्त छन्। सांसदहरु बिक्री होलान् भनेर नेताहरुले उनीहरुलाई पत्यार नगरेर शंकर होटेल र घरघरमा संसदमा अविश्वास प्रस्ताव पारित हुनुअघि थुन्नु पनि उनीहरुको असली हालत र कमजोरीको संकेत हो।

तसर्थ, यो गठबन्धन सरकार एमालेले फाइदा उठाउला भनेर तुरुन्तै अन्त नभए पनि, धेरै समय टिक्नेवाला भने देखिन्न। आफ्नो सरकारको मातहतमा मध्यावधि चुनाव गरेर एकलौटी सरकार बनाउने दिशामा उनीहरु जान सक्ने संभावना टड्कारो छ। नेपालको इतिहासमा कुनै पनि गठबन्धन-सरकार दीगो भएको इतिहास छैन।

साम्राज्यवादी शक्तिसित राष्ट्रलाई नोक्सानी हुने सन्धि संझौताहरु हुने खतरा भने अहिले प्रवल भएको छ।

कमीशन स्वार्थले गर्दा अरुण तेस्रोलाई फेरि ल्याउन उनीहरुले भरमग्दुर प्रयत्न गर्ने निश्चित छ, यद्यपि त्यो तत्काल आउने संभावना भने निकै क्षीण छ, किनकि यो सरकार पनि त्यति दिगो नहुने प्रष्ट लक्षणहरु देखा परिरहेका छन्। बरु, अरुणका राष्ट्रघाती शर्तहरु अरु आयोजनामार्फत लादिने खतरा भने निकै टड्कारो छ। यस्तो भयो भने देशलाई यसले फेरि खाडलतिर लैजाने छ। तसर्थ यसमा प्रगतिशील शक्तिहरुले निकै होशियारीपूर्ण आँखा लगाउनु जरुरी भएको छ।

देउवाको सरकारले पहिलो प्राथमिकता देशको गरीबी, बेरोजगारी, गाँस, वास, कपासलाई दिएको छैन। उसले पहिलो प्राथमिकता- राजनैतिक स्थिरतालाई दिएको छ। गठबन्धन सरकारको भविष्य आफैं अस्थिर र अनिश्चित छ। यो स्थितिमा राजनैतिक स्थिरताको तात्पर्य के हुन सक्छ?

यसको अर्थ दुई वटा हुन सक्छ- एउटा, विपक्षमाथि र जनतामाथि व्यापक दमन र त्यसमार्फत आफ्नो सत्ताको स्थिरता। अर्को, जसरी होस् एकमना बहुमतको सरकार चाँडै गठन गर्ने प्रयत्न र त्यसमार्फत स्थिरता।

यी मध्ये कुनै पनि कुराले देशमा निरंकुशतन्त्र र दमन चर्को रुपमा हावी हुन सक्छ।

## पाठहरु

एमाले अहिले सत्ताच्यूत भएको छ। तर यसबाट नोक्सानी एमालेलाई मात्र भएको छैन, पूरै देश र संपूर्ण प्रगतिशील शक्तिलाई यसबाट हानी भएको छ। देशमा प्रतिक्रियावादी शक्तिको खाँडो जाग्नु भनेको पूरै राष्ट्र र जनताको प्रगतिको दिशामा तगारो खडा हुनु हो।



प्रतिक्रियावादीहरूले अब फेरि सडकमा पुऱ्याइदिएका छन् एमालेलाई

**अहिले अदालतले र संसदले त फैसला गरिसकेको छ र प्रष्टै भनिसकेको छ 'एमाले तँ नेकपा मशाल जस्तै बन्' ।**

त्यसैले, 'एमाले खत्तम भयो, खुच्चिङ' भनेर द्वेषको मानसिकता पाल्नु निकै नोक्सानीपूर्ण कुरा हुनेछ।

अविश्वासको प्रस्तावको दिन नेमकिपाका सांसद्हरुले जसरी द्वेषको मानसिकताबाट प्रेरित भएर तटस्थ बस्ने नीति लिनु भयो, त्यस्ता कामहरुले जम्माजम्मीमा प्रतिक्रियावादीहरुलाई मात्र भाले बनाउनेछन्। उहाँहरुको मत नै निर्णायक हुने स्थिति भएको भए त्यो तटस्थताले के परिणाम ल्याउँथ्यो?

यो घटनाले प्रष्टै देखाएको छ- सत्तास्वार्थमुखी, अहंकारवादी र अलगाववादी नीति र व्यवहारहरु कति हानीकारक छन् र व्यापक एकताको कार्यनीति कति सही र महत्वपूर्ण छ?

यो गठबन्धन धेरै टिक्नेवाला छैन, तर एमालेले आफ्नो विगत व्यवहारमा गंभीर आत्मसमीक्षा गरेर आफ्नो कमजोरी सच्याएन भने, ऊ फेरि सत्तामा आउनु त महाभारत हुनेछ नै; कथंकदाचित आइहाल्यो भने पनि- सत्ताच्यूतको घटना यो नै अन्तिम हुने छैन। यो फेरि अर्को रुपरंगमा पटकपटक दोहोरिरहने छ। देशमा प्रतिक्रियावादीहरुको हालीमुहाली एकछत्र छाइरहने छ।

यो घटनाले के पनि छर्लङ्ग देखाएको छ भने- संसदीय व्यवस्था अन्तर्गत गर्न सकिने कामको प्रष्ट सीमा छ। त्यसबाट सामाजिक क्रान्ति त टाढैको कुरा रह्यो, असली पूँजीवादी सुधारहरु समेत गर्न अति कठीन छ। अहिलेको सत्ताच्यूतको घटना आफैं एमालेले गरेका सुधारको प्रतिक्रियामा घटेको घटना हो। संसदमा बहुमत भएमा यो गर्न केही सजिलो हुनेछ होला नै, तर पुरानो राज्ययन्त्र मार्फत क्रान्तिकारी कार्यहरु गर्न नितान्त असंभव रहेछ भन्ने कुरा पनि अहिलेको घटनाले प्रष्टसित देखाएको छ। क्रान्ति संपन्न गर्नको लागि संसदीय होइन, गैर-संसदीय जनआन्दोलनको बाटो नै निर्णायक र मुख्य बाटो हो भन्ने कुरा अहिलेको घटनाले निकै राम्ररी देखाएको छ। संसदीय व्यवस्थामार्फत केही पनि गर्न सकिन्न भन्ने कुरा पनि होइन भन्ने तथ्य पनि यो घटनाले देखाएको छ। केही जनमुखी सुधारहरु वर्तमान राजनीतिक व्यवस्था र राज्ययन्त्रमार्फत पनि गर्न संभव रहेछन्। त्यो पनि एमाले सरकारको नौं महीनाले देखाएको छ।

एमाले अहिले चौरस्तामा उभिएको छ। ऊ क्रान्ति र प्रतिक्रान्ति, जनता र प्रतिक्रियावादको बीचमा खडा छ र दुलमुलाइरहेछ। सत्ताभोकले उसलाई बायाँभन्दा पनि दायाँ दिशातिर बेसी धकेलिरहेछ। तथापि ऊ अझै जम्माजम्मीमा प्रतिक्रियावादी भइसकेको छैन र जनताको पक्षमा नै रहेको छ भन्ने कुरा पनि यही घटनाले प्रष्ट पारेको छ।

तर अहिलेको घटनाले उसलाई अब दुईमध्ये एक बाटो छिटो रोज्न बाध्य पार्दैछ। उसले संसदीय बाटो रोज्ने हो भने संसदीय व्यवस्थामा यस्तै पक्षपात, जालझेल, छक्का पंजा सबै स्वाभाविक हुन्छ भनेर यसलाई सहज रुपमा स्वीकार्दै जसरी होस् आफूले पनि त्यस्तै काम गर्दै फेरि पनि सत्ताकै निमित्त मात्र मरिमेट्ने बाटो लिनु पर्ने हुन्छ। हैन, क्रान्तिकारी बाटो लिने हो भने- संसदीय बाटोलाई बिल्कूलै सहायक र गौण बाटो मात्र बनाउनु पर्ने हुन्छ, मूल बाटो जनआन्दोलन र सडकलाई बनाउनु पर्ने हुन्छ।

एमालेको पाँचौ महाधिवेशनले तोकेको बाटो पनि पछिल्लो बाटो नै हो। तर वास्तविकतामा भने एमाले आफ्नै पाँचौ महाधिवेशनको नीति-निर्णय अनुसार समेत हिंडीरहेको देखिएन।

अहिले अदालतले र संसदले त फैसला गरिसकेको छ र प्रष्टै भनिसकेको छ- 'एमाले तँ नेकपा मशाल जस्तै बन्' भनेर- तर एमाले आफैंले फैसला गर्नु पर्ने स्थिति आएको छ- ऊ अब के जस्तो बन्ने हो?

उसले कांग्रेससँगै र कांग्रेसजस्तै नैतिकताको सारा मर्यादा छोडेर संसदमै घुलमिल हुने हो कि- संसदलाई क्रान्तिको तयारीको सानो औजार मात्र बनाएर- बाँकी समय र शक्ति जनताको आन्दोलनको क्रान्तिकारी आँधीबेहरी सिर्जना गर्न लगाउने हो? एमालेले दुई मध्ये एक विकल्प रोज्नु पर्नु घडी आएको छ। ❑

# यो पवित्र उद्देश्यले बनेको सरकार होइन

**क. माधव कुमार नेपाल**, *महासचिव, नेकपा (एमाले)*

**मूल्याङ्कन > जुन ढंगले एमाले सरकारलाई अपदस्त गर्ने काम भर्खरै भएको छ कांग्रेस, राप्रपा र सद्भावनाको गठबन्धनबाट, त्यसबारे तपाईंको प्रतिक्रिया के छ ?**

➡ एमाले सरकारले गरेको कामको आधारमा छोटो समयमै यसले हासिल गरेको लोकप्रियता र प्रतिष्ठाबाट प्रतिक्रियावादीहरु निकै आतंकित भए । फलस्वरुप, देशी र विदेशी प्रतिक्रियावादीहरु मिलेर एमाले सरकार विरुद्ध गंभीर षड्यन्त्र गरे । षड्यन्त्रका लागि अनेकौं निकायहरु परिचालित गरिए, अनेकौं तानाबाना बुनिए र अन्ततः अविश्वासको प्रस्तावमार्फत हामीलाई पदच्यूत गरियो ।

गिरिजाप्रसाद कोइरालाले लगभग अहिलेकै अवस्थामा पोहोर प्रतिनिधिसभा भंग गरी मध्यावधि चुनाव गर्ने घोषणा गरेका थिए । तर त्यसलाई पोहोर सर्वोच्चले सदर गऱ्यो । लगभग त्यस्तै अवस्थामा पोहोरकै नजीरले व्याख्या गरेको धारा ५३ (४) को प्रधानमन्त्रीको शर्तरहित विशेषाधिकार प्रयोग गरेर हाम्रा प्रधानमन्त्रीले प्रतिनिधिसभाको विघटन गरी मध्यावाधि चुनावको घोषणा गर्ने कार्य गर्नु भयो । प्रधानमन्त्री भनेको प्रधानमन्त्री हो । यस्तो प्रधानमन्त्रीले त्यो विशेषाधिकार पाउने, त्यस्तो प्रधानमन्त्रीले नपाउने भन्ने व्याख्या संविधानमा कतै छैन । तर सर्वोच्च अदालतको बहुमतबाट संविधानमा नभएका कुरालाई आफ्नो आत्मगत व्याख्या गरीकन पक्षपातपूर्ण ढंगले प्रतिनिधिसभालाई पुनर्स्थापना गर्ने जुन काम गरियो, त्यो हेर्दा फैसलामा राजीतिक पूर्वाग्रह सिधै देखिन्छ । तसर्थ, त्यो फैसला त्रुटीपूर्ण छ भन्ने हामीलाई लाग्छ ।

त्यही बजेटको सम्बन्धमा पोहोर रीट खारेज हुने, यस पटक त्यही नजीर अनुसार हामीले बजेट पेश गर्दा कसैले त्यो संबन्धमा कुनै उजुरी नै नगर्दा नगर्दै पनि विनासन्दर्भ सर्वोच्चले त्यसलाई फैसलामा उल्लेख गर्ने र 'असंसदीय' ठहर गर्ने काम पनि राजनीतिक पूर्वाग्रहकै अभिव्यक्ति हो ।

हामी सर्वोच्च अदालतको मर्यादा र सम्मानलाई माथि उठाउन चाहन्छौं । तर ऊ आफैं राजनीतिक पूर्वाग्रहले ग्रसित भएर कुनै पार्टी विशेषलाई नाजीवादी भन्ने आरोप लगाएर विवादास्पद फैसला गर्छ भने हामी त्यसमा के गर्न सक्छौं ?

अदालतले फैसला गरिसकेपछि संसदको विशेष अधिवेशन डाकिनु, त्यसमा अविश्वासको प्रस्ताव पेश हुनु र त्यो पास हुनु संवैधानिक र संसदीय प्रक्रियाहरु नै हुन् । तर जुन ढंगले जम्माजम्मी हामीलाई अपदस्थ गरियो र तीन वटा शक्तिको गठबन्धन सरकार बन्यो, त्यो कुनै पवित्र उद्देश्यले बनेको सरकार होइन । त्यो प्रगतिशील दिशामा गइरहेको सरकारलाई जसरी पनि पदच्यूत गर्ने दक्षिणपन्थी शक्तिहरुको अपवित्र गठबन्धन हो । यसले देशलाई दक्षिणपन्थी र प्रतिगमनको दिशामा लानेछ ।

तथापि, हामीलाई जनताको प्रभुसत्ता र विवेकमा विश्वास छ । त्यसैले, हामी यो घटनाबाट विचलित र आतंकित छैनौं ।

**मूल्याङ्कन- अपदस्थ गर्ने यो घटना यतिखेरै किन घट्यो भन्ने लाग्छ तपाईंलाई ?**

➡ संसद्को नियमित अधिवेशन डाकिसकिएको थियो । नियमित अधिवेशनमा एमालेले अझ झन् मौलिक र जनताबीच लोकप्रिय बजेट र कार्यक्रम ल्याउला भन्ने डर प्रतिक्रियावादी-हरुलाई भयो । त्यसैले त्यो गर्नुभन्दा अगाडि नै एमालेलाई पदच्यूत गर्नको लागि 'विशेष अधिवेशन' को षडयन्त्र रचियो । तर प्रधानमंत्रीले प्रतिनिधि सभा नै भंग गर्ने सिफारीश गरेर त्यो षडयन्त्र विफल पारेपछि उनीहरु झन् बढ्ता आतंकित भए । जसरी पनि पदच्यूत गर्न उनीहरुले अनेकौं गोटीचाल चल्न थाले । त्यसपछि राजनीतिक मुद्दालाई अदालतको परिसरभित्र प्रवेश गराइयो । अदालत राजनीतिमा प्रवेश गरेर संविधानका अरु दुई खम्बाको अधिकारमाथि हस्तक्षेप गर्ने कार्यहरु भए । त्यसैको फलस्वरुप यतिखेरै यो घटना घट्यो ।

**मूल्याङ्कन- तपाईंहरुको आफ्नो चाहि कुनै गल्ती कमजोरी भए जस्तो लाग्दैन, यो घटना घट्नुको पछाडि ?**

➡ गल्ती कमजोरी त भए होलान् । हामीबाट गल्ती कमजोरी हुँदै भएनन् भन्न कसरी सकिन्छ र ? तर सवाल मूल पक्ष कुन हो भन्ने हो र स्पष्ट पार्नु जरुरी कुरा के छ भने, हामीले संविधानलाई नै ध्यानमा राखेर कदम चालेका हौं । त्यसैलाई असंवैधानिक तवरले विफल पार्ने काम हुन्छ भने हाम्रो त्रुटी कहाँ भयो र ?



देशी र विदेशी प्रतिक्रियावादीहरू मिलेर एमाले सरकार विरूद्ध गंभीर षड्यन्त्र गरे। षड्यन्त्रका लागि अनेकौं निकायहरू परिचालित गरिए, अनेकौं तानाबाना बुनिए र अन्ततः अविश्वासको प्रस्तावमार्फत हामीलाई पदच्यूत गरियो !



हामीबाट गल्ती कमजोरी हुँदै भएनन् भन्न कसरी सकिन्छ र ? तर सवाल मूल पक्ष कुन हो भन्ने हो ।

# देशमा प्रतिक्रियावादको खतरा गंभीर बनेको छ

## एमाले सरकार अपदस्थ भएकोमा क. मोहनविक्रम सिंह के भन्नुहुन्छ ?

आज देशमा घटिरहेका घटनाहरुको मूल्याङ्कन गर्दै हाम्रो पार्टी नेकपा मसालले यो मत बनाएको छ कि- प्रतिक्रियावादको खतरा आज देशमा अत्यन्त गम्भीर बनेको छ र त्यसका विरुद्ध संघर्ष आजको राष्ट्रिय आवश्यकता हो । तीस वर्षको निरंकुश राजतन्त्र र पंचायती तानाशाही शासन, तीन वर्षको कांग्रेसी स्वेत आतंक र नव-अधिनायकवादको पृष्ठभूमि भएका राजनीतिक शक्तिहरु पुनः सत्तारुढ भएपछि देशमा प्रतिक्रियावादको खतरा अत्यन्त गंभीर बनेको कुरा प्रष्ट छ । यसै अवस्थामा खाली जनताको शक्तिशाली संघर्ष र संयुक्त आन्दोलनद्वारा नै ०४६ सालको ऐतिहासिक जन आन्दोलनद्वारा प्राप्त सीमित प्रजातन्त्र, राष्ट्रियता र जनताका हक र अधिकारहरुको रक्षा एवं विस्तार गर्नु संभव हुनेछ र गर्नु पर्नेछ ।

यस सन्दर्भमा हामी यो पनि स्पष्ट गर्न चाहन्छौं कि एमालेको अवसरवादी र संभौता परस्त नीति, क्रियाकलाप र चरित्र पनि आजको स्थिति ल्याउनका लागि काफी हदसम्म जिम्मेवार छ । एमाले वा त्यसको सरकारका त्यस प्रकारका नीति र कार्यहरुबाट देशको कम्युनिष्ट आन्दोलन र जन आन्दोलनमा पनि काफी क्षति पुगेको छ । त्यसैले हाम्रो पार्टीले एमाले सरकारका त्यस प्रकारका नीतिहरुका विरुद्ध लगातार संघर्ष र भण्डाफोरको नीति अप्नाएको थियो । एमाले सरकारद्वारा गरिएको संसदको विघटनले पनि गिरिजा सरकारको अप्रजातान्त्रिक परम्परालाई अगाडि बढाएको थियो । त्यसकारण हाम्रो पार्टीले त्यसको विरोध र संसदको पुनर्स्थापनाको स्वागत गरेको थियो, यद्यपि त्यसका साथै त्यसबारे सर्वोच्च अदालतले अप्नाएको बेग्ला बेग्लै मापदण्डहरुको पनि हाम्रो पार्टीले आलोचना गरेको थियो ।

> एमालेको अवसरवादी र संभौतापरस्त नीति र कार्यहरूको विरोध गर्नुका साथै हाम्रो पार्टीको यो मत रहेको थियो कि नेका., राप्रपा आदिको तुलनामा एमाले सरकारका नीतिहरू प्रगतिशील थिए।

एमालेको अवसरवादी र संभौता परस्त नीति र कार्यहरुको विरोध गर्नुका साथै हाम्रो पार्टीको यो मत रहेको थियो कि नेका., राप्रपा आदिको तुलनामा एमालेको सरकारका नीतिहरु प्रगतिशील थिए । त्यसैले हाम्रो पार्टीले प्रतिक्रियावादीहरुको त्यो सरकारलाई खतम पार्ने नीतिका विरुद्ध त्यो सरकारलाई समर्थन गर्ने नीति लियो र अन्तमा अविश्वासको प्रस्तावको सन्दर्भमा पनि त्यही नीति अप्नायो । हाम्रो त्यो नीति सही थियो भन्ने कुरामा हाम्रो पार्टी अहिले पनि विश्वस्त छ ।

आज एमाले सत्ताबाट हटे पनि त्यसका अवसरवादी नीति र कार्यहरुबाट देशको कम्युनिष्ट आन्दोलन र जन आन्दोलनलाई लगातार क्षति पुग्ने संभावना विद्यमान नै छ । त्यसकारण त्यसका विरुद्धको भण्डाफोरको नीतिमा शिथिलता आउन दिनु गल्ती हुनेछ । त्यसका साथै, जन आन्दोलनको व्यापक हितमा प्रतिक्रियावादी शक्तिहरु वा उनीहरुको सरकारप्रति अप्नाइने कुनै प्रकारको संभौता वा तटस्थताको नीति तथा राजा, कांग्रेस, राप्रपा वा एमालेहरुलाई समान दूरीमा राखी विरोध गर्ने नीतिहरुले पनि जन आन्दोलनलाई नोक्सानी पुऱ्याउँछ । त्यसकारण, हाम्रो पार्टीले त्यस प्रकारका प्रबृत्तिका आलोचनाहरुमा जोड दिन्छ ।

हामी आज देशका अगाडि उपस्थित प्रतिक्रियावादका विरुद्धको संघर्षमा एकताबद्ध र संयुक्त हुन सम्पूर्ण जनतासँग अपील गर्दछौं । ❑

---

**मूल्याङ्कन- तपाईंहरुलाई जतिखेर अपदस्थ गर्ने कदम चालियो, त्यतिखेर तपाईंहरु चारैतिरबाट, वामपन्थी मित्रहरुबाट समेत, एक्लिनु भएको लाग्दैन ? यसरी एक्लिने कुरा कसरी र किन भयो ?**

➡ के होला त यसको कारण ? हामीले त्यस्तो नराम्रो काम त केही गरेका थिएनौं । कुन काममा त्रुटी भयो- त्यो औंल्याइनु पऱ्यो । हामीले लोकप्रिय कार्यक्रम ल्यायौं, त्यसमा त्रुटी के छ ? हामीले अरु वामपन्थी मित्रहरुलाई पनि छलफल गर्न बोलायौं, त्यसमा त्रुटी के छ, अरु पार्टीका मान्छे एमालेमा आउन खोज्दैछन्, हामीले नआऊ कसरी भन्ने ? आफ्नो पार्टी पो बलियो पार्नु पऱ्यो । किन हाम्रा मान्छे अरु पार्टीमा जाँदैछन् हैं, भनेर पो विचार गर्नु पऱ्यो । मान्छे तान्यो भनेर रिसाउने काम त गर्नु भएन नि !

**मूल्याङ्कन- सबै वाम पर्टीहरुको तपाईंहरुमाथि आरोप छ- सत्तामा गएपछि तपाईंहरुमा चर्को रुपले सत्ता-अन्धता जाग्यो र सत्ता अहंकार छायो; कसैलाई तपाईंहरुले पुछताछ नै गर्नु भएन, बरु उल्टो, वाम मित्रहरुमाथि दमन गर्नसम्म पनि अघि सर्नु भो ।**

➡ यो गलत आरोप हो । हामीले कहाँ दमन गऱ्यौं ?

**मूल्याङ्कन- तपाईंहरुले उदयपुरमा दमन गर्नु भएन ? बागबजारको भित्ते-लेखन काण्डमा बाबुरामजीहरुलाई पनि दमन गर्नु भएन ?**

➡ के गऱ्यौं र हामीले बाबुराम भट्टराईलाई ? हामीले लेखेको भित्तोमा उहाँहरुले लेख्ने र कालो पोत्ने काम गरेर उहाँहरुलाई के-चित्त बुझेको छ ? त्यो भित्तोको लडाइँ त विल्कूलै वाहियात भएको छ । यस्तो कुरामा उहाँहरु जस्ता नेताहरु लाग्नै हुँदैनथ्यो ।

जहाँसम्म उदयपुरको कुरा छ, त्यहाँ राम्ररी बसेर छलफल गरेर त्यो काम गर्नु पर्थ्यो । त्यहाँ केही वास्तविक सुकुम्बासी थिए, केही सुकुम्बासीको नाममा गैर सुकुम्बासी पनि थिए । तर जसरी पनि वर्ग संघर्ष चर्काउने नाममा काम त गर्नु भएन नि ! त्यहाँ नेताहरु पक्रिसकेपछि, उहाँहरुलाई तुरुन्त छोडाउन पनि हामीले कदम चालेका हौं, सकारात्मक दिशामा समस्या हल गर्न हामीले पहल गरेका हौं । त्यहाँ हाम्रा केही त्रुटी कमजोरी भए होलात् । तर आम रुपमा हाम्रो अन्य वाम मित्रशक्तिहरुप्रति अत्यन्त सकारात्मक रबैया रहेको हो । हामीले बोलाएका मिटींगहरुमा उहाँहरु आउनु पनि भएको हो । त्यसैले हामीले कसैलाई वास्तै गरेनौं भन्ने कुरा कति सत्य हो ?

**मूल्याङ्कन- यो संपूर्ण घटनाबाट के पाठ सिक्नुपर्छ भन्ने लाग्छ तपाईंलाई ?**

➡ एउटा पाठ सिक्नुपर्ने के छ भने, हाम्रो लोकप्रिय कार्यक्रमबाट आतंकित र भयभीत भएर प्रतिक्रियावादीहरुले हामीलाई पदच्यूत गर्ने तानाबाना बुनिरहेको बेला उनीहरुलाई सहयोग पुग्ने कुनै काम कतैबाट पनि हुनहुन्न । हामी जो सत्तामा गएका थियौं, हामीहरुले सत्तामा गएपछि विनम्रतापूर्वक नै मित्रशक्तिहरुलाई समेट्ने ढंगले अघि बढ्नु पर्थ्यो, त्यो पनि अर्को सिक्नुपर्ने पाठ हो ।

**मूल्याङ्कन- एमालेले यो घटनापछि कसरी अघि बढ्ने सोच राखेको छ त ?**

➡ नयाँ सरकार भर्खरै आएको छ । उसको काम, नीति, व्यवहार सबै हेर्न बाँकी छ । हाम्रो काम अहिलेको स्थितिमा के हुनेछ भने, हामी हाम्रो सरकारले गरेका नेपालको इतिहासमा नै अपूर्व जनपक्षीय, प्रगतिशील र लोकप्रिय सबै कामहरुलाई, हामीले हासिल गरेका उपलब्धीहरुलाई जनताबीच लिएर जानेछौं । जनताको शक्तिलाई संगठित गर्ने र समेट्ने कार्य गर्नेछौं, आफ्नो संगठनलाई दरो र मजबूत बनाउने काम गर्नेछौं । यसरी हामी भविष्यमा सशक्त प्रतिपक्षको रुपमा उभिने प्रयत्न गर्नेछौं । हामी फेरि परिवर्तनको पक्षमा, देश र जनताको पक्षमा सकारात्मक भूमिका खेल्ने कार्य गर्ने छौं ।

**मूल्याङ्कन- इतिहासले केका लागि एमाले सरकारलाई विशेषतः संझोस् भन्ने तपाईंलाई लाग्छ ?**

- हाम्रो सरकारले जनताले भोगेका वास्तविक समस्यामाथि नै आफ्नो ध्यान केन्द्रित गऱ्यो, जस्तो सुकुम्बासीको समस्या, भूमिसुधार । हामीले स्थानीय जनतालाई अधिकारसंपन्न बनाउनका लागि, विकास निर्माणमा उनीहरुको सहभागिता बढाउनका लागि 'आफ्नो गाउँ आफैं बनाऊँ कार्यक्रम' शुरु गऱ्यौं । हामीले समाजका ज्येष्ठ नागरिकहरुलाई सम्मान गर्ने परंपराको थालनीस्वरुप बृद्ध भत्ताको व्यवस्था गऱ्यौं । शिक्षा र संस्कृतिको क्षेत्रमा हामीले प्रगतिशील दिशामा अघि बढ्न शुरु गऱ्यौं । देशमा औद्योगीकरणको अभियान शुरु गर्न हामीले राष्ट्रिय उद्यमी र उद्योगपतिहरुलाई प्रोत्साहित गर्न शुरु गरेका थियौं । '९-स' को अभियान हाम्रो अर्को उल्लेखनीय कदम हो । यिनै काम हुन्- जसको लागि इतिहासले हामीलाई संझोस् भन्ने हामीलाई लाग्छ । ❑


विजया दशमीको

शुभ-उपलक्ष्यमा

समस्त देशवासीहरूमा

हार्दिक

मंगलमय

शुभ-कामना



वीरगञ्ज

चिनी कारखाना,

वीरगञ्ज

सेक्रेटरी क. दीपक शर्माको विचार

# एकता केन्द्र के भन्छ अहिलेको सत्ता परिवर्तनबारे ?

**मूल्याङ्कन** ***'अहिले जसरी एमालेलाई सत्ताच्यूत गरियो, यस घटनालाई तपाईंको पार्टीले कसरी लिएको छ ?'***

➡ अहिले एमालेको सरकारलाई जुन ढंगबाट सत्ताच्यूत गरियो, त्यस घटनाले प्रतिक्रियावादीहरुलाई राष्ट्रिय राजनीतिमा हावी गर्ने काम गरेको छ। त्यो उद्देश्यबाट नै यी क्रियाकलापहरु भएका छन्। यसमा संविधानका पूर्व नजीरहरुलाई पनि अदालतबाट उलंघन गरेर एमालेलाई विस्थापित गर्ने काम भएको छ। यसलाई हामीले सकारात्मक रुपमा लिने प्रश्नै उठ्दैन। तर यसको मतलब यो पनि होइन कि- एमाले सरकारमा रहिरहेको भए राष्ट्रियता, जनतन्त्र र जनजिविकाको लागि ठूलो योगदान हुन सक्थ्यो वा महत्वपूर्ण भूमिका खेल्न सक्थ्यो। त्यो पनि हामीलाई लाग्दैन। किनकि, ऊ सत्तामा गएपछि उसले देखाएको क्रियाकलाप र नीति र कार्यक्रमहरुमा त्यो कुरा देखिंदैन।

**मूल्याङ्कन-** ***यो घटना घट्नुको पछाडि मुख्य कारक तत्वहरु तपाईंले के देख्नु भएको छ ?***

➡ पहिलो कुरो त संसदीय व्यवस्थामा सरकारमा रहेका शक्तिहरुलाई सरकारमा नरहेका शक्तिहरुले विस्थापित गर्ने अभ्यास गरिरहेका नै हुन्छन्। र, आधारभूत रुपले एउटै वर्गका शक्तिहरु भए पनि त्यसमध्ये एउटा गूट सरकारमा छ भने अरु गूटहरुले सत्ताबाट हटाउने प्रयत्न गर्छन्।

तर अहिलेको घटना त्यतिमा मात्र सीमित छ भन्ने हामीलाई लाग्दैन। अहिले देशभित्रका दक्षिणपन्थी र प्रतिगामी शक्तिहरु एक गठ भएका छन्। यसको मुख्य कारण एमालेको पपुलिष्ट कार्यक्रमले एमाले सत्तामा टिकिरहने र चुनावमा पनि एमालेले नै बहुमत प्राप्त गरेर लामो समयसम्म ऊ नै सत्तामा रहिरहने देखिएको र जनतामा ने.कां. र राप्रपाको आधार र संगठन पनि कमजोर हुने उनीहरुले देखे। यसैबाट उनीहरु त्रसित भए। त्यसैले, उनीहरु आफ्नो संगठनलाई टिकाई राख्ने उद्देश्यले कुर्सी स्वार्थले एमाले सरकारलाई छिटो भन्दा छिटो विस्थापित गर्न चाहे।

अहिले सतहमा देखिएको यो प्रधान अन्तरविरोध हो उनीहरुको। तर यसको पछाडि अरु पनि कारण छन्।

देशमा अहिले सम्पूर्ण देशी तथा विदेशी प्रतिक्रियावादी तत्वहरुलाई यसरी एकाकार बनाउनुमा निमित्त चाहिं एमाले देखिएता पनि उनीहरुको मूल उद्देश्य नेपालको वाम आन्दोलन र जनतान्त्रिक आन्दोलनलाई दवाउनु र पछि धकेल्नु रहेको छ। यसको लागि उनीहरु उद्देश्यमूलक ढंगले गतिविधि गर्न चाहन्छन्। यो पनि अर्को कारण हो, जसले गर्दा एमालेलाई सत्ताच्यूत गर्न उनीहरु उद्यत भए।

**मूल्याङ्कन-** ***जनताको जीवनमा र देशको प्रगति र क्रान्तिमा यो घटनाको असर के हुनेछ भन्ने तपाईंलाई लाग्छ ?***

➡ चरम दक्षिणपन्थीहरुको समीकरण भएको छ। उनीहरु ध्रुवीकृत भएका छन्। ०४६ सालको प्रजातान्त्रिक आन्दोलनका विरोधीहरु, पूर्व पंचसँग सम्बन्धित र दरबारबाट संचालित राप्रपा अहिले सत्तामा पुगेको छ। यसले नेपालको क्रान्तिकारी र प्रगतिवादी आन्दोलनलाई, नेपालको राष्ट्रियता, जनतन्त्र र जनजीविकाको आन्दोलनलाई नकारात्मक प्रभाव पार्ने छ। यो वास्तवमा हाम्रो आन्दोलनको निम्ति प्रतिकूलता हो। अहिले निश्चितै रुपमा उनीहरुको गतिविधि एमालेलाई विस्थापित गर्नमा मात्र सीमित हुनेछैन। उनीहरु नेपालको जनवादी आन्दोलन, क्रान्तिकारी आन्दोलनलाई, राष्ट्रियताको आन्दोलनलाई र देशका देशभक्त र जनतन्त्रवादीहरुलाई दमन गर्ने र उनीहरुलाई कमजोर पार्नलाई हर प्रकारको गतिविधि गर्न उद्यत हुने छन्, लागिपर्ने छन्। हाम्रो आन्दोलनको लागि यो प्रतिकूलता हो र यसले नकारात्मक प्रभाव नै पार्ने छ।

**मूल्याङ्कन-** ***यो घटनाबाट एमाले र अन्य वाम पार्टीहरुले के पाठ सिक्नु पर्छ भन्ने तपाईंलाई लाग्छ ?***

➡ एमालेले सिक्न चाहेमा सिक्नु पर्ने कुरा के हो भने- संसदवादी कार्यदिशाबाट सरकारमा गएर नै राष्ट्रियता, जनतन्त्र र जनजीविकाका कामहरु गर्छु र सरकारमा गएर आमूल परिवर्तनका कामहरु गर्न सकिन्छ भन्ने जुन भ्रमहरु उसले पालेको छ, र त्यो धारणा जनतामा र कार्यकर्ताहरुमा फिजाएको छ, त्यो कति गलत छ भन्ने कुरा प्रमाणित भएको छ। थोरै मात्र पनि देश र जनताको पक्षमा काम गर्न यो प्रतिक्रियावादी सरकारमा गएर सम्भव हुँदैन र त्यो कुरा प्रतिक्रियावादी सत्ता केन्द्रहरुलाई सह्य हुँदैन भन्ने कुरा प्रमाणित भएको छ। यदि एमालेले व्यवहारबाट सिक्नै चाहने हो भने, उसको संसोधनवादी संसादीय कार्यदिशा परिवर्तन गर्न आवश्यक छ भन्ने कुरा उसले सिक्नु पर्छ।

उसले सत्तामा टिक्न प्रतिक्रियावादी शक्ति केन्द्रहरुलाई जतिसुकै रिझाउने कोशिस गरे पनि एमालेले पूर्ण रुपमा प्रतिक्रयावाद समक्ष आत्मसमर्पण नगरे उसलाई प्रतिक्रियावादीहरुले टिकाई राख्दैनन्। यो प्रतिक्रियावादी सत्ता अतरगत समाजको प्रगतिशील परिवर्तन संभव छैन भन्ने कुरा उसले बुझ्नुपर्छ र फेरि ऊ संघर्षको पंक्तिमा आउनु पर्छ। हैन भने, उसले सम्पूर्ण समर्पणको दिशातिर जानुपर्छ। त्योभन्दा बीचको बाटो छैन।

हामीले आशा गर्ने कुरा के हो भने, ऊ सम्पूर्ण समर्पणको दिशातिर नजाओस्, संघर्षको दिशातिर आओस्। तर एमालेको नेतृत्व र विशेष गरेर, एमालेको दिशा हेर्दाखेरि उनीहरु सम्पूर्ण समर्पणको दिशातिर जालान् कि भन्ने कुरा आशंका गर्न सकिन्छ। उनीहरु संघर्षको दिशातिर फड्को मारेर आउलान् भन्नेतिर कमै मात्र आशा गर्न सकिन्छ।

एमालेले अर्को पाठ के सिक्नु पर्दछ भने, हिजोको चुनावमा एमालेसँग तालमेल गर्न चाहने वाम पार्टीरुसँग पनि आफ्नो शक्ति घमण्डले गर्दा र आफ्नो गलत विश्लेषणले गर्दा तालमेल गर्ने नीति यसले अप्नाएन। त्यसकारणले पनि, आज यो परिणाम भोग्नु पऱ्यो। अर्को कुरा, एमाले आफू सत्तामा पुगेपछि के के न पाएको जस्तो आफू सत्ताबाट कहिल्यै खस्न नपर्नेजस्तो ठानेर र जनता र राष्ट्रको सम्पूर्ण उद्देश्य र अडानलाई विर्सेर वामपन्थीहरुमाथि पनि दमन गर्न र उनीहरुसँग सम्बन्ध राख्न डराउने जुन क्रियाकलाप गऱ्यो, त्यसले गर्दा ऊ एक्लो पऱ्यो र त्यसको परिणाम पनि एमालेहरुले भोग्नु पऱ्यो। उनीहरु थोरै मात्र जनता र देशको पक्षमा काम गर्न चाहन्छन् भने पनि अन्य त्यस्तै शक्तिहरुसँग एकता गर्नुपर्छ भन्ने कुरा पनि उनीहरुले बुझे राम्रो हुन्छ भन्ने हाम्रो भनाइ छ।

अन्य वामशक्तिहरुले पनि एमालेलाई प्रतिक्रियावादीहरुले सम्पूर्ण रुपले विश्वास गरी नसकेको हुनाले उनीहरु र प्रतिक्रियावादीको बीच जेजति अन्तरविरोध छ, त्यसलाई जनता र देशको पक्षमा उपयोग गर्नको निम्ति मेहनत गर्नुपर्दछ। जति सक्यो त्यति छिटो एमाले गद्दारीको पंक्तिमा गयो भने देश र जनताको पक्षमा राम्रो हुन्छ भन्ने चिन्तन गलत हो भन्ने हामीलाई लाग्छ।

साथै, एमाले सत्तामा गएपछि आम जनता र देशको हितको निम्ति कांग्रेस सरकालेभन्दा एमाले सरकारले आमूल परिवर्तन गर्न सक्छ, चुनावबाट 'कम्युनिष्ट सरकार' आएपछि देशमा सम्पूर्ण कामहरु त्यसै मार्फत गर्न सकिन्छ भन्ने जुन भ्रम असचेत जनताले पालेको छ, त्यो गलत हो। देशमा आमूल परिवर्तनको लागि संसदीय व्यवस्थाको प्रतिक्रियावादी सत्तालाई उखेलेर क्रान्तिकारी दिशातिर नै जानुपर्छ भन्ने कुरा बुझ्नु जरुरी छ।

यसबाहेक, प्रतिक्रियावादीहरु आफ्नो उद्देश्यमा जति वर्ग सचेत छन्, त्यति प्रगतिशील शक्तिहरु वर्ग सचेत देखिएनन्, यो पनि यो घटनाले प्रष्टै देखाएको छ। यो निकै गंभीर कमजोरी हो र यसलाई हटाउनु पर्छ भन्ने पनि अहिलेको घटनाले सिकाएको छ। ❑

विजया दशमीको
शुभ-उपलक्ष्यमा
समस्त देशवासीहरूमा
हार्दिक मंगलमय
शुभकामना

डोरमणी पौडेल, मेयर
तथा
हेटौंडा नगरपालिका परिवार, हेटौंडा



# एमालेलाई सत्ताच्यूत गरिएको बारे एमालेका नेता आफैं के भन्छन् ?

क. सीपी मैनाली

> हामीहरूले वस्तुस्थितिको सटीक विश्लेषण गरेर काम गर्ने योग्यता देखाएनौं !

**मूल्याङ्कन** ***अहिले भर्खरै एमालेलाई संवैधानिक बाटोबाटै जुन ढंगले सत्ताबाट च्यूत गर्ने काम भयो, यो घटनालाई तपाईंले कसरी लिनु भएको छ ?***

➡ हामी संवैधानिक र संसदीय प्रकृयाबाट सत्ताच्यूत भयौं । यो स्थिति दुई प्रकारले उत्पन्न भयो । एउटा कारण, वामपन्थी साथीहरु लगायत प्रतिपक्षलाई हाम्रो कार्यशैलीसंग असहमत, असन्तुष्ट र रूष्ट पार्ने काम भयो । दोश्रो कुरा, हामीले दिएको समाजिक कार्यक्रमसंग दक्षिणपन्थीहरूको दूरी र भिन्नता निकै ठूलो रह्यो । त्यसले उनीहरूको जनाधार खतम पार्ने डर उनीहरूलाई पैदा भयो । यही दुई कारणले गर्दा नै, खास गरी बुर्जुवा विपक्षहरु, हामीलाई दिएको विश्वास कायम राख्न तत्पर भएनन् र विश्वास फिर्ता लिन उद्यत भए ।

*मूल्याङ्कन- उनीहरुले यतिखेरै र यही समयमा अपदस्त गर्ने समय किन रोजे ?*

➡ हाम्रो एमाले पार्टी अहिले चरम अलगावको स्थितिमा रहेको अवस्थामा पर्‍यो । प्रथम कारण, एमालेभित्रकै एकता कमजोर भयो । मन्त्री परिषद्‌बाट स्थानीय विकास र आपूर्ति मन्त्रीलाई बरखास्त गर्ने घटनापछि पार्टीको शक्ति क्षीण हुन सक्ने स्थिति देखियो । दोस्रो कारण, अरु वामपन्थी दलहरु एमालेको नीति र कार्यक्रमसँग यति धेरै असन्तुष्ट भए कि उनीहरु संयुक्त भएर एमालेको विरुद्धमा मोर्चा खडा गर्न पुगे । तेस्रो कुरा, बुर्जुवा विपक्षीहरुले हाम्रो कार्यशैलीबाट प्रशासन लगायत अन्य निकायहरुमा उनीहरुको पकड नै हामीले समाप्त पार्न थालेको आशंका गर्न थाले । चौथो कुरा, हाम्रा काम र कार्यक्रमहरुले उनीहरुको आफ्नो सामाजिक आधार बहुत संकुचित हुने खतरा टड्कारो देखे । त्यसैले, उनीहरुले धेरै बेर पर्खन सकेनन् र अहिले नै प्रतिक्रिया गरे ।

*मूल्याङ्कन- उनीहरुले यसरी एमाले सरकारलाई अपदस्थ गर्नुमा मुख्य कारण चाहिं तपाईंले के ठान्नु भएको छ ?*

➡ यसमा एक दुई वटा महत्वपूर्ण कारणहरु छन् । एउटा कुरा त हाम्रो सामाजिक कार्यक्रमहरुले एमालेको जनआधार बढ्‌ने देखियो । र, बुर्जुवा विपक्षीहरुको जनआधार घट्‌ने लक्षण देखियो । दोश्रोकारण, एमाले विभिन्न कारणले गर्दा निरन्तर अलगावमा पर्दै गयो ।

*मूल्याङ्कन- यो घटनाबाट एमालेले के पाठ सिक्नुपर्छ जस्तो लाग्छ तपाईंलाई ?*

➡ यसबारेमा पार्टीले अवश्य पनि निचोड निकाल्ला । अहिले म जे भन्दै छु, त्यो मेरो व्यक्तिगत धारणा मात्र हो । मलाई के लाग्छ भने- हामीहरुले बस्तुस्थितिको सटीक विश्लेषण गरेर काम गर्ने योग्यता देखाएनौं । यसमा सुधार ल्याउनुपर्छ । यसोभन्दा मेरो दिमागमा दुई वटा कुराहरु खेलिरहेका छन् । पहिलो कुरा-हाम्रो कार्यप्रणालीमा रहेका त्रुटीहरुलाई हामीले पहिल्याउनु पर्छ । हामी घोर दक्षिणपन्थीहरुलाई मात्र एक्ल्याएर वामपन्थी शक्तिहरुलाई एकताबद्ध गर्ने काममा कति सफल रह्यौं र कति असफल रह्यौं ? आत्म समीक्षाको एउटा विषय यो हुनुपर्छ । दोस्रो हामीले वामपन्थी मित्र शक्तिहरुलाई, स्वतन्त्र र उदार पूँजीवादी शक्तिहरुलाई गोलबन्द गर्दै, सामाजिक कार्यक्रममा उनीहरुलाई संलग्न र सहभागी गराउँदै, दक्षताको साथमा एक पछि अर्को गर्दै आफ्नो स्थितिलाई मजबूत पार्दै जाने ढङ्गले काम गर्न सकेनौं ।

यी दुईवटा पक्षलाई गहिरिएर आत्म समीक्षा गर्‍यौं भने हामी आफ्ना राम्रा कुराहरु पनि सन्तुलित ढंगले राख्न सक्छौं र हाम्रा आफ्ना कमजोरीहरुलाई पनि विश्लेषण गर्न सक्छौं । आगामी दिनहरुमा ती गल्ती कमजोरीहरुलाई सच्याएर काम गर्न सक्छौं ।

*मूल्याङ्कन- ९ महिनाभित्र एमाले सरकारले गरेको उल्लेखनीय सामाजिक प्रगति र कमी-कमजोरी के के रह्यो ? तपाई त्यसको मूल्यांकन कसरी गर्नुहुन्छ ?*

➡ पहिलो काम हामीले उत्पीडित र उपेक्षित वर्गको स्थितिमा सुधार ल्याउने पहल गर्‍यौं । जस्तो भूमिसुधार, सुकुम्वासी समस्या, महिलाहरु र बालकहरुको विकासमा, उत्पीडित जातिहरुको विकासको पक्षमा ध्यान दियौं । बृद्धहरुलाई सम्मान गर्‍यौं, साक्षरता अभियानलाई अघि बढायौं । जनताको स्वास्थ स्थितिमा सुधार ल्याउने र स्वास्थ्य सेवा सुलभ बनाउने पहल गर्‍यौं । दोश्रो, देशलाई स्वाधीन र मिश्रित अर्थतन्त्रको ढाँचामा खडा गर्ने दिशामा कदम चाल्यौं । सामाजिक क्षेत्र, सार्वजनिक क्षेत्र, सामूहिक क्षेत्र र निजी क्षेत्रको समुचित अस्तित्वको साथ अघि बढ्‌ने दिशामा केही कदम चाल्यौं । तेस्रो, हाम्रो बाह्य मुलकहरुसंग विगतमा भएका असमान सन्धिमा संशोधन गर्ने केही पहल गर्‍यौं । चौथौ, आफ्नो गाउँ आफैं बनाऔं कार्यक्रमबाट विकास निर्माणका कामहरुमा जनतालाई सहभागी गराउने परिपाटीको थालनी गर्‍यौं । यी नै महत्वपूर्ण र सकारात्मक पक्षहरु हुन् ।

कमजोरी पक्षहरुमा अहिले चर्चा नगरौं............

*मूल्याङ्कन- यो नयाँ आएको गठबन्धन सरकार कतिको दीगो होला जस्तो लाग्छ तपाईंलाई ?*

➡ यी तीन वटै शक्तिहरु लगभग एउटै सामाजिक आधारमा उभिएका छन् । सामाजिक आधारको हिसाबले उनीहरुको बीचमा सहकार्य हुनु त्यति अनौठो कुरो होइन । यति भएर पनि नीतिको हिसाबले उनीहरुले अनुशरण गर्ने राजनीति खास खास सवालहरुमा भिन्न पनि छन् । यसले गर्दा उनीहरुको सहकार्य कतिको दीगो हुन सक्छ भन्ने कुरामा प्रश्न उठ्छ । तर, अहिले नै उनीहरुको कार्यशैली पूरै देखी नसकेको, लागु गर्ने नीति र कार्यक्रमहरु आइनसकेको र बजेटको विनियोजन नआइसकेको स्थितिमा यसको स्थायित्वको अन्दाज गर्नु बढी पूर्वाग्रह हुन जान्छ ।


विजया दशमी - २०५२ को शुभकामना

कृषि विकास बैंक

किसान, ब्यापारी, उद्यमीहरु र सबैको !

हामी ग्रामीण कृषि कर्जा, ब्यापार कर्जा र बैंकिंग सुविधाहरु समेत प्रदान गर्दछौं । हाम्रो मुख्य ऋण लगानी कार्यक्रमहरु निम्न अनुसार छन्:-

- कृषि उत्पादन
- कृषि सामाग्री
- सिंचाई
- फलफूल खेती
- चिया/कफि
- घरेलु तथा साना उद्योग
- उपयुक्त प्रविधि आदि

हाम्रा प्रमुख प्राथमिकताका क्षेत्रहरु विशेष गरी कृषि विकाससँग सम्बन्धित छन् । यसको लागि हामी सुलभ ब्याजदरमा ऋणहरु उपलब्ध गराउँछौं । सरकारका कतिपय कार्यक्रमहरु कार्यान्वयन गर्ने जिम्मेवारी पनि बैंकलाई छ । बदलिंदो प्रतिस्पर्धात्मक बैंकिंग वातावरणमा हामीलाई सेवा गर्ने मौका प्रदान गर्नुहोस्।

फोन नं. : २११७४४
२११८०२-८०६
टेलेक्स : २२६७
तार : कृषि बैंक,
फ्याक्स : ९७७-१-२२५३२९

कृषि विकास बैंक
मुख्य कार्यालय
रामशाहपथ, काठमाडौं

❑ प्रतिगामी- प्रतिक्रियावादी शक्तिहरु सत्ता ताक्ने वामपन्थीहरुप्रति कतिसम्म पूर्वाग्रही र द्वेषपूर्ण हुन सक्छन् ?

❑ पूँजीवादी साम्राज्यवादी शक्तिहरु सत्तासीन हुन खोज्ने वामपन्थीहरुलाई निमिट्यान्न पार्न, उनीहरुलाई सत्तासीन हुन नदिन, सत्तासीन भएका वामपन्थीहरुलाई कुर्सीबाट खसाल्न कतिसम्म निर्मम हुन सक्छन्, कतिसम्म निर्दयी, निरंकुश, असंसदीय र गैरकानूनी काम गर्दछन् ?

यी सबै सवालहरुको जवाफ नेपालका प्रतिगामी प्रतिक्रियावादी शक्तिहरुको वर्तमान क्रियाकलाप र इतिहासभित्र त लुकिरहेको छैन ? नेपालका लगायत विश्वकै प्रतिगामी प्रतिक्रियावादी शक्तिहरुको नियन्त्रक, निर्देशक पूँजीवादी साम्राज्यवादी खेमाको अप्रजातान्त्रिक खाताभित्र त सुरक्षित छैनन्, हाम्रा जवाफहरु ?



# कसरी अमेरिकी साम्राज्यवादले विश्वभरि वाम-सत्तालाई असफल पार्दै आएको छ?

अमेरीकाले इण्डोनेशियामा
सत्ताको संघारमा पुगिसकेका वामपन्थीहरूलाई
निर्ममतापूर्वक संहार गरेर वाम-सत्ता कायम हुनबाट रोक्यो।
चिलीमा चुनावैबाट आएको वाम-सत्तालाई
सैनिक विद्रोह गराई खत्तम पार्‍यो।
निकारागुवामा क्रान्तिबाट सत्तामा आएको
वामपन्थी साण्डिनिष्टा सरकारलाई 'कोण्ट्रा' को सहायताले
चुनावबाट अपदस्थ गर्‍यो। ग्रीस, फ्रान्स, इटालीमा,
चेकोस्लोभाकिया, पूर्वीजर्मनी, हंगेरी र अफ्रिकी देशहरूमा
वाम सत्ता आउन नदिन अमेरिकाले के के हथकण्डा अप्नायो,
तपाईलाई थाहा छ ? यो थाहा पाउनु भयो भने, तपाईले साच्नु
हुनेछ– के नेपालको अहिलेको घटनामा पनि अमेरिकी
साम्राज्यवादको नै हात त छैन ? त्यो थाहा पाउन हेर्नुहोस्–
यस सम्बन्धमा यो विवेचनाः

### अमेरिकाको बहीखाताः वामपन्थीहरुमाथिको दमनको गाथा

पूँजीवादी साम्राज्यवादी शक्तिहरुको वर्तमान नाइके अमेरिकी साम्राज्यवादको नरभक्षी इतिहासको बही-खाता त्यस्तो बही-खाता हो, जसको पाना जति पल्टायो, उत्ति नै त्यसमा वामपन्थी विरोधी क्रियाकलापका भयावाह, घृणित र सनसनीपूर्ण कथा-कहानी हेर्न पाइन्छ ।

सि.आई.ए. को निर्देशनमा इण्डोनेशियामा दशौं लाख वामपन्थीहरुको संहारको कथा तपाईं-हामीले पढेका छौं । चिलीमा संसदीय बाटोबाटै सत्तासीन भएका वामपन्थी राष्ट्रपति साल्भाडोर एलेण्डे विरुद्ध सि.आई.ए. बाट सैनिक विद्रोह गराइएको र हजारौं हजार वामपन्थीहरुको हत्या गरिएको कुरा पनि सुनेका छौं । हामीले वामपन्थी सरकार भएको क्यूबामाथि सैनिक आक्रमण गरिएको, वामपन्थी राष्ट्रपति फिडेल क्यास्त्रोलाई मार्ने पटक-पटक असफल प्रयास गरिएको त धेरै पटक पढिसक्यौं । अझ, निकारागुवामा वामपन्थी साण्डानिष्टाहरुको क्रान्तिपछि कसरी पैसाले किनिएका कोन्ट्राहरुमार्फत 'कम घनीभूत युद्ध' नामको षड्यन्त्रकारी योजना थोपरेर त्यहाँको वाम-सत्ता पल्टाइयो, त्यो पनि हामीले पढिसक्यौं । ग्रीस र इटालीमा वामपन्थीहरुलाई सत्तासीन हुन नदिनका लागि भएका घृणित क्रियाकलापहरुको बारेमा पनि 'मूल्याङ्कन' मै पनि केही पढिसकेका छौं ।

यी सबै वामपन्थी विरोधी क्रियाकलापको सूत्रधार को हो त ?

तपाईं हामीलाई थाहा छ- यो उही पूँजीवादी साम्राज्यवादी खेमाको कुख्यात नायक अमेरिकी साम्राज्यवाद हो ।

हो, अमेरिकी साम्राज्यवादले वामपन्थीहरुलाई निमिट्यान्न पार्न, सत्तासीन हुन नदिन र सत्तासीन भइसकेका वामपन्थीहरुलाई सत्ताबाट हटाउन यी सबै काला करतूतहरु गरेको थियो र अहिले पनि गरिरहेको छ । त्यसैले हामीले अमेरिकाको कालो बही-खातामै हाम्रो सवालको जवाफ खोज्ने प्रयास यहाँ गरेका छौं ।


### एथेन्समाथि रातो झण्डा फहराउने भय !

यूरोपीय देश-ग्रीसमा त्यहाँका कम्युनिष्टहरु बिरुद्ध अमेरिकाले छेडेको सैनिक अभियान नै अमेरिकाको हस्तक्षेपकारी इतिहासमा विश्वयुद्ध पछाडिको पहिलो मुख्य हस्तक्षेप थियो र यो हस्तक्षेपलाई नै मोडेलको रुपमा पछिसम्म पनि अमेरिकाले लागू गर्दैआएको तथ्य यहाँ स्मरणीय छ ।

नाजीवादी हिटलरको जर्मनी सेना विरुद्ध छापामार संघर्ष गर्दै संयुक्त सरकारमा आसीन भएका ग्रीक कम्युनिष्टहरु बिरुद्ध बेलायतले दक्षिणपन्थी सशस्त्र संगठनहरुमार्फत गृहयुद्ध चलाएको थियो । तर त्यस गृहयुद्धमा वामपन्थी छापामारहरुको बढ्दो शक्ति र उनीहरुको पक्षमा जन उभार देखेर बेलायत तर्सेर भाग्यो । त्यसपछि अमेरिकाले त्यसको ठाउँ लिंदै सन् १९४७ देखि प्रतिक्रान्तिकारी हस्तक्षेप छेडेको थियो ।

एथेन्समाथि ग्रीसका कम्युनिष्टहरुले रातो झण्डा फहराउने डरले भयभीत भएको अमेरिकाले नाजीवादी ग्रीक सेना र प्रतिगामी सशस्त्र संगठनहरुलाई हातहतियारले सुसज्जित पारी लगातार नीति-निर्देशन दिई अन्ततः १९४९ सम्ममा त्यहाँका वामपन्थीहरुलाई पराजित गरेको थियो । त्यस युद्धमा हजारौं हजार वामपन्थीहरुलाई मारिएको, जेल-नेल र सास्ती दिइएको थियो । त्यत्तिकै संख्यामा निर्वासित गरी त्यहाँ सैनिक सरकारको नेतृत्वमा कथित 'प्रजातन्त्र' स्थापना गरिएको थियो ।

ग्रीसमा वामपन्थीहरुका विरुद्ध गरिएको घिनलाग्दो अमेरिकी हस्तक्षेपको उद्देश्यलाई स्पष्ट पार्दै अमेरिकी गुप्तचर संस्था 'सी.आई.ए.' का प्रकाशित दस्तावेजहरुमा यसरी लेखिएको छ- 'यदि ग्रीसमा वामपन्थीहरु विजयी भएको भए अमेरिकाले मध्यपूर्वको खाडीस्थित



**जनताको सहयोग, समर्थन र क्रियाशीलताको ग्यारेण्टी गर्न सकियो भने जस्तोसुकै ठूलो साम्राज्यवादलाई पनि परास्त गर्न सकिन्छ**

*(कोरियाली जनताको संघर्षको अनुभव)*

**ग्रीस, इटाली, फ्रान्स, चेकोस्लोभाकिया, पूर्वी जर्मनी, हंगेरी र अफ्रिकी देशहरूमा अमेरिकी साम्राज्यवादले वामपन्थीहरूलाई सत्ताबाट वञ्चित गर्नका लागि चलाएका प्रतिक्रान्तिकारी अभियानहरूको रिपोर्ट**




तेलको भण्डार गुमाउनु पर्‍यो, सीमावर्ती समाजवादी देश र सोभियत संघको बर्चश्व बढ्यो ।' (Detering Democracy: 1992)

स्मरणीय छ, ग्रीसमा वामपन्थीहरुलाई पराजित गरिसकेपछि त्यहाँ अमेरिकाले स्थापित गरेको कठपुतली सैनिक शासकहरुले अमेरिका र उसका मित्र पश्चिमा पूँजीवादी साम्राज्यवादी शक्ति मुलुकहरुको लागि मध्यपूर्वको तेलको भण्डारमाथिको उनीहरुको एकाधिकारलाई कायम गरी राख्न चेक पोष्टका सिपाहीहरुको भूमिका खेलेका थिए ।

## इटालीमा फासीवादीहरुसँग गठजोड

ग्रीसका वामपन्थीहरुविरुद्ध गरिएको हस्तक्षेप अमेरिकी साम्राज्यवादले यूरोपमा गरेका सैनिक हस्तक्षेपहरुमध्ये पहिलो थियो । तर नाजीवादी-फासीवादीहरुसँगको गठजोडको हिसावले भने अमेरिकाको लागि ग्रीस पहिलो देश थिएन । अहिले दोस्रो युद्धमा फासीवादीहरुमाथि विजय प्राप्त गरेकोमा बिजयोत्सव मनाउने स्वाङ्ग गरिरहेको अमेरिकाले आफ्नो निहित स्वार्थको लागि फासिवादीहरुसँग इतिहासमा प्रथम पटक घाँटी जोडेको उदाहरण इटालीमा देख्न पाइन्छ ।

'फासीवाद' भन्नेवित्तिकै संकटग्रस्त पूँजीवादीहरुको खुँखार तानाशाहीतन्त्रका रुपमा बुझिन्छ । इटालीका मुसोलिनी फासीवादका स्रस्टा थिए । तर हामीलाई यो तथ्य थाहा पाउँदा आश्चर्य लाग्ला, इटालीमा मुसोलिनीको फासीवादी शासनको १९२२ देखि १९३० सम्मको अवधिमा अमेकिारले खूद मुसोलिनीलाई समर्थन गरेको इतिहास छ । मुसोलिनीले दोस्रो विश्व युद्धमा नाजीवादी हिटलरसँग मिलेर काम गरेपछि फासीवादी मुसोलिनीसँग अमेरिकाको टुक्रिएको सम्बन्ध सन् १९४३ मा अमेरिकी सैनिकहरुले दक्षिणी इटाली मुक्त गरेपछि पुनः जोडिएको थियो । अमेरिकाले मुसोलिनीको फासीवादी सरकारलाई सहयोग र समर्थन गर्ने फिल्डमार्शल बेडोग्लियो र शाही परिवारलाई इटालीको सत्ता सुम्पेर फासीवादीहरुसँग पुनः घाँटी जोडेको थियो । यो घाँटी जोडाइको एउटा प्रमुख उद्देश्य थियो-फासीवादी-नाजीवादी शक्तिहरुविरुद्ध सशस्त्र संघर्ष गरिरहेका इटालीका वामपन्थीहरुलाई इटालीमा सत्तासीन हुन नदिनु ।

अमेकिाले दोस्रो विश्वयुद्धको समाप्ति ताका वामपन्थीहरुलाई मात्रै बाहेक गरी नव फासीवादीहरुको समेत सहभागितामा इटालीमा दक्षिणपन्थी सरकार गठन गर्न लगाएको थियो । उसले वामपन्थीहरुलाई १९४८ मा संसदीय बाटोबाट चुनावमार्फत् पनि सत्तासीन हुन नदिनका लागि अनेकौं जालझेल र तिकडमहरु रचेको थियो । अमेरिकाले त्यहाँका वामपन्थीहरुका विरुद्ध "उग्रवादी अप्रजातान्त्रिक, सोभियत दलाल" आदि आरोपसहित प्रचारयुद्ध चलाएको थियो । किसान-मजदूरका वर्ग-संघर्षमाथि भूतपूर्व फासीवादी सेना तथा प्रहरीद्वारा हिंसात्मक दमन गराएको थियो । इसाई धर्म गुरु पोपलाई प्रयोग गरी वामपन्थीहरुलाई भोट दिनेहरु येशु क्राइष्ट विरोधी भनी आरोप लगाउने कार्य समेत गरेको थियो । यसको अलावा, वामपन्थीहरुलाई भोट दिएमा राशनमा पाइरहेको खाना बन्द गर्ने, अमेरिकामा पस्नै नदिने, मार्शल प्लान अन्तर्गतको करोडौं डलरको सहयोग रोक्का गर्ने एवं वामपन्थीहरुलाई सहयोग र समर्थन गर्ने इटालीयन मूलका अमेरिकीहरुलाई देश निकाला गर्ने नीति खुलेआम प्रचार-प्रसार गरिएको थियो ।

हिंसा, दमन, धाँधली, प्रचारयुद्धबाट पनि १९४८को चुनावमा वामपन्थीहरुलाई हराउन नसकेमा अन्ततः अमेरिकाले त्यहाँ सैनिक हस्तक्षेप गर्ने योजना बनाएको थियो । वामपन्थीहरुले इटालीको चुनाव जितेमा पूँजीवादी खेमालाई सैनिक एवं आर्थिक सहायता दिने र गोप्य सैनिक कारवाहीको लागि तयारी गर्ने, यतिसम्म कि- कम्युनिष्ट पार्टीलाई प्रतिबन्धित समेत गर्ने योजना बनाएको तथ्य अमेरिकी राष्ट्रिय सुरक्षा परिषद् (NSC) का खाताहरुमा अहिले पनि भेटिन्छ ।

तर संयोग, यस्तो सैनिक हस्तक्षेपभन्दा अगाडि गरिएका धाँधलीका कामकारवाहीबाटै चुनावमा इटालीका वामपन्थीहरु पराजित भए । दोस्रो शक्तिको रुपमा विकसित भएका वामपन्थीहरु विरुद्धको अमेरिकी हस्तक्षेपकारी क्रियाकलापमा मूलतः सी.आई.ए.ले भूमिका खेलेको थियो । अमेरिकाको शक्तिशाली सैनिक केन्द्र-राष्ट्रिय सुरक्षा परिषद् ९ल्क्ऋ० ले १९४७ को डिसेम्बर मै सी.आई.ए.लाई इटालीमा वामपन्थीहरुका विरुद्ध अभियान चलाउने जिम्मा दिएको थियो । यो जिम्मा सफलतापूर्वक पूरा गरेर सी.आई.ए. ले आफ्नो इतिहासमा पहिलो पटक विदेशमा प्रमुख हस्तक्षेपकारी कार्य गरेको थियो । यो क्रमलाई सी.आई.ए.ले १९७० सम्म लगातार जारी राख्दै इटालीमा 'फासिवादी प्रजातन्त्र' स्थापित गर्न मदत गरिरह्यो ।

## यदि फ्रान्समा वामपन्थीहरुले चुनाव जितेमा...

दोस्रो विश्वयुद्ध ताका सैनिक र आर्थिक शक्तिको रुपमा देखा परेको अमेरिकाले विश्वभरी आर्थिक प्रभूत्व कायम गर्ने नियतले आफ्नो महाशक्ति

राष्ट्र हुने राजनीतिक स्वार्थ पूरा गर्नका लागि जापानलाई आफ्नो खल्तीमा राखेपछि र जर्मनीलाई पनि चिरा चिरा पारेर भाग लगाएपछि फ्रान्समाथि गिद्दे दृष्टि लगाएको थियो ।

इटालीमा जस्तै, फ्रान्समा पनि अमेरिकाले दोस्रो विश्वयुद्धको समाप्तिपश्चात् वामपन्थीहरु बाहेक अन्य सबै राजनेताहरु, फासीवादी र दक्षिणपन्थीहरुलाई समेत संयुक्त सरकार बनाउन कडा दवाब दिएको थियो । अमेरिकी दवाबसामु झुक्न बाध्य फ्रान्सिसी राजनेताहरुले वामपन्थीहरु बाहेकको संयुक्त सरकार त गठन गरे तर फ्रान्सकै मुख्य राजनीतिक शक्तिको रुपमा देखा परेका त्यहाँका वामपन्थीहरुको संघर्षको चापलाई भने घटाउन सकेनन् ।

यूरोपमा आफनो राजनीतिक, आर्थिक र सैनिक प्रभुत्व स्थापित गर्न, विश्वयुद्ध ताका ध्वस्त भएका देशहरुको पुनर्निर्माणको लागि आर्थिक सहयोग दिने निहुँमा अमेरिकाले 'मार्शल प्लान सहयोग' दिने योजना थालेको थियो । यस योजनाअन्तर्गत उसले फ्रान्समा पनि दुई तीन वटा स्पष्ट उद्देश्य सिद्धि गर्न खोजको थियो ।

ती उद्देश्यहरु फ्रान्सका लागि तत्कालीन अमेरिकी राजदूत जेफर्सन क्याफेरीको भाषामा भन्ने हो भने- "फासीवाद विरोधी मूल राष्ट्रिय राजनीतिक शक्ति-वामपन्थीहरुलाई सत्तासीन हुन नदिनु थियो" चाहे यसबाट स्वतन्त्र चुनाव नै नहुने स्थिति किन नहोस् ।

तात्कालीन राजदूत जेफर्सनले मार्शल प्लानको घोषणा हुनुभन्दा केही समय अगाडि अमेरिकी विदेशमन्त्री जर्ज मार्शललाई भनेका थिए- "यदि फ्रान्समा कम्युनिष्टहरुले चुनाव जितेमा पश्चिमी यूरोप, अफ्रिका र भूमध्यसागर एवं मध्यपूर्वमा सोभियत घूसपैठलाई निकै ठूलो मद्दत मिल्नेछ ।"

त्यसैले अमेरिकाले फ्रान्समा वामपन्थीहरुलाई स्वतन्त्र रुपमा राजनीतिक प्रतिस्पर्धा गर्न नपाउने वातावरण बनाउन अनेकौं षडयन्त्र गर्न थाल्यो । १९४८ मा त अमेरिकी विदेशमन्त्री जर्ज मार्शल र अन्य अधिकारीहरुले खुला रुपमै घोषणा गर्न थाले- "यदी कम्युनिष्टहरुलाई भोट दिएर सत्तामा पुऱ्याइयो भने, अमेरिकाले आफ्नो सहयोग राशी रोक्नेछ ।"

यी सबै हथकण्डाहरुका अलावा अमेरिकाले इटालीमाजस्तै वामपन्थीहरुको नेतृत्वमा संचालित मजदूर आन्दोलनलाई विभाजित गर्ने र हिंसात्मक ढंगले दमन गर्ने, वाम-समर्थकहरुलाई राशन कटाउने, ठगहरुको गिरोह बनाई हतियारले सुसज्जित पार्ने र हडताल तोड्नको लागि प्रयोग गर्ने गरिरहेको थियो । अमेरिकाले सी.आई.ए. मार्फत् लागू औषधको तस्कर एवं हत्याराहरुको दस्ता 'माफिया' दल संगठित गर्ने, साथै उनीहरुलाई हतियार र लागू औषधको तस्करीमा लगाउने । त्यसको आम्दानी वाम-आन्दोलन दबाउन प्रयाग गर्ने कार्य समेत फ्रान्सको सन्दर्भमा गरेका थुप्रै उदाहरणहरु यत्रतत्र पाइन्छन् ।

यसरी फ्रान्समा वामपन्थीहरुलाई सत्तासीन हुन नदिई त्यहाँ 'माफिया प्रजातन्त्र'को स्थापना गरियो ।

### चेकोस्लोभाकियामा प्रतिगामीहरु परास्त

नाजीवाद र फासीवाद विरोधी संघर्षका नेतृत्वकारी शक्तिहरुमध्ये प्रमुख शक्ति वामपन्थी-हरुलाई सत्तासीन हुन नदिन र सत्तासीन भइरहेका-हरुलाई कुर्सीबाट खसाल्न फ्रान्स, इटाली, ग्रीस र बेल्जियममा जेजस्ता हथकण्डाहरु प्रयोग गरिएको थियो, ती सबै चेकोस्लोभाकिया, पूर्वी जर्मनी र हंगेरीमा पनि तदारुकताका साथ लागू गरियो ।

१९४८ मा चेकोस्लोभाकियामा वामपन्थीहरुसँगै संयुक्त सरकारमा गएका पूँजीवादीहरुले भूमिसुधार र राष्ट्रियकरणको कार्यक्रमको विरोध गर्दै १९४८ को फेब्रुअरीतिर विदेशी प्रतिक्रियावादीहरु, विशेषत: चेक जनतालाई चुस्न पल्केका साम्राज्यवादीहरु र तिनीहरुको नाइके अमेरिकाको सहयोगमा विद्रोह गरेका थिए । वामपन्थीहरुले ठूलो मात्रामा जन समर्थन-सहयोग र क्रियाशीलता हासिल गरी जनविद्रोह संगठित गरी त्यो प्रतिक्रान्तिकारी विद्रोहलाई असफल पारेका थिए ।

चेकोस्लोभाकियाको कम्युनिष्ट पार्टीको मुखपत्र Rude Pravo ले फेब्रुअरी २८, १९४८ मा त्यसम्बन्धी विस्तृत रिपार्ट र विश्लेषण प्रस्तुत गर्दै लेखेको कुरा स्मरणीय देखिन्छ- 'देशी-विदेशी प्रतिक्रियावादी शक्तिहरुले दोस्रो विश्वयुद्ध अगाडि स्पेनमा र युद्ध पछाडि ग्रीसमा प्रयोग गरेको प्रतिक्रान्तिकारी फर्मूला यहाँ लागू गरी आफ्नो स्वर्ग बनाउन सकेनन्, यसको पछाडिको गूढ रहस्य हो- जनताको प्रजातन्त्रका पहरेदार कम्युनिष्टहरुसँग रहेको अपार जनसमर्थन् ।'



मई १९४५ मा लाल सेनाले बर्लिनमाथि रातो झण्डा फहराएर नाजीवादी हिटलरलाई परास्त गरे ।

**पूर्वी जर्मनीमा कृषि सहकारीहरुको स्थापना गर्ने र पूँजीपतिहरुको शोषणलाई अन्त गर्ने प्रयास थालिएपछि आगो भएको अमेरिकाले १९५३देखि आन्तरिक बिग्रह शुरु गरेको थियो ।**

दोस्रो विश्वयुद्धपछि वामपन्थीहरुको हातमा गएको पूर्वी जर्मनीमा कृषि सहकारीहरुको स्थापनाँ गर्ने र पूँजी-पतिहरुको शोषणलाई अन्त गर्ने प्रयास थालिएपछि आगो भएका फासीवादीहरु, पुँजीपतिहरु एवं अमेरिकी साम्राज्यवादीहरुले १९५३ को जुन महिनादेखि आन्तरिक विग्रह शुरु गर्ने र पश्चिम जर्मनीबाट सैनिक हस्तक्षेप गर्ने दुस्प्रयास गरेका थिए । विद्रोह संगठित गर्न गुप्तचर एजेन्टहरु पठाउने, रेडियो स्टेशन स्थापना गरी रातोदिन वामपन्थीहरुविरुद्ध कुप्रचार गरी व्रिद्रोहको लागि जनतालाई आव्हान गर्ने, श्रमिकहरुलाई हडतालको लागि भड्काउने आदि यावत प्रयत्न गरियो । तर सत्तासीन वामपन्थीहरुले मजदूर वर्गको साथ लिएर आन्तरिक विद्रोहलाई दमन गर्ने र सोभियत संघको पूर्वी जर्मनी स्थित लालसेनाको सहयोग लिएर विदेशी सैनिक हस्तक्षेपको मुकाविला गर्ने प्रयास गरे ।

यसैको फलस्वरुप पुँजीवादीहरुको बगैंचा बनाउनेहरुको सपना तत्कालको लागि ध्वस्त भएको थियो ।

तर अहिले देशी-विदेशी प्रतिक्रियावादीहरुको ती र त्यस्ता विध्वशंकारी गतिविधिहरुको बढ्दो चाप, वामपन्थी पार्टीहरुमै पूँजीवादीहरु जन्मन सक्ने वातावरणको निर्माण र जनताको सजगता-सचेतनता र संगठित प्रयासको अभावमा त्यहाँ र सम्पूर्ण पूर्वी यूरोपमा पूँजीवादीहरुको स्वर्गको पुनर्स्थापना हुन गएको छ ।

यसरी पूँजीवादको पुनर्स्थापनाको स्पष्ट संकेत हंगेरीमा वामपन्थी शासन चलिरहेको बेला वामपन्थी सरकारकै प्रमुख इमेरी नागीले अन्ध राष्ट्रवादी नारा दिएर वामपन्थीहरुलाई नै दमन गरेपछि देखिएको थियो । हंगेरीबाट मित्र राष्ट्र सोभियत संघको लाल सेना फर्काउनु पर्ने, वार्सा सन्धिसंगठनबाट आफ्नो देशलाई अलग्ग गर्ने, अमेरिकासँग सहयोग लिई आर्थिक विकास गर्ने कुरा उठाउने काम इमेरी नागीले आफू सत्तासीन भएको दिन-अक्टोबर २४, १९५६ देखि नै शुरु गरेका थिए ।

इमेरी नागीको यो धृष्टताको विरोधमा वामपन्थीहरु र वाम-समर्थक जनता सडकमा उत्रेपछि उनले पुराना फासीवादीहरु, पूँजीपति र डाँकाहरुको सहायताबाट हजारौं वामपन्थीहरुको संहार गरे, अमेरिकी साम्राज्यवादसँग हार-गुहार मागी अमेरिका नियन्त्रित 'रेडियो फ्री यूरोप' बाट वामपन्थीविरोधी कुप्रचार गराए !

इमेरी नागीका यी प्रतिक्रान्तिकारी क्रियाकलापहरुको विरोधमा मजदूर वर्ग र वामपन्थीहरुको संघर्षले सशस्त्र र हिंसात्मक रुप लियो । यसैबीच, संघर्षशील जनताको आव्हानमा मित्र राष्ट्र सोभियत संघका लाल सेनाहरुले मजदूरवर्ग र वामपन्थीहरुको समर्थनमा इमेरी नागी सरकारमाथि धावा बोल्यो ।

यसै संयुक्त प्रयासस्वरुप इमेरी नागीलाई हटाई क. जानोस् कादरको नेतृत्वमा उनकै मन्त्रीहरु सम्मिलित सरकार बन्यो, जन अदालतले नागीलाई मृत्युदण्ड दियो तथा प्रति-क्रान्तिकारीहरुलाई निशस्त्र पारियो ।

देशी-विदेशी प्रतिक्रियावादी पूँजीवादी र साम्राज्यवादीहरुले यसरी वामपन्थी शासनलाई फ्याँक्न अन्धराष्ट्रवादीहरु जन्माउने, त्यस्तो भावना उक्साउने, वैचारिक र सांस्कृतिक आक्रमण गर्ने, सैनिक सहयोग र हस्तक्षेप गर्ने गरेको पाइन्छ ।

### एशियामा प्रयोग गरिएका घिनलाग्दा उपायहरु

अमेरिकी सैनिक आक्रमणको शिकार बनेका चीन, कोरिया, फिलिपिन्स, फिजी आदि देश रहेको एशियामा वामपन्थी पार्टीहरुलाई सत्तासीन हुन नदिन प्रयोग गरिएका घिनलाग्दा उपायहरुमा मूलतः युद्ध नै प्रमुख उपाय रहेको देखिन्छ ।

आजभन्दा डेढसय वर्ष अगावै चीनमाथि आक्रमण गर्ने देश अमेरिकाले त्यहाँका प्रतिक्रियावादीहरुलाई स्थापित गरिराख्न र क. माओ त्से तुङ्गको नेतृत्वमा रहेको कम्युनिष्ट पार्टीलाई सत्तासीन हुन नदिन पटक पटक सैनिक आक्रमण गर्नु, प्रतिक्रियावादीहरुको नायक च्याङ्ग काई शेकलाई सहयोग गर्न आफ्नो फौज तैनाथ गर्ने, उसलाई सैनिक-आर्थिक सहयोग दिने कार्य गरेको तथ्य त सबैलाई संझना नै भएको कुरा हो ।

सबैलाई संझना भएको अर्को घटना हो- कोरियाविरोधी युद्ध !

अमेरिकाले कोरियाका प्रतिक्रियावादी-प्रतिगामी शक्तिलाई सहयोग र निर्देशन दिई कोरियाली युद्धभन्दा अगावै दक्षिण कोरियामा मात्रै १ लाख कोरियाली जनता मारेको थियो । अमेरिकाले १९५० देखि १९५३ सम्म 'कोरियाली युद्ध' शुरु गरेर क. किम इल सुङ्ग को नेतृत्वमा चलिरहेको उत्तर कोरियाली वामपन्थी सरकारलाई तहस-नहस गर्ने सपना देखेको थियो । त्यो सपना त पूरा भएन, तर अमेरिकाले कोरियालाई पनि जर्मनीलाई जस्तै दुई फ्याँकमा विभाजन गरी स्थापित गरेको आफ्नो कठपुली शासन त अद्यापि चलिरहेको छ ।

भियतनामलाई पनि अमेरिकाले जर्मनी र कोरियालाई जस्तै निर्मतापूर्वक चिरेर आफ्नो भाग लगाउन खोजेको कुरो पनि कसैले बिर्सन सक्दैन । फ्रान्सिसी उपनिवेशवादीहरुलाई सशस्त्र संघर्षद्वारा भगाई, एशियामै पहिलो पटक आफ्नै मेहेनतले किसान र मजदूरहरुको सरकार बनाउने भियतनामीहरुविरुद्ध अमेरिकाले १९५५ देखि नै आफ्ना सैन्य विशेषज्ञहरु र सल्लाहकारहरु पठाई त्यहाँ पनि प्रतिक्रान्ति निर्यात गर्न थालेको थियो ।

क. हो चि मिन्हको नेतृत्वमा संचालित भियतनामी वामपन्थी सरकार विरुद्ध लड्न ५ लाख ५० हजार सेना पठाउने अमेरिकाले १९६४ देखि १९७५ सम्ममा दोस्रो विश्व युद्धमा भएको सम्पूर्ण वमवर्षभन्दा बढी र त्यस क्षेत्रमा दोस्रो विश्व युद्ध ताका खसालिएका वमहरु भन्दा २५०% बढी- ७ लाख ६० हजार टन अत्याधुनिक नरभक्षी बम वर्षा गऱ्यो । अन्ततः जापानी र फ्रान्सिसी उपनिवेशवादीहरु जस्तै अमेरिका पनि वीर भियतनामी जनताको हातबाट नराम्ररी पराजित भयो । ५८ हजार सैनिक र करोडौं डलर युद्धमा स्वाहा पारी बेइज्जतीपूर्वक अमेरिकाले भियतनामबाट भाग्नु पऱ्यो । लाल खमेर (खमेर रुज) र लाल लाओसवासीहरुको सशस्त्र प्रतिरोधपछि अन्ततः हिन्द-चीन क्षेत्रबाटै अमेरिकाले भाग्नु पऱ्यो, वामपन्थीहरुको सत्ता स्थापना भएको देखेर भयभीत हुँदै ।

अफ्रिका पनि यूरोप र एशिया जस्तै अमेरिकाको वामपन्थी विरोधी नीतिको शिकार हो । कंगोमा संयुक्त राष्ट्र संघमार्फत गरिएको कारवाही र कंगोका देशभक्त राष्ट्रिय नेता प्याट्रिश लुमुम्बाको हत्या, कंगोकै राष्ट्रपति मारी डार्गोबिको हत्या, घानाका राष्ट्रपति क्वामे एन्क्रुमाको सरकार विरुद्ध गरिएको षडयन्त्र र सरकार नै अपदस्थ गरिएको घटना, केन्याली प्रगतीशील नेता म्वांगी कारिउकीको निर्मम हत्या, जाम्बियाका राष्ट्रपति केनेथ काउन्डाको हत्याको प्रयासलाई सी.आई.ए.ले जति लुकाउन खोजे पनि लुकाउन नसकेका जघन्य कारवाहीहरु हुन् । यी कारवाहीहरुको उद्देश्य- आफ्नो साम्राज्यवादी स्वार्थ पूरा हुन नदिने वामपन्थीहरुलाई सत्ताबाट बञ्चित गर्नु नै रहेको पाइन्छ ।

विश्वको इतिहासमा अमेरिकाले वामपन्थीहरुलाई सत्तामा आउनै नदिन वा सत्ताच्यूत गर्ने गरेका कुकृत्यहरु अहिले पनि जारी छन् । यही दशकमा उसले निकारागुआमा यही काम गरेको थियो । त्यहाँ कसरी साण्डिनिष्टाहरुलाई अपदस्थ गरियो, हामीले मूल्याङ्कनको विगतका अंकहरुमा प्रकाशित गरिसकेका छौं ।

हामीले अहिले घोत्लिनु पर्ने र खोजी गर्नुपर्ने कुरा के हो भने- अहिले जुन ढंगले एमालेलाई नेपालमा सरकारबाट अपदस्त गर्ने काम "कानूनी बाटोबाट" गरिएको छ, त्यसमा त्यही अमेरिकी साम्राज्यवादको प्रत्यक्ष हात त छैन ? अहिलेको नेपालको घटना र विश्वका माथि उल्लिखित घटनामा संबन्ध र समानता त छैन ?

—— राजेन्द्र महर्जन


शुभ विजया दशमी २०५२ को उपलक्ष्यमा
हार्दिक मंगलमय शुभकामना
साथै न्यानो अभिवादन व्यक्त गर्दछौं ।

- चिया/ कफी खेतीको लागि कृषकहरुलाई आवश्यक सर सल्लाह, प्राविधिक सहयोग प्रदान गर्ने ।
- फिल्ड निरीक्षण गरी उत्पादन बढाउनका लागि कृषकहरूलाई नयाँ प्रविधिको बारेमा जानकारी दिने ।
- कृषकहरुबाट उत्पादित चिया/कफी अझ बढी गुणस्तरयुक्त बनाउन् आवश्यक सरसल्लाह प्रदान गर्ने ।
- कृषकहरुबाट उत्पादित चिया/कफीको लागि बजार व्यवस्था मिलाउने ।
- चिया/कफी खेतीको लागि कृषकहरुलाई ऋण चाहिएमा बोर्डले वित्तीय संस्थाहरुमा ऋणको लागि सिफारिस गरिदिने ।
- यस उद्योगको विकासका लगि कृषकहरुलाई तालिम तथा अनुसन्धान अध्ययनको व्यवस्था मिलाउने ।
- चिया/कफी क्षेत्रबारे श्री ५ को सरकारलाई नीतिगत परामर्श उपलब्ध गराउने ।
- चिया/कफी खेतीको संभाव्यता अध्ययन गर्ने ।

चिया/कफी खेती सम्बन्धी सर्वसाधारण जनतालाई
प्राविधिक, प्रशासनिक र नीतिगत सरसल्लाह निम्न स्थानमा
रहेका कार्यालयहरुबाट आवश्यक सेवा उपलब्ध हुन सक्छः

– केन्द्रीय कार्यालय : राष्ट्रिय चिया तथा कफी विकास बोर्ड, अनाम नगर, काठमाडौं
– क्षेत्रीय कार्यालय : क्षेत्रीय चिया विकास कार्यालय, इलाम,
क्षेत्रीय कफी विकास कार्यालय, पाल्पा
–चिया विस्तार योजना : जसबिरे, इलाम/ फिक्कल, इलाम/मंगलबारे, इलाम
लालिखर्क, पाँचथर/सोल्मा, तेह्रथुम/हिले, धनकुटा

राष्ट्रिय चिया तथा कफी विकास बोर्ड
केन्द्रीय कार्यालय, अनाम नगर
काठमाडौं
फोन नं. : २३२ ७५६

# विश्व-क्रान्ति-योद्धा चे ग्वेभाराको धारावाहिक जीवनी

## ३

# क्युबाली क्रान्तिमा चे र क्यास्त्रोको छापामार युद्ध

विश्व-क्रान्ति-योद्धा क. चे ग्वेभाराको ६७ औं जन्म दिवसको उपलक्ष्यमा हामीले क. चेको धारावाहिक जीवनी प्रकाशन गर्ने सिलसिला थालेका थियौं । गतांकसम्ममा हामीले चेको जन्मदेखि लिएर मेक्सिको प्रवेशसम्मको बारेमा जीवन्त रिपोर्ट प्रस्तुत गरेका थियौं ।

एक जना मेडिकल डाक्टर भएर पनि अर्जेन्टिना, चिली, पेरु, बोलिभिया, ग्वाटेमाला र मेक्सिकोको जीवन एवं जगतको अध्ययन भ्रमणको क्रममा उहाँ कसरी क्रान्तिकारी हुनुभयो भन्ने कुरासम्म तपाईंहरुले पढ्नु भयो । र, मेक्सिको प्रवास-कालमा कसरी चेले क. फिडेल क्यास्त्रोसँग भेट्नु भयो ? कसरी क्युबामा छापामार युद्धको तयारी गर्नुभयो ? भन्ने प्रसंगसम्म यहाँहरुले पढीसक्नु भएको छ । यस पल्ट प्रस्तुत छ- क्युबाली क्रान्तिमा उहाँहरु-द्वारा संचालित छापामार युद्ध !

— *मूल्याङ्कन*



**"म अलेग्रिया डे पियो भन्ने ठाउँलाई कहिले पनि बिर्सन्नं, त्यहाँ डिसेम्बर ५, १९५६ मा हाम्रो छापामार-दस्ता युद्धमै दीक्षित भयो, त्यहाँको युद्धमा हामीले प्रथम पटक हामीभन्दा अत्यन्त ठूलो बतिस्ता सेनासँग मुकाबिला गर्‍यौं ।"**

*-क. चे ग्वेभारा*

युद्धमा पराजयको पीडा आफ्नो सहयात्रीहरुको मृत्युभन्दा पनि निकै असहनीय हुन्छ । अलेग्रिया डे पियोको प्रथम युद्धमा आफ्ना सहयोद्धाहरुको शहादत, गोलीले छिया-छिया भएका जीवित कमरेडहरुको दुखाइ र प्रथम युद्धको पराजयको पीडालाई सुमसुम्याउँदै सियरा माइस्त्राको एक किसानको घरमा शरण लिन पुगे- क्यूबाली क्रान्तिकारीहरु !

**ला प्लाटाको सफल आक्रमण**

किसानहरुको सहयोगमा उनीहरुले फेरि युद्ध, फेरि बतिस्ताको तानाशाही शासनविरोधी मुख्य सैनिक अभियानहरु र अन्तिम विजयको सपना देख्न थाले । ससाना युद्धहरु जित्दै, क्यूबाली जनताको क्रान्तिप्रतिको विश्वासलाई जगाउँदै अगाडि बढ्ने क्रममा उनीहरुले १९५७ को जनवरी १६ मा 'ला प्लाटा' नदी स्थित बतिस्ताको सैनिक पोष्टमा आक्रमण गरे र दुई जना सेनालाई मारेर, ५ जनालाई घाइते पारेर चौकीमाथि सफलतापूर्वक कब्जा गरे ।

क. चे ग्वेभाराको सक्रिय सहभागितामा भएको ला प्लाटाको सफल आक्रमणबाट क्यूबाली क्रान्तिकारीहरुहरुले थुप्रै राइफलहरु, थम्पसन् सब मेशीन गन र अन्य खर-खजाना कब्जा गरी बन्दी सैनिकहरुलाई उपचार गरेर मात्रै रिहा गरे । 'ला प्लाटा'को प्रथम विजयले क्यूबाली क्रान्तिकारीहरुमा जोश जाँगरको संचार गर्‍यो । तर एउटै सफल युद्धले क्यूबाली किसानहरुलाई क्रान्तिकारी युद्धको भेलमा सामेल गर्न कहाँ संभव हुन्थ्यो र ? किसानहरुमा क्रान्तिप्रति पूर्ण विश्वासको स्थिति बनाउनका लागि समय र सक्रियता दुवैको अभाव भइरहेकाले संघर्षमा सहभागी हुन उनीहरु हिच्किचाइरहे । अर्कोतिर क्यूबाली शहरहरुमा संघर्षरत क्रान्तिकारीहरुसित समेत राम्रो सम्पर्क र संचारको व्यवस्था भइसकेको थिएन ।

**सियरा माइस्त्राका पहाडहरू : छापामारहरूको गढ**

ला प्लाटाको बिजयपछि तत्कालै सियरा माइस्त्राका पहाडहरुलाई ती क्रान्तिकारीहरुले आफ्नो गढ बनाउने निर्णय गरे । सैनिक विमान उडाउन पनि निकै कठीन हुने खालको चट्टाने भीर र जंगलले भरिपूर्ण ती पहाडहरुबाट एउटा मेशीन गनको भरमा पनि एक हजार दुश्मनको सामना गर्न सकिन्छ भन्ने अनुभव पहिलेको स्वतन्त्रता संग्रामहरुको थियो । आफ्नो स्वतन्त्रताको लागि युद्ध गर्न कहिल्यै नहिच्किचाउने र १९ औं शताब्दीमा भएका स्वतन्त्रता संग्रामहरुमा क्रान्तिकारीहरुले ती पहाडी इलाकाबाट बीरतापूर्वक संघर्ष गर्दा वफादारितापूर्व साथ दिने किसानहरुको पृष्ठभूमि हेरेर पनि तिनीहरुले त्यसलाई आफ्नो गढ बनाउने निर्णय गरेका थिए ।

बतिस्ताको सेना, विमान र प्रहरीहरुको लखेटाइ, किसानहरुको सहयोग र समर्थनको अपेक्षाकृत अभावले गर्दा भोक प्यासले लखतरान हुँदै सियरा माइस्त्राका पहाडहरुमा भौंतारिरहेका क्यूबाली क्रान्तिकारीहरुले तुरुन्तै पाल्मा मोचा नामक नदीस्थित कुख्यात सैनिक कमाण्डर साँचेज मोस्कुएराको नेतृत्वमा रहेको एल आरोयो डेल इन्फियर्नो सैनिक अड्डामा २२ जनवरीमै आक्रमण गर्ने योजना बनाए । पाँच जना सैनिकलाई मारेर तिनीहरुले उक्त अड्डा पनि कब्जा गरे ।

अब शत्रु बतिस्ताको सेना र क्यूबाली क्रान्तिकारीहरुको आमने-सामने संघर्ष हुने स्थिति उत्पन्न हुन थाल्यो । कुख्यात सैनिक कमाण्डर साँचेज मोस्कुएराको नेतृत्वमा क्यूबाली क्रान्तिकारीहरुलाई दमन गर्न खटिएको बतिस्ताको सैन्य शक्तिले पुनः शक्ति संचय गरी आक्रमण गर्न तयारी गरिरहेको थाहा पाएर ती क्रान्तिकारीहरुले पुनः आक्रमण गरी उनीहरुलाई परास्त गरे ।



सियरा माइस्त्राको गढमा क्युबाली छापामारहरू/क. चे बच्चा बोक्दै बीचमा

दोस्रो युद्धमा कुख्यात साँचेजको फौजलाई परास्त गरेर विजयी भएका क्रान्तिकारीहरु ला प्लाटा नदीको तिरैतिर हिंड्दै, काराकस क्षेत्रमा पुगेपछि क्यासिलासको शत्रु सेनाविरुद्ध युद्धको तयारी गर्न थाले। यसैबीच, युद्धको कठीन घडी देखेर केही कमरेडहरुमा शहरीया कामप्रति मोह बढ्न थालेको देखेर क. फिडेल क्यास्त्रोले बैचारिक प्रशिक्षण चलाउनु भयो। उहाँले छापमारहरुबीच अनुशासनको कमी हुनु खतरनाक कुरो हो भन्नु हुँदै अटेरी हुनु, भगुवापन देखाउनु र हुतिहारा हुनु दण्डनीय कुरो हो भन्नु भयो।

## आकाशबाट भीषण आक्रमण

अनुशासनको कमी, बैचारिक स्पष्टताको अभाव र भगुवापनामा केही बृद्धि हुनुले छापामार सेनामा केही अस्तव्यस्तता त थियो नै, त्यसमाथि, क्यूबाली सीमामा प्रवेश गर्दाखेरीदेखि साथ दिंदै आएको किसान एवं बाटो देखाउने व्यक्ति यूटिमियो ग्वेराले बीचैमा गिरफ्तार हुँदा आफूलाई बेचिसकेको रहेछ। क्रान्तिप्रति गद्दारी गरेर उसले क. फिडेललाई मार्न लगाउने षड्यन्त्र स्वरुप २९ जनवरीमा घर जाने निहुँ पारेर बतिस्ताको सेनालाई बोलाएर ल्यायो। ३० जनवरीको बिहानै आकाशबाट बतिस्ताका सैनिकहरुले भीषण आक्रमण गरे। बम वर्षा र मेशिगनद्वारा आकाशबाट गरिएको त्यस अप्रत्याशित आक्रमणले गर्दा क्रान्तिकारीहरुबीच भागाभाग नै मच्चियो। ५ वटा प्लेनद्वारा गरिएको त्यस बम-आक्रमणबाट सबै क्रान्तिकारीहरु भने सुरक्षित हुन सके तर उनीहरु बसिरहेको त्यो क्याम्प भने ध्वस्त भयो।

आफ्ना बचे-खुचेका हातहतियार बोकेर तिनीहरु पहाड चढ्न थाले। पहाडी गाउँहरुमा मेजर क्यासिलासको सेनाले श्वेत आतंक नै मच्चाएर गएको रहेछ। हवाई आक्रमणको कारणले लुक्दै, आराम गर्दै, आफ्ना बाँकी कमरेडहरुको खोजी गर्दै हिंडेका चे लगायत केही क्रान्तिकारीहरु १ फेब्रुअरीमा उच्च पहाडमा सानो क्याम्प खडा गरी बसे। यसैबीच, मेजर क्यासिलासको सेनाको अत्याचारले गर्दा आहत जनताको चित्कार पटक-पटक सो क्याम्पसम्म सुनियो। त्यो चित्कार सुनेर भयभीत एक छापामार सेर्जियो अकुनाले क्याम्प छाडेर भगुवापन देखायो। ऊ भागेको केही घण्टा पछि नै क. क्रेसन्सियोले बाँकी सबै कमरेडहरुलाई अजि नामक भ्यालीको क्याम्पमा ल्याइपुऱ्याएपछि पुनः हर्षोल्लास छायो। उनीहरुका साथमा मेन्जानिलोबाट छापामार सेनामा भर्ती हुन आएका केही नयाँ कमरेडहरु पनि थिए। क्युबा पसेको करीब दुई महीनापछि पुनः सबै कमरेडहरु एकै ठाउँमा भेला हुने, बाहिरका नयाँ कमरेडहरुलाई भर्ती गर्ने र बाह्य सम्पर्क स्थापित गर्ने, साथै मेन्जानिलोबाट प्राप्त सरसामान र खाद्यान्न बितरण गर्ने काम गरी आफूमा क्रान्तिकारी भाव संचार गरियो।

अजि उपत्यका छाडेर उनीहरु बिस्तारै एल लोमोन भन्ने ठाउँतिर बढ्न लाग्दा क. चेलाई औलो रोगले आक्रमण गऱ्यो। दमको रोगले पीडत चेमाथि यो नयाँ रोगले आक्रमण गर्दागर्दै पनि उहाँ क. क्रेस्पो र क. जेनोन अकोसताको सहाराले रातोदिन, खाना पानी, औषधिको अभावमा हिंड्नु भयो।

त्यसैबीच, क. सिरो फ्रियास केही कमरेडहरु सहित छापामार सेनामा सम्मिलित हुन आए। उनले शहरको राजनीतिक घटनाक्रमको समाचार क. फाउस्तिनोद्वारा संकलित हजारौं पेसो रकम र क्रान्तिकारी संघर्षका विकासका प्रक्रियाहरुको बिस्तारपूर्वक चर्चा गरेर उत्साहको संचार गरे। उनले भगुवा छापामार सेर्गियो अकुनालाई कुख्यात कपोरुत रोजेलोले 'भुण्ड्याएर मारेको' खबर पनि सुनाए।

## एक छापामारद्वारा गद्दारी : बम वर्षा

गद्दारी गरेर छापामारहरुलाई बतिस्ताको सेनाद्वारा हवाइ आक्रमण गर्न लगाउने गद्दार यूटिमियो ग्वेरा त्यस बेलासम्म पनि छापामार दस्ताभित्रै लुकेर बसिरहेको थियो। उसले त्यसबीच फिडेल क्यास्त्रोलाई नै मार्ने षडयन्त्र गऱ्यो। तर त्यसमा असफल भएपछि ९ फेब्रुअरीको बिहान १० बजेतिर लेब्राडा भन्ने नयाँ भर्ना भएको किसान-केटाले क्यासिलासका सेनाहरुसँग यूटिमियो ग्वेराले कुराकानी गरिरहेको र छापामारहरुको इलाकामा पुनः बमबारी गर्ने योजना बनाइरहेको गोप्य सूचना दिए। तत्कालै क. फिडेल क्यास्त्रोले छापामारहरुको क्याम्पलाई भंग गरेर पहाडतिर चढ्ने आदेश दिनु भयो। यो आदेश पालना गर्न अलिकति मात्रै ढीलो भएको भए सबै कमरेडहरुको एउटै चिहान हुने संभावना थियो।

एकै छिनपछि नै पुरानो क्याम्प वरिपरि क्यासिलासको सेनाले बम वर्ष गर्ने काम गऱ्यो। उक्त आक्रमणमा परी छापामार जेनोन अकोसता मारियो। तर अरु कमरेडहरु अल्मइदा, जुलितो डायज, यूनिभर्सो साँचेज, सिमिलो, ग्वुलेर्मो गार्सिया, सिरो फ्रियास, मोतोला, पिसान्त, इमिलियो र यायोसँगै क. चे अन्य बाँकी समूहसँग भेट्न जंगलैजंगल हिंड्नु थाल्नु भयो। उनीहरु अन्ततः एल लेमोनमा गई क. फिडेलहरुका समूह-हरुसँग समाहित भए। तर फसादको कुरो यो थियो कि- गद्दार यूटिमियोलाई एल लेमोनलाई छापामार-हरुले आफ्नो क्याम्पको रुपमा प्रयोग गर्छन् भन्ने कुरा पहिलेदेखि नै थाहा थियो।

एल लेमोनमा १२ फेब्रुअरी, १९५७ मा सबै क्यूबाली क्रान्तिकारी छापामारहरुले, जम्मा जम्मी १८ जना कमरेडहरुले एकै ठाउँमा भेटे। तर त्यसबीच फेरि ग्रान्मा अभियानको क्रमदेखिकै अर्को एक जना कमरेड अर्माण्डो रोड्रिग्वेजले भगुवापन देखाएर छापामार दस्ता छाडेर हिंडे। उता यूटिमियोले एल लेमोनमा छापामारहरु भेला भएको थाहा पाउलाकि भन्ने भयले त्यहाँबाट नयाँ ठाउँतिर, किसानहरु र शहरका क्रान्तिकारीहरुसँग जीवन्त सम्पर्क राख्न सकिने ठाउँहरुतिर बढ्ने क्रममा उनीहरुले ला मोन्तेरिया गाउँ नजिकैको जंगलमा क्याम्प स्थापना गरे।

## शहरबाट स्वयंसेवक र हतियारको सहयोग

शहरमा संघर्षरत छापामार-हरुसँगको सम्पर्कपछि हवाना र सान्टियागो शहरमा भूमिगत रुपमा क्रियाशील 'जुलाई २६ को आन्दोलन'का नेताहरु फ्रान्क पाइस् र अर्माडो हार्त लगायत प्रख्यात महिला नेतृहरु विल्मा आस्पन, हाय्डी सान्तामारिया र सेलिया साँचेजहरु छापामारकहाँ आइपुगे। उनीहरुले हातहतियार, गोलीगट्ठा, लुगाफाटा, औषधि, पैसाहरुका साथै कैयौं स्वयं सेवकहरु साथमा ल्याएका थिए। उनीहरुले अर्को महत्वपूर्ण कुरो पनि साथैमा ल्याएका थिए, त्यो हो- बतिस्ताको तानाशाही शासनविरोधी जन-संघर्षको ताता-तातो खबर ! उनीहरुले शरहमा बतिस्ताको सेनालाई छापामारहरुले चैनपूर्वक सुत्न नदिएको खबर सुनाए। साथै शत्रुद्वारा छापामारहरुलाई ध्वस्त-नष्ट हुने गरी दमन गरिएको, प्रतिदिन सरकारी संचार माध्यमहरुले 'अपराधी' छापामारहरुलाई हराउँदै क. फिडेल क्यास्त्रोलाई मारिसकेको हल्ला फैलाइरहेको खबर पनि सुनाए।

क. चे इस्कान्ब्रे पहाडमा शक्ति संचय गर्दै





छापामार युद्धको क्रममा दमको रोगले ग्रस्त हुनुभयो ।

क. चे एमिल लुड्विगको 'गोथे' पढ्दै

## अमेरिकामा हलचलपूर्ण रिपोर्ट प्रकाशित

क्यूबाली क्रान्तिकारीहरुले चलाइरहेको मुक्ति संग्राम, छापामारहरु र छापामार नेता क. क्यास्त्रोको बारेमा सही खबर विश्वभर प्रचार गर्न क. क्यास्त्रोले फाउस्तिनो पेरेजलाई हवाना शहर पठाएर प्रख्यात अमेरिकी पत्रकारलाई बोलाउने प्रबन्ध मिलाउनु भयो । त्यसपछि नै छापामार संघर्षको शुरुवातयता सर्वप्रथम पत्रकारहरुले क्यूबाली छापामार संघर्षका बारेमा विश्वव्यापी रिपोर्टिङ्ग गर्ने प्रबन्ध मिल्यो ।

'न्यू योर्क टाइम्स' का पत्रकार हर्बर्ट म्याथ्युज हवानाबाट बतिस्ताका सेनाहरुको 'गिद्दे दृष्टि' छलेर १७ फेब्रुअरी, १९५७ मा छापामारहरुको पहाडी इलाकामा आइपुगे र क. फिडेल क्यास्त्रोसँग अन्तर्वार्ता लिए । एक हप्ता पछि न्यूयोर्क टाइम्सले छापामारहरु र छापामार नेता क. क्यास्त्रोको बारेमा पत्रकार म्याथ्युजको सनसनीपूर्ण रिपोर्ट छापेर हलचल नै मच्चाइदियो । उक्त रिपोर्ट प्रकाशित भएपछि शहरका क्रान्तिकारीहरु र जन समुदायमा छापामार संघर्ष चलिरहेको र क. क्यास्त्रो जीउँदै रहेको खबरले नयाँ क्रान्तिकारी उत्साह पैदा गर्‍यो भने बतिस्ताको झूठको खेतीलाई पनि यसले नराम्ररी नंग्यायो ।

पत्रकार म्याथ्युजको छापामार क्षेत्रको भ्रमण निकै छोटो थियो, तापनि यो निकै महत्वपूर्ण र प्रभावशाली थियो । म्याथ्युजको विदाइ पश्चात् गद्दार यूटिमियोलाई गिरफ्तार गरेर ल्याइयो । लामो छानवीन पछि यूटिमियो- "क्रान्तिले मेरो छोरा-छोरीहरुको हेरचाह गरोस्" भन्ने आफ्नो अन्तिम इच्छा पोखेर छापामारहरुको गोली खाई मर्‍यो । त्यसको लगत्तैपछि फेरि मोरान भन्ने छापामारले आफ्नो भगुवापना देखाए । तर उनी आफैंले आफूलाई आफ्नो भगुवापनको सजायँ दिए- आत्महत्या गर्न खोजेर । तर उनी बाँचे ।

## थप छापामारहरूको भर्ति

त्यसपछि छापामारहरु त्यस ठाउँ छाडेर अन्तैतिर लागे । छापामार इलाकामा आउँदा क. फ्रान्क पाइसले एउटा बचन दिएका थिए- मार्च महिनामा केही कमरेडहरु र पैसा पठाउने बचन । उक्त बचन अनुसार मार्चको मध्यतिर ५० जना स्वयंसेवकहरु जोर्गे सोतुसको नेतृत्वमा छापामार इलाकामा आइपुगे । सान्ट्रियागोमा फ्रान्क पाइसको नेतृत्वमा भएको नोभेम्बर ३० कोअसफल विद्रोहमा सहभागी भएका जोर्गे सोतुसले अर्जेन्टिनावासी क. चेको नेतृत्व अन्तर्गत संघर्ष गर्न इन्कार गरे । कुनै छापामार प्रशिक्षण नलिएका क्रान्तिकारी रोमाञ्चले भरिपूर्ण शहरका स्वयंसेवकहरुले गर्दा छापामार सेनाको संख्यामा त बृद्धि भयो, तर समस्याहरु पनि त्यत्तिकै थपिए ।

त्यसैले, आन्तरिक विवाद र वैमनष्यतालाई अन्त गर्न राउल क्यास्त्रो, अल्मइदा र जोर्गे सोतुसको नेतृत्वमा तीन वटा छापामार प्लाटून खडा गरी ७० जनाको छापामार सेनालाई त्यहाँबाट अगाडि बढाइयो । त्यस फेरबदलको क्रममा क. चेलाई केन्द्रिय हेडक्वार्टरको डाक्टरको रुपमा नियुक्त गरियो । तर उहाँको बास्तविक काम भने सल्लाहकार र क. फिडेल क्यास्त्रोको समकालीन नायकको जस्तो थियो ।

त्यसबीचको अवधि क. चेको लागि निकै कष्टकर सावित भयो । दमको रोगले असाध्यै च्यापेको स्थितिमा पनि बतिस्ताको फौजको चारैतिरको उपस्थितिले गर्दा जंगल-पहाडहरुमा लुक्दै- भाग्दै, छिटपुट आक्रमण गर्दै शत्रुलाई परास्त गर्दै हिंड्नु भनेको क. चेको लागि जीवन र मरण एकसाथ भोग्नु सरह भयो । तापनि कमरेडहरुको साथ पाएर उनीहरुलाई कहिलेकाहिं बोकाएरै भए पनि क. चेले सहयात्रा जारी राख्नु भयो ।

क. चे र क. क्यास्त्रो आगामी आक्रमणको योजना बनाउँदै



त्यसैबीच, हवानाका विद्यार्थीहरुले मार्च १३, १९५७ मा रेडियो स्टेशन, विश्वविद्यालय लगायत राष्ट्रपति भवन माथि नै दुस्साहसिक ढंगले आक्रमण गरे । ती विद्रोही विद्यार्थीहरुमध्ये कैयौं त भीडन्तमै मरे भने, गिरफ्तार भएकाहरुले फाँसी, जेल-नेलको सजायँ पाए । यसले बतिस्ताको तानाशाही शासनविरोधी जनभावना बृद्धि गर्न केही सहयोग त पुर्‍यायो, तर निकै महँगो मूल्य चुकाएर मात्रै !

## सैनिकहरू पछि हटे !

यता आफ्नो छापामार पंक्तिको विस्तारपछि के गर्ने भन्ने विषयमा छापामारहरुबीच छलफल भयो । क. चेले तुरुन्तै थप छापामार अभियान चलाउने सुझाव दिनुभयो । तर क. क्यास्त्रोले आफ्नो पंक्ति अलिकति असंगठित, अनुशासनहीन भइरहेको र थप ५० जनाको नयाँ छापामारहरु त प्रशिक्षणकै अभावले ग्रस्त रहेको तथ्य अगाडि सार्दै छिटपुट आक्रमणलाई जारी राख्दै, त्यसै दौरानमा बिचार र हातहतियारको प्रशिक्षण दिंदै जाने बिचार राख्नु भयो ।

सोही बिचार अनुसार छिटपुट आक्रमण गर्दै, बैचारिक र हातहतियारको प्रशिक्षण दिंदै छापामारहरु सियरा माइस्त्राका पहाडहरुमै अगाडि बढ्न थाले । अबको यात्रा केही संगठित र सुरक्षित हुन थाल्यो । बतिस्ताका सेनाहरुले छापामारहरुसँगको संघर्षमा पटक-पटक हार्नु परेकोले र छापामारहरु केही सुसंगठित रुपले अगाडि बढ्न थालेकोले सियरा माइस्त्राका पहाडहरुबाट केही पर हट्ने नीति अप्नाए । तर छापामार समर्थकहरुमाथि चर्को दमन अभियान चलाउन उनीहरु काफी सक्रिय भए ।

बतिस्ताको सरकारले सरकारी संचार माध्यमहरुबाट पुनः झूठको खेती गर्ने क्रममा 'शान्ति'को माला जप्दै छापामारहरु र फिडेल क्यास्त्रोको बारेमा अब लामो चिन्ता लिनु नपर्ने कुरो प्रचार गर्न थाल्यो र भित्रभित्रै आफ्नो उत्कृष्ट सेनालाई छापामार दमनका लागि खटायो ।

छापामारहरुले पनि प्रचार युद्ध चलाउने उद्देश्यले मुक्त इलाकामा पत्रकारहरुलाई बोलाउने, क्यूबाली प्रवासीहरुसँग सम्पर्क गरी उनीहरुले संकलन गरेका पैसा, औषधी, हातहतियार सबै भूमिगत ढंगले छापामार इलाकामा ल्याउने व्यवस्था गरे । क. सेलिया साँचेज र हाय्डी सान्तामारिया दुई जना

अमेरिकी पत्रकारहरु- बब ट्याबर र अर्को फोटोग्राफरका साथै क. मार्कोस अर्थात् मेजर इग्लेसियास एवं क. मार्सेलो फर्नाण्डेज सहित छापमार इलाकामा केही आर्थिक सहयोग साथमा लिई १३ अप्रिलमा आइपुगिन् । ती पत्रकारहरुले एल टर्क्वीनोका पहाडहरुको चढाइ सँगसँगै क. फिडेल र अन्य छापामारहरुको अन्तर्वार्ता लिए, छापामारहरुको जीवन- संघर्षको बारेमा फिल्मांकन गरे र अमेरिकी टेलिभिजनहरुमा प्रसारण गरेर हलचल मच्चाए ।

त्यसैक्रममा क्यूबाली क्रान्तिकारी-हरुले सियरा माइस्त्राका गाउँ-गाउँमा सामाजिक सुधारका अभियानहरु संचालन गरे । क. गइलेर्मो गार्सियाको नेतृत्वमा स्कूल संचालन, स्वास्थ्य सेवाको विस्तार र भूमिसुधारको थालनी गरे । सान्टियागो शहरबाट प्राप्त थप हातहतियारले सुसज्जित भएपछि, सामाजिक सुधारबाट आकर्षित किसानहरुलाई छापामार प्रशिक्षण दिंदै, शहरके आन्दोलन-हरुसँग जीवीत सम्पर्क राख्दै छापामार संघर्ष बढ्न थाल्यो । क. चेको जीवन पनि यिनै संघर्षहरुमा दम र रोग- सँग लड्दै एक हातमा स्टेथेस्कोप र अर्को हातमा अत्याधुनिक एम्-१ कार्बाइन हतियार समाउँदै संघर्षरत रह्यो ।



### अमेरिकी गुप्तचर पत्रकारको आगमन

त्यसैबीच, छापामार इलाकामा आएको अर्को एकजना अमेरिकी पत्रकार एन्ड्र्यू सेन्ट जर्जले छापामार इलाकामा आफूलाई अमेरिकी गुप्तचर विभाग एफ.वी.आई. (FBI) का एजेन्टको रुपमा प्रस्तुत गऱ्यो । उता पहिले त्यहाँ आएर अन्तर्वार्ता लिएर र फिल्मांकन गरेर अमेरिका फर्केका पत्रकार बब ट्याबरले अमेरिकामै हलचल हुनेगरी टेलिभिजनमा अन्तर्वार्ता देखाए । यस खुशीको खबर त्यतिबेलै छापामारहरुको बीचमा आइपुग्यो । तर एफ.बी.आई. का एजेन्ट पत्रकार भने यो खबरबाट अलिकति पनि खुशी भएन, जब कि-छापामारहरुबीच भने यसबाट उल्लासको वातावरण छाएको थियो । त्यस समाचारले क्यूबाबासीलाई पनि राम्ररी नै तताएको थियो ।

छापामारहरुले आफ्नो अभियानको क्रममा एक जना खुँखार सैनिक कर्पोरललाई कब्जा गरे । त्यसको बदलामा सैनिकहरुले क. गुइलेर्मो डोमिनेसको बीच बाटोमै हत्या गरे । तर छापामारहरुले भने त्यस सैनिक कर्पोरललाई नमारीकन बन्दी बनाएर मात्रै राखे । एफबीआईका एजेन्ट एवं पत्रकारले छापामार इलाका छाडेर सान्टियागो गएपछि एक जना छापामार फेरि छापामार सेना छोडेर भाग्यो । यसरी भाग्ने क्रम पहिलेदेखि नै छिटफुट रुपमा भइरहेको देखेर क. चे र क. क्यास्त्रोले आफ्नो छापामार पंक्तिभित्र शारीरिक, बैचारिक र आत्मिक उत्थानका प्रशिक्षणहरु तीव्र रुपमा संचालन गर्नुभयो । छापामारहरुलाई मन-मस्तिष्कदेखि नै क्रान्तिकारी बनाउने यो क्रम पछि सम्म पनि जारी रह्यो ।

### अमेरिकाबाट हतियार र छापामारहरू आउन थाले !

२५ मई, १९५७ मा छापामारहरुबीच अत्यन्त नयाँ सनसनीपूर्ण खुशीको खबर आयो- अमेरिकाको फ्लोरिडा राज्यको मियामी शहरबाट आप्रवासी क्यूबालीहरुको तर्फबाट हात-हतियार, पैसा, औषधि सहित कैयौं स्वयंसेवकहरु छापामार इलाका-तिर आउँदै छन् ! क्यासितो साँचेजको नेतृत्वमा 'एल कोरिन्थिया' नामक जहाज भूमिगत रुपमा आइरहेको यस खबरले छापामारहरुलाई एकातिर गदगद पाऱ्यो भने, बतिस्ताको सेनाले यो कुरो थाहा पाएर दमनको लागि हत्याराहरु खटाएको छ भन्ने अर्को खबरले ठूलो झट्का पनि ख्वायो ।

त्यस जटील स्थितिमा बतिस्ताको सेनाको ध्यान त्यस 'सहयोगी जहाजबाट' अन्तै तान्नका लागि के गर्ने भन्ने विषय छापामारहरुबीच तातो बहसको विषय बन्यो । क. चे र क. क्यास्त्रोको बीच पनि यसै विषयमा काफी गंभीर छलफल भयो । क. चेले सियरा माइस्त्राका जंगलहरुबाट काठ लाने सैनिक ट्रकहरु कब्जा गरी सैनिकहरुलाई त्यस 'सहयोगी जहाजमाथि' आक्रमण गर्नुभन्दा अगावै, बीच बाटोमै छापामार आक्रमण गर्ने प्रस्ताव राख्नु भयो । तर क. क्यास्त्रोले रणनीतिक महत्वको ठाउँ एल उवेरो (El Uvero) को सैनिक चौकीमाथि कब्जा गरी सैनिकहरुको ध्यान अन्तै मोड्ने र आफ्नो छापमार शक्तिलाई देशव्यापी रुपमा प्रचार गरी संघर्षरत जनतालाई नैतिक प्रोत्साहन दिने बिचार व्यक्त गर्नुभयो ।

छापामारहरु क. क्यास्त्रोको विचारमा सहमत भए । उनीहरु एल उवेरो गाउँको सैनिक चौकीमाथि ठूलो आक्रमण गर्न तयारी गर्न व्यस्त हुन थाले । छापामार-हरुलाई सियरा माइस्त्राबाट नजीकका गाउँ-शहरमा शक्ति विस्तार गर्नबाट छेकिरहेको, सान्टियागो शहरबाट १५ कि.मी. मात्रै टाढाको एल उवेरो सैनिक चौकीमाथिको आक्रमण विभिन्न हिसावले महत्वपूर्ण थियो । त्यसैले छापामारहरु बतिस्ताका सैनिकहरुमाथिका ठूला विजयहरु मध्येको यो प्रथम विजयलाई सफलतापूर्वक सम्पन्न गर्न कम्मर कस्न लागे । ❑

त्यसपछि के भयो ? पढ्नुहोस्- अर्को अंकमा !

प्रगतिशील पुस्तक-पत्रिकाको एकमात्र पसल

रूस, चीन, भारत, नेपाल लगायत विश्वकै वामपन्थी साहित्य सम्बन्धी पुस्तक एवं पत्रिकाहरुका लागि सम्पर्क राख्नु होस्

मार्क्सवादी-लेनिनवादी साहित्यको भण्डार




पुस्तक पत्रपत्रिका बिक्री तथा वितरण केन्द्र प्रा. लि.
डिल्लीबजार उकालो
काठमाडौं
फोनः ४२१०७५

हामी नेपाली तथा बिदेशी पुस्तक-पत्रिकाहरू काठमाडौं बाहिर पनि वितरण गर्छौं ।

## कांग्रेस-राप्रपा सरकारले भूमिसुधारबारे के गर्ला ?

पाठकवृन्द,


नेपालको अर्थतन्त्रमा विकासको ढोका खोल्ने हो भने अनिवार्य रुपमा गरिनु पर्ने कार्य प्रगतिशील भूमिसुधार हो । त्यसैले यसै सम्बन्धमा 'भूमिसुधार केका लागि र कसरी ?' को अन्तर कुन्तर केलाएर वरिष्ठ विद्वानहरु र राजनेताहरुका बीच 'मूल्याङ्कन' को आयोजनामा गरिएको प्रत्यक्ष अन्तर्क्रिया कार्यक्रमको जीवन्त रिपोर्ट हामीले गत केही अंकहरुदेखि धारावाहिक रुपमा प्रकाशित गर्दै आएका छौं ।

यसैबीच, एमाले सरकारद्वारा गठित उच्चस्तरीय भूमिसुधार आयोगले आफ्नो प्रतिवेदन सरकारलाई बुझाएको छ ।

मुलुकमा एमाले सरकार कायमै रहेको भए मध्यावधि चुनावपछि छिट्टै सो प्रतिवेदनका आधारमा सरकारले नीति बनाई भूमिसुधार लागू गर्ने घोषणा एमालेले गरेको थियो । तर हालै विपक्षीहरुले एमाले सरकारलाई अविश्वास प्रस्तावद्वारा ढालेपछि र अब देशमा पुराना पंचहरु र कांग्रेसीको सरकार बनेपछि प्रस्तावित भूमिसुधारको योजना अनिश्चितताको भूमरीमा फँसेको छ ।

२०२१ मा देखावटी भूमिसुधार गरी 'भूमिसुधार' शब्दकै वद्नाम गराएका पंचहरु र विगत कांग्रेसी गिरिजा- शासनमा भूमिसुधारको पक्षमा दऱ्हो कुरा मात्रै गरेकोमा समेत आफ्नै मन्त्री जगन्नाथ आच्चार्यलाई निस्काशन गर्ने कांग्रेसीहरुको वर्तमान गठबन्धन- सरकारले भूमिसुधारको पक्षमा दृढतापूर्वक काम गर्ला भनी अनुमान गर्ने अत्यन्त कम ठाउँ छ । तर पनि हाम्रो आन्दोलनमा नेपालमा भूमिसुधार किन गर्ने र कसरी गर्ने भन्ने प्रश्नको महत्व भने घट्नेवाला छैन । आज भूमिसुधार कार्य लागू गर्न कांग्रेस-राप्रपा-सद्भावना सरकारलाई विकल्पको मूर्त प्रस्तावसहित दवाब दिन र भोलि सुधारको बाटो वा क्रान्तिको बाटो जुनसुकै बाटोबाट पनि सत्तामा पुगेको खण्डमा पनि यसलाई लागू गर्नका निम्ति आजैदेखि वैचारिक स्पष्टता हासिल गर्ने काममा प्रगतिशील र जनपक्षीय शक्तिहरु लागिपर्नु भने अत्यन्त जरुरी छ नै ।

हामीले यसपल्ट हाम्रो अन्तर्क्रिया- कार्यक्रममा विद्वान विज्ञहरुले व्यक्त गर्नुभएका विचारहरुको बाँकी सबै अंश प्रस्तुत गरेका छौं । विभिन्न वैचारिक रुझान राख्ने विद्वानहरुकाबीच संपन्न अन्तर्क्रियामा व्यक्त विविध विचारहरु संगेटिएकोले विषयको कुनाकुनासम्म प्रवेश गर्न यसले पाठकहरुलाई सघाउने छ भन्ने हाम्रो विश्वास छ । — *मूल्याङ्कन*



# नेपालमा भूमिसुधार केका लागि र कसरी गरिनुपर्छ ?

### "उत्पादन बृद्धि र सामाजिक न्याय दुबै गर्ने हो भने- जमीन जोत्नेकै हातमा छोडीदिनु पर्छ ।"

**——— जगन्नाथ आचार्य, भू.पू. भूमिसुधार मन्त्री**

मेरो ठम्याइमा उत्पादनमा बृद्धि र सामाजिक न्याय दुवै गर्ने हो भने, जमीन जोत्नेको हातमा सुम्पीदिनुपर्छ । आफ्नै जमीनमा आफैं लड्भीड गर्ने मान्छेले जति बेसी उत्पादन गर्नसक्छ, त्यति कसैले सक्दैन ।

जमीनमा यान्त्रीकरण गरेर उत्पादन बृद्धि गर्ने हो भने, शहकारीकरण र चकवन्दी नै एक मात्र उपाय हो । लुकेको जग्गा



पत्ता लगाउनु छ भने "एक परिवार- एक लालपुर्जा" गर्नैपर्छ । कंप्युटर प्रविधिबाट स्याहा स्रेस्तामा वैज्ञानिकीकरण गर्नैपर्छ ।

स-साना टुक्रा जमीन विभिन्न ठाउँमा छरिएर कतै पनि राम्रो खेती नहुने समस्याको हल गर्ने उपाय चकवन्दी नै हो । चकवन्दी गरियो भने, विभिन्न ठाउँमा टुक्रिएका जग्गाहरुको मालिकको पनि खेती गर्ने योग्य जग्गा हुन सक्छ ।

### "अहिलेको अर्द्ध-सामन्ती भूसंरचनालाई अन्त नगरेसम्म नेपालको भूमि-समस्या हल हुन सक्दैन ।"

**_____ क. सीताराम तामाङ, तत्कालीन महासचिव**
*नेपाल कम्युनिष्ट पार्टी (मालेमा)*


यहाँ भूमिसुधार संबन्धमा दुई थरी विचार प्रकट भएका छन्- कार्यपत्रहरुमार्फत । एउटा, विद्यमान उत्पादनको ढाँचाको मातहत नै केही सुधारहरु गर्ने । महेशचन्द्र रेग्मी, जगन्नाथ आचार्य र दीपेन्द्र क्षेत्रीका कार्यपत्रहरुले त्यही विचारको वकालत गरेका छन् । अर्को, अहिलेको कृषि स्वामित्वको पूरै ढाँचा नै क्रान्तिकारी ढंगबाट बदल्ने । मोहन विक्रमजीले यही विचार अघि सार्नु भएको छ ।

म मोहन विक्रमजीको विचारमा सहमत छु ।

यहाँ अन्तर्क्रियामा धेरैजसो विचार यही अहिलेको संरचना अन्तर्गत कसरी भूमिसुधार गर्ने ? भन्ने कोणबाट आए । तर आधारभूत प्रश्न के हो भने, अहिलेकै संरचना यथावत राखेर जोत्ने किसानमाथि न्याय कसरी हुन्छ र दीगो रुपमा उत्पादन कसरी बढ्छ ?

अहिलेको नेपालको मुख्य भूमि समस्या भनेको यहाँ अहिले हावी रहेको अर्द्ध-सामन्ती संरचना हो । यो संरचनालाई पूरै अन्त

## अन्तर्क्रिया कार्यक्रमको जीवन्त रिपोर्ट



नगरेसम्म नेपालको भूमिसमस्या हल हुन संभव छैन । भूमिसुधारको उद्देश्य यही अर्द्ध-सामन्ती संरचनामा आमूल परिवर्तन गर्नु हो ।

अहिलेकै संवैधानिक संरचना अन्तर्गत प्रगतिशील भूमिसुधार संभव छैन । प्रगतिशील भूमिसुधार गर्नको लागि यो संविधानले छेक्छ भने, त्योभन्दा बाहिर जाने पनि आँट गर्नुपर्‍यो ।

जमीनमा जोत्नेको हक हुनु बिल्कूलै न्यायपूर्ण कुरा हो । त्यसैले, हदवन्दीभन्दा बढी भएको जग्गामा जग्गा धनीलाई मुआब्जा दिने प्रश्न नै आउदैन । बिना मुआब्जा जमीन जोत्नेको पारिनु पर्छ ।

अहिलेसम्मको भूमिसुधार सामन्तहरुले आफूलाई, आफ्नो सत्तालाई जोगाउन गरे । अबको भूमिसुधार किसानहरुले आफैं आफ्नो तागतको आधारमा गर्नुपर्छ । किसानहरु संगठित भएर गर्नुपर्छ ।

जमीन गाविसकरण गर्नुपर्छ भन्ने महेशचन्द्रजीको धारणा मलाई ठीक लागेको छ । खण्डीकरण रोक्ने उपाय जमीनको सामूहिकीकरण र राष्ट्रियकरण नै हो ।

## "हदवन्दी घटाएर मात्र सामाजिक न्याय र समानता कायम गर्न सकिन्छ ।"

**—क. गणेश शाह, नेकपा प्रजातन्त्रवादीका युवा नेता**



भूमिसुधार गर्नुको उद्देश्य संबन्धमा नेपालमा एउटा आम सहमति बन्दै गएको छ, त्यो हो- कृषि क्षेत्रमा संलग्न जनताको जीवन स्तर उठाउनु । यो भूमि सुधारको आर्थिक उद्देश्य हो । अर्को सामाजिक उद्देश्य पनि छ भूमिसुधारको, त्यो हो- वास्तविक किसानहरुको निम्ति बढी सामाजिक सुरक्षा दिलाउनु । कृषि मजदूरहरुको ज्यालाको दर बढाउनु । जमीनमा जुन हदवन्दी लागिआएको छ, त्यो हदवन्दी अब घटाउनु पर्छ । हदवन्दी घटाएर मात्र जमीनमा सामाजिक न्याय र समानता हासिल गर्न सकिन्छ । अर्द्ध-सामन्ती स्वामित्व अन्त गर्न सकिन्छ । घ्याम्पोको वा मादलको आकारको स्वामित्वको ढाँचा बदल्ने उपाय पनि हदवन्दी घटाउने हो । त्यसैले हदवन्दी घटाउनु भूमिसुधारको एउटा काम हुनुपर्छ ।

भूमिसुधारको अर्को काम यहाँका असंख्य गरीब स्वरोजगार वा अर्द्ध बेरोजगार किसानको जीवनस्थितिमा प्रगतिशील परिवर्तन ल्याउनु हो । उनीहरुको उत्पादनशीलता निकै न्यून छ । त्यो बढाउनु पनि भूमिसुधारको उद्देश्य हुनुपर्छ । यसको लागि भूमिसुधारले भूमिको स्वामित्वमा सुधार मात्र गरेर पुग्दैन, पूरै कृषि क्षेत्रमा सुधार हुनुपर्छ ।

## "भूमिसुधारको मूल लक्ष्य उत्पादन बृद्धि हुनुपर्छ ।"

**—क. राधाकृष्ण मैनाली, तात्कालीन भूमिसुधार मन्त्री**

चारै वटा दस्तावेजले नयाँ नयाँ सोच र दृष्टिकोण ल्याएको छ, भूमिसुधार संबन्धमा, जुन यसअघि कुनै गोष्ठी र सेमिनारमा आएको मैले पाएको थिइनं ।

सबैभन्दा पहिले २०२१ सालको भूमिसुधारको सही मूल्याङ्न हुनु जरुरी छ । त्यसले के-के सकारात्मक कुरा गर्न सक्यो, के-के गर्न सकेन, त्यसले के नकारात्मक कुरा गर्‍यो ? त्यसको राम्रो लेखाजोखा हुनु जरुरी छ । अनि मात्र अब हामीले के गर्नुपर्छ भन्ने कुराको वास्तविक चित्र आउन सक्छ ।

भूमिसुधारको मूल लक्ष्य उत्पादन बृद्धि हुनुपर्छ । तर यो उत्पादन बृद्धिसित सामाजिक न्याय र समताको लक्ष्य पनि गाँसिएर आउनु पर्छ, उत्पादन बृद्धिको मातहतको अंग भएर । समताको र सामाजिक न्यायको नाममा हामीले जमीन त बाँड्यौं तर हरेकको भागमा एक-एक हेक्टर मात्र पर्न आयो भने- त्यसबाट उत्पादन बृद्धि त हुनेछैन, जमीनको खण्डीकरण मात्र बढ्नेछ । यस्तो भयो भने के गर्ने ? सोच्नु जरुरी छ ।

जग्गाको रेकर्ड दुरुस्त नहुनु पनि अर्को ठूलो समस्या छ । वैज्ञानिक रेकर्ड नहुनाले जमीनको सवाललाई लिएर सबैभन्दा बेसी मुद्दा पर्ने गरेका छन् । भूमिसुधार मन्त्रालयमा मात्र ३० वर्षभन्दा पुराना १५० वटाभन्दा बढी मुद्दा बाँकी छन् । सही रेकर्ड नै छैन, अब फैसला कसरी गर्ने ? त्यसैले भूमिसुधारको अर्को उद्देश्य- भूमिको स्वामित्व संबन्धमा कम्प्युटरमा आधारित एकीकृत वैज्ञानिक रेकर्ड विकास गर्ने हुनुपर्छ ।



नेपालमा कृषिमा जनसंख्याको ठूलो चाप छ । सिंचाइको प्रबन्ध धेरैजसो ठाउँमा नहुनाले कृषिमा आश्रित ठूलो जनसंख्या अर्द्ध-बेरोजगार छ । नेपालमा ठूलो पैमानाको सतह सिंचाइ त्यति फलदायक भएको पाइएको छैन । बोरिंग, ट्युववेल बेसी फलदायक देखिएको छ । तर बोरिंग गर्नलाई ६ बिगाहा वा त्यो भन्दा बढी जमीन भयो भने मात्र फाइदाजनक हुन्छ, नत्र पर्ता पर्दैन । तर नेपालमा भने, अधिकांशसित १/२ बिगाहा जमीन पनि छैन । अनि सिंचाइ कसरी संभव पार्ने ? भूमिसुधारले यो समस्यालाई पनि हल गर्नु परेको छ ।

जमीनमा यान्त्रीकरण नगरी उत्पादन पनि बढ्दैन, बाली विविधीकरण पनि हुँदैन । तर यान्त्रीकरण गर्नको लागि जमीनको टुक्रा सारै सानो छ । २०२१ तिर औसत जमीनका मालिकसित डेढ बिगाहाभन्दा माथि जमीन थियो । अहिले औसतसित १ बिगाहा पनि जमीन छैन । जमीनको खण्डीकरण बढ्दो छ । यस्तो स्थितिमा खेतीमा यान्त्रीकरण कसरी गर्ने ? बाली विविधिकरण कसरी गर्ने ? भूमिसुधारले यो समस्यामा पनि सोच्नु परेको छ ।

म केही समय अघि दक्षिण कोरिया गएको थिएँ । त्यहाँ र हामीकहाँ करीब सँगसँगै भूमिसुधार भएको हो । तर त्यहाँ अहिले एउटा खेतीहर मजदूरको ज्याला नै सरदर २,०००/- डलर प्रति महीना भइसकेछ । हामीकहाँ जग्गा धनीको आम्दानी समेत १०० डलर छैन । यस्तो अन्तर किन भयो ? के त्रुटी थियो हाम्रो भूमिसुधारमा ? यो अहिलेको भूमिसुधारले पत्ता लगाउनु परेको छ ।

नेपालको विशेषता के देखिन्छ भने, यहाँ सामूहिक उद्यम व्यवसायहरु धेरैजसो फेल खाएका छन् । साझा धेरै ठाउँमा फेल खाएको छ । सहकारीहरु धेरै ठाउँमा फेल खाएका छन् । हाम्रो देशको चेतनास्तर साझा र सामूहिकताको हदसम्म उठेको देखिएको छैन ।

**मकहाँ भेट्न आउने मानिसहरुमा दिनभरिमा एक जना मानिसले पनि सामूहिक कुरा लिएर आएको पाइन्न । सबै व्यक्तिगत स्वार्थका कुरामात्र लिएर आउँछन् । नेपालमा व्यक्तिवाद मूल प्रवृत्ति भएको देखिन्छ । यो स्थितिमा नेपालमा सहकारी खेती र सामूहिक खेती कसरी सफल होला ?** राम्ररी घोत्लिनु जरुरी भएको छ ।

**मकहाँ भेट्न आउने मानिसहरुमा दिनभरिमा एक जना मानिसले पनि सामूहिक कुरा लिएर आएको पाइन्न । सबै व्यक्तिगत स्वार्थका कुरामात्र लिएर आउँछन् । नेपालमा व्यक्तिवाद मूल प्रवृत्ति भएको देखिन्छ । यो स्थितिमा नेपालमा सहकारी खेती र सामूहिक खेती कसरी सफल होला ?**

अर्को समस्या के छ भने, हिजोको पंचायत कालको संविधानभन्दा अहिलेको पूँजीवादी संविधान निजी पूँजीको मामलामा कडीकडाउ (Rigid) छ । हिजो राष्ट्रियकरण गर्न जति सजिलो थियो, अहिले त्यस्तो छैन । बाटोको लागि मात्र अधिग्रहण गर्न सकिन्छ, अरुको लागि अधिग्रहण गर्न कानूनी रुपले महाभारत छ । यो धरातलमा उभिएर नेपालमा प्रगतिशील भूमिसुधार गर्न कसरी संभव छ ? सोच्नु परेको छ । भूमिसुधार नेपालको साझा राष्ट्रिय समस्या हो, यो एमालेको मात्र समस्या होइन । हामीले गर्न संभव अधिकतम प्रगतिशील कुरा पनि गर्नु परेको छ, कानूनी सीमा पनि याद गर्नुपरेको छ । यही परिप्रेक्ष्यमा नेपालमा भूमिसुधार गर्ने कुरा सोच्नु पर्छ, वर्तमान परिस्थितिमा गर्नसक्ने कुरा पनि हामीले गर्न खोजेनौ भने, त्यो आलोच्य हुनुपर्छ । अनि अहिलेको संविधान अन्तर्गत गर्ने नसक्ने कुरा पनि गर्नुपर्‍यो भनेर आउनु भएन ।

## "जमीनमा निजी स्वामित्व अन्त गर्नु नै भूमिसुधारको रणनीति हुनुपर्छ ।"


**—सुशील प्याकुरेल, निर्देशक,**
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (INSEC)**



भूमि जनताको सामूहिक संपत्ति हो । भूमिमा सामन्ती वा अर्द्ध-सामन्ती स्वामित्व खत्तम गरेर व्यक्तिगत स्वामित्व खडा गरियो भने, तत्कालीक समस्या त समाधान होला, तर जमीन टुक्रिने र झन् झन् सानो हुने समस्या त आइरहने छ । जमीन फेरि घुमिफिरी धनीकहाँ पुग्ने समस्या पनि आइरहने छ । त्यसैले, मेरो ठम्याइमा त जमीनमा निजी स्वामित्व अन्त गर्नु नै भूमिसुधारको रणनीति हुनुपर्छ । भूमिसुधारको काम- वर्तमानमा हामी उभिएको विन्दुबाट शुरु गरिनुपर्छ, तर भोलिको लागि बाटो प्रशस्त गर्ने हो भने, भूमिसुधारको उद्देश्य भूमिमाथिको व्यक्तिगत स्वामित्वको अन्त हुनुपर्छ । यो दिशामा यहाँ सबैको सम्मति पनि बनिसकेको जस्तो लाग्छ ।

## "भूमिसुधारको पहिलो चरणमा जमीन जोतिरहेकालाई मोही बनाउनु पर्छ ।"

——— गोपाल भट्टराई, प्राध्यापक, धनकुटा क्याम्पस



अहिले सरकारले २१ सालको भूमिसुधारले गर्ने भनेर टुंग्याएका तर गर्न नसकेका कुरा नै गर्न थालेर भूमिसुधारलाई पहिलो चरणमा अघि बढाउनु पर्छ । द्वैध स्वामित्व यहाँ कायम छ । तर किसानलाई 'उसको जोत उसको पोत' गर्न पहिला त ऊ मोही हो भन्ने कुरा नै कानूनतः कायम हुनुपर्‍यो । अनि मात्र उसले जोताहाको रुपमा जमीन पाउन सक्छ ।

यहाँ जमीन जोतिरहेका मोहीहरु ४० लाख जति छन्; तर दर्तावाला मोहीहरु ३ लाख ७० हजार जति छन् । अब भूमिसुधार कसको लागि गर्ने ? ४० लाखको लागि कि ३ लाखको लागि ? त्यसैले, पहिलो चरणमा जमीन जोतिरहेकालाई मोही बनाउनु पर्‍यो, कानूनी आधारसहितको । अनि मात्र भरे ऊ जोतको मालिक हुनसक्छ । पहिलो चरणको कामै नगरीकन दोस्रो चरणमा जानु गल्ती हुनसक्छ ।

## "भूमिसुधार भूमिको न्यायोचित वितरण, उत्पादकत्व र संरक्षणको लागि हुनुपर्छ ।"

——— डा. गोपी उप्रेती, कृषि अनुसन्धान तथा वातावरणविद्



जमीनको न्यायोचित वितरण, जमीनको उत्पादकत्व र जमीनको संरक्षण- यी तीन उद्देश्यका लागि भूमिसुधार गरिनुपर्छ ।

जमीनमा उत्पादकत्व बढाउने हो भने, जमीनको न्यायोचित वितरण र प्राविधिक पक्षमा विकास गर्नैपर्ने हुन्छ । नेपालको लागि उपयुक्त प्रविधि हामीले विकास गर्नैपर्छ ।

जमीनको न्यायोचित वितरण गर्ने हो भने, जमीनमाथि जोत्नेको स्वामित्व, सहकारीकरण र सामूहिकीकरण जोडिएर आउँछ । त्योविना जमीनको समतामूलक वितरण संभव नै हुँदैन ।

यहाँका सबै पार्टीहरुमा राजनीतिक इच्छाशक्ति छ भनेदेखि अहिलेकै संविधानको दायराभित्रबाट पनि भूमिसुधारका थुप्रै काम गर्न सकिन्छन् ।

यसका लागि दुइटै निकास प्रयोग गरिनुपर्छ- एउटा माथिबाट सरकारले कानून र संविधानमै संशोधन गरेर भूमिसुधार गर्ने प्रयत्न; अर्को, तलबाट प्रगतिशील पार्टीहरुले जनतालाई जागृत गरेर उनीहरुको संगठित तागतका भरमा सामाजिक दवाब सिर्जना गर्ने र सुधारहरु गर्ने प्रयत्न । दुवै प्रयत्न संयोजन गरेर यही संरचनाभित्र पनि प्रगतिशील भूमिसुधार गर्न संभव छ ।

जग्गा पुग्दो मात्रामा नभएका किसानहरुलाई जमीन दिने हो भने, १० लाख हेक्टर जग्गाको बन्दोवस्त गर्न- जमीनको अधिकतम न्यूनतम दुवै हदवन्दी किटान गर्नुपर्छ । भूमिसुधार सँगसँगै चौतर्फी सुधार कार्यान्वित गर्ने विधि संस्थाहरु पनि सिर्जना गर्दै जानुपर्छ । जस्तोः ऋण दिने, मल बीऊ दिने, झगडा छिन्ने प्रभावकारी निकाय ।

**२१ सालमा अमेरिकीहरुको दवाब र प्रभावमा साम्यवादी प्रभाव नेपालमा रोक्नका लागि भूमिसुधार गरिएको थियो**

## कसरी भूमिसुधार गर्ने ?

——— डा. बद्रीप्रसाद श्रेष्ठ

यसको Parameter (मापदण्ड) नेपालको वर्तमान संविधान हो । हामी अहिलेको संविधान नाघेर त भूमिसुधार गर्न सक्दैनौं ।

**भूमिसुधार संसारमा जहाँ जहाँ सफल भएको छन्, त्यो या त साम्यवाद अन्तर्गत सफल भएको छ; या अमेरिकाले कब्जा गरेका ठाउँहरुमा ।** चीन, रुस, उत्तर कोरिया र अन्य मुलुकमा साम्यवादअन्तर्गत भूमिसुधार संपन्न गरियो । दक्षिण कोरिया, ताइवान र जापानमा अमेरिकी कब्जा अन्तर्गत भूमिसुधार गरियो । तर बहुदलीय संसदीय प्रजातन्त्र भएको ठाउँमा भूमिसुधार पूरापूर संपन्न भएको उदाहरण सारै कम छ । प्रगतिशील भूमिसुधार भएको त रेकर्ड नै छैन ।



तेस्रो विश्वमा, त्यहाँ त्यहाँ भूमिसुधार भएको छ, जहाँ या त निरंकुश राजतन्त्र छ या सैनिक तानाशाही । जस्तो- इरानमा, इरानका शाहका पालामा भूमिसुधार भयो, पाकिस्तानमा सैनिक तानाशाह अयूव खाँको पालामा । नेपालमा हामीले बहुदलीय संसदीय व्यवस्थाअन्तर्गत भूमिसुधार गर्न खोज्दा विश्वको यो इतिहास बिर्सनु हुन्न । २१ सालमा **अमेरिकीहरुको दवाब र प्रभावमा साम्यवादी प्रभाव नेपालमा रोक्नका लागि भूमिसुधार गरिएको थियो** भन्ने शंभुरामजीको भनाइप्रति म विल्कूलै सहमत छु ।

ताइवान, दक्षिण कोरिया र जापानमा साम्यवाद आएन । यस्तो हुनुको मुख्य कारण- त्यहाँ गरिएको भूमिसुधार हो । जापानमा त त्यहाँका लिवरल डेमोक्रेटिक पार्टीले भूमिसुधार गरेको कारणले अस्तिसम्म पनि त्यहाँ त्यही पार्टीको लगातार एकछत्र शासन रहिआएको थियो, जबकि- त्यो पार्टी सबभन्दा कटरपन्थी पार्टी हो ।

जहाँसम्म द्वैध स्वामित्व अन्त गर्ने कुरा छ, नेपालमा भूमिमा कानूनी रुपमा द्वैध स्वामित्व नै छैन । खालि जग्गा धनीको स्वामित्व मात्र छ । महेशचन्द्रजीको यो विचार सही छ ।

हामीले लिनुपर्ने भूमिसुधारको बाटो भनेको भूमिमा वास्तविक किसानको स्वामित्व (Peasant Proprietorship) स्थापना गर्ने बाटो हो ।

समाजवादमा विश्वास हुनेले सामूहिकीकरणको बाटोलाई सर्वश्रेष्ठ बताउँछन् । चीनमा कम्युनको स्थापना गरेर भूमि स्वामित्वलाई सामूहिकीकरण गरियो । माओको भूमिसुधारको नीति थियो- 'गरीबको पक्ष लेऊ, मध्यम किसानलाई तटस्थ पार र धनीलाई सिध्याऊ ।' यो निकै व्यावहारिक भूमिसुधारको नारा थियो ।

भूमिसुधार गर्दा पनि उनीहरुले पार्टी कार्यकर्तामार्फत जनसमुदायलाई जगाएर उनीहरुकै पहलमा मात्र जमीन्दारहरु सिध्याउने बाटा लिए । १९४९ मा क्रान्ति भयो, तर तुरुन्तै जमीनको सामूहिकीकरण गरिएन । पहिले यहाँको पर्म-प्रथा जस्तोः Mutual Aid Team बनाए । त्यसपछि प्रारंभिक सहकारी खेती र अनि उन्नत सहकारी खेती । अनि अन्तमा १९५८ मा गएर मात्र समाजवादीकरण गरियो । जनता तयार नभएसम्म जबर्जस्ती केही लादिएन । यो अनुभवबाट नेपालले सिक्नुपर्छ ।

जापान र ताइवानमा अहिले खेती गर्ने मान्छे नै छैन । वैकल्पिक रोजगारीको प्रचुरताले गर्दा यस्तो भएको हो । नेपाल कहिले यो चरणमा पुग्ने हो, त्यो अहिले भन्न सकिन्न । तर वैकल्पिक रोजगारी सिर्जना गरेर नै जमीनमाथिको अत्यधिक जनसंख्याको चाप घटाउन सकिन्छ ।

भूमिसुधार गर्ने दुई बाटाहरु छन्- एउटा, क्रान्तिकारी बाटो, अर्को क्रमिक विकासवादी बाटो । क्रान्तिकारी बाटो छोटो हुन्छ, तर समाजले यसको निम्ति बढी मूल्य चुकाउनुपर्ने हुन्छ । क्रमिक विकासवादी बाटो सारै लामो हुन्छ, तर यसमा सामाजिक मूल्य कम मात्र चुकाए पुग्छ । नेपालले कुन बाटो लिने ? हरेकले रोज्नु परेको छ ।

एउटा अध्ययनले देखाएको छ- नेपालमा सघन खेती गर्ने हो भने, एक हेक्टर जमीनले नै ६ जनाको परिवार मजाले धान्छ । नेपालमा ताजा तथ्यांक अनुसार आधा हेक्टर जमीन अर्थात् पौने विगाहा जमीन हुने किसानहरु नै ११ लाख परिवारहरु छन् । १ विगाहासम्म जमीन हुनेहरु १८/१९ लाख परिवार देखिन्छन् । यसलाई ६ ले गुन्ने हो भने, करीब एक करोड जनसंख्या हुन्छ । यो एक करोड जनसंख्यासित जीवन धान्न पुग्दो जमीन नै छैन । मेरो भनाइ के छ भने- अब गर्ने भूमिसुधारले एक हेक्टरभन्दा कम जमीन भएकालाई एक हेक्टर जमीन हुने पार्नु पर्‍यो । यस्तो गर्न सकियो भने, एक करोड नेपालीलाई ५/६ वर्षभित्र निरपेक्ष गरीबीको रेखामुनिबाट माथि उठाउन सकिन्छ । यो धेरै नै आमूल परिवर्तनकारी र प्रगतिशील कदम हुनेछ ।

यस्तो गर्न थप १० लाख हेक्टर जमीन चाहिन्छ । यति जमीन प्राप्त गर्न जमीनको हदवन्दी घटाउनै पर्ने हुन्छ । कति घटाउने, त्यो राजनीतिक क्षेत्रले निर्णय गर्नुपर्ने कुरा हो ।

खण्डीकरण समस्याबारे म त्यति चिन्तित छैन । जमीनको आकार ठूलो हुँदैमा उत्पादन र उत्पादकत्व बढ्छ भनेर कुनै अध्ययनले पनि पुष्टि गरेको छैन । बरु नेपालको अध्ययनले के देखाएको छ भने, सघन खेती गरियो भने सानो टुक्रा जमीनमा पनि उत्पादन र उत्पादकत्व बढाउन सकिन्छ । अमेरिकी अर्थशास्त्री शुल्जको भनाइ पनि यही छ । जापानको अनुभवले पनि यही देखाउँछ ।

Unit of holding (जोतको इकाइ) र Unit of operetion (खेतीपातीको इकाई) एउटै कुरा होइनन् । किसानहरुको जोतको इकाई सानो नै छ भने पनि किसानहरु आपसमा मिलेर खेतीपातीको इकाई ठूलो पार्न सक्छन्, जस्तो सहकारी खेतीद्वारा । महेशचन्द्रजीले त सामुदायिक खेतीको धारणा अघिसार्नु भएको छ- गाविसको तहमा सामुदायिक स्वामित्वद्वारा । त्यस्तै जल, मल, र हलको समाधान सामूहिक उपायद्वारा पनि गर्न संभव छ, उपभोक्ता समूह बनाएर । जग्गाको साइजको न्यूनतम हदवन्दी तोकीदिएर पनि खण्डीकरणको समस्या हल गर्न सकिन्छ ।

गयल जमीन्दारी Absentee Landlordism अन्त गर्नुपर्छ । जमीन नजोत्नेको हातमा जमीन नै हुनुहुँदैन । यसबाट जमीन जोत्नेको लागि बेसी जमीन प्राप्त हुनसक्छ । जमीन जग्गाधनीले राख्ने हो भने, उसले जोत्नु पर्‍यो । हैन भने जोत्नेलाई दिनुपर्‍यो । दुईमध्ये एक रोज्नै पर्‍यो । ठूलो समस्या, हरुवा चरुवा गोठालाहरुको छ । न उनीहरुको न्यूनतम ज्यालाको निम्ति कुनै कानून छ, न पेशा सुरक्षाको ग्यारेण्टी । उनीहरुको निम्ति कानूनको व्यवस्था अब गर्ने

भूमिसुधारले गर्नैपर्छ ।

त्यसैले, वर्तमान संविधानकै दायराभित्रबाट पनि गरीबको लागि थुप्रै कुरा गर्न सकिन्छ भन्ने मलाई लाग्छ ।

## “नेपालमा द्वैध स्वामित्व नै छैन भन्ने भनाइ सही छैन ।”

**डा. पार्थिवेश्वर तिमिल्सिना**



बद्रीप्रसाद डाक्टर साहेबले नेपालमा कानूनी रुपमा द्वैध स्वामित्व छैन भन्नु भयो । वास्तविकता यस्तो छैन । द्वैध स्वामित्व छ नेपालमा ।

जग्गा प्राप्ति ऐन, २०३४ ले त्यस्तो द्वैध स्वामित्व नेपालमा भएको प्रष्ट पार्छ । किनकि- त्यस ऐनमा जग्गामा मोहीको २५% अधिकार किटिएको छ । त्यो उसले बेच्ने हक छैन, पैतृक संपत्तिको रुपमा यो सर्दैन पनि । तर जग्गमा एक-चौथाई स्वामित्व त छ उसको । यसबारे अधिवक्ता अग्नि खरेलजीले स्पष्ट पारे राम्रो हुन्थ्यो कि ?

## मोहीको हक स्वामित्व हो कि होइन ? केही मूलभूत प्रश्नहरु

**रामबहादुर के.सी**

नेपालमा द्वैध स्वामित्व भन्ने कुरा नै छैन भन्ने सवाल महेशचन्द्रजीको कार्यपत्रमा पनि छ, डा. बद्रिप्रसादले पनि उठाउनु भयो । जगन्नाथजीले पनि यो लोकप्रिय नारा मात्रै हो भन्नु भयो । म त्यसमा केही प्रश्नहरु राख्न चाहन्छु ।

जग्गाधनीले जग्गा बेच्दा मोहीले एक चौथाई अंश पाउँछ । त्यो स्वामित्व हो कि होइन ?

कुनै मोहीले जोतिआएको जग्गामा घर बनायो भने, त्यो घर जग्गा उसकै हुन्छ । त्यो स्वामित्व हो कि होइन ?

मोहीले कुनै शर्त मानेर कूत, तिरो तिरेपछि सारा आयस्ता उसको हुन्छ । त्यो एक किसिमको स्वामित्व हो कि होइन ?

डा. बद्रिप्रसाद योजना आयोगमा भएको बेलामा र त्यस अघि र पछि पनि सारा योजनाकारहरुले द्वैध स्वामित्व अन्त गर्ने कुरा गरेका छन् । योजनामा निहित स्वामित्वको कुरा साँचो हो कि झूठो हो ? यो कानूनविद् अग्निजीले प्रष्ट पारिदिनु पर्‍यो ।

## “के मोहीको हक स्वामित्व हो ? कानूनले के भन्छ ?”

**अधिवक्ता अग्नि खरेल**



महेशचन्द्रजीले आफ्नो कार्यपत्रमा नेपालमा द्वैध स्वामित्व वास्तविक अर्थमा छँदै छैन, जुन भन्नु भएको छ, उहाँले कुनै न कुनै किसिमले समस्याको मेसो समाउनु भएको छ कि भन्ने मलाई लाग्छ । उहाँले स्वामित्व हुनको निम्ति कब्जा अर्थात् Possession हुनुपर्छ, त्यसमा पैतृक संपत्तिको रुपमा अर्को पुस्तालाई सार्न सकिने स्थिति हुनुपर्छ, र त्यो स्थानान्तरण गर्न सकिने हुनुपर्छ भन्नु भएको छ । त्यसमध्ये पनि उहाँको मुख्य जोड स्थानान्तरणमा देखिन्छ । यसको आधारमा उहाँ द्वैध स्वामित्व छैन भन्ने बिन्दुमा पुग्नु भएको छ ।

कानूनी यथार्थ के छ भने, मोही संबन्धी हक कतिपय स्थानान्तरण हुन्छन्, कतिपय हुँदैनन् पनि । जस्तो- भूमिसुधार ऐन, २०२१ लागू भएको अवस्थामा कुनै मोहीले जोतीआएको जग्गामा उसको पक्की घर रहेछ भने, त्यो घर उसको हुन्छ र उसले त्यो बेच्न समेत पाउँछ भन्ने कानूनी व्यवस्था छ । यो हिसावले मोहीको हकको जग्गा स्थानान्तरणयोग्य देखिन्छ ।

गुठी अन्तर्गत मोहीले कमाएको जग्गा मध्ये राजगुठीमा मोहीले कमाएको जग्गा दाजुभाइ बीच बण्डा लाग्न सक्छ, त्यो बेच्न पनि सकिन्छ । सिर्फ उसलाई बाली बुझाए पुग्छ, अरु सबै स्थानान्तरणको हक यसमा हुन्छ । त्यो स्थानान्तरणयोग्य हुन्छ ।

रैकर जग्गाको मोहियानीको हकमा बाबुको मोहीयानी हक छोरामा स्थानान्तरण त हुन्छ, तर एउटा मोहीले अर्को मोहीलाई वा कसैलाई बेच्न भने सक्दैन । यसमा स्थानान्तरण गर्न अड्चनहरु छन् । महेशचन्द्रजीले त्यही कुरा समात्नु भएको हो भने, त्यो गलत होइन । तर समग्रमा नै मोहीको स्वामित्व स्थानान्तरण हुँदैन, त्यसैले त्यो स्वामित्व होइन भन्नु भएको हो भने, त्यो चाहिं गलत हो ।


कानूनी रुपले दर्ता नभएको र कुनै कानूनी कागजात नभएको मोहीको हकमा पनि त्यसको कानूनी उपचार खोजिएको थियो । जस्तो- भूमिसुधार संबन्धी ऐन, २०२१ को दफा २५ (क) मा यसको व्यवस्था छ । त्यो अनुसार गठन भएको समितिले जमीन जोतिरहेका तर जोत दर्ता नभएका मोहीलाई मोहीको रुपमा दर्ता गरी कागजात दिने व्यवस्था गरिएको छ । त्यसको सूचना राजपत्रमा गर्ने र जग्गा वितरण त्यस्ता मोहीबीच गर्न सकिने व्यवस्था पनि कानूनले गरेको छ । यही कानून पनि कार्यान्वयन भइरहेको छैन ।

**महेशचन्द्रजीले कुनै न कुनै किसिमले समस्याको मेसो समाउनु भएको छ कि भन्ने मलाई लाग्छ ।**

## “IMF का शर्त स्वीकारेर असलमा यहाँ भूमिसुधार नै हुनसक्ने छैन ।”

**गोपाल शिवाकोटी 'चिन्तन'**

*निर्देशक, इन्हुरेड इण्टरनेशनल*



एकातिर क्रान्तिकारी भूमिसुधारको कुरा गरिएको छ, अर्कोतिर अहिलेको संवैधानिक संरचनाअन्तर्गत त्यस्तो भूमिसुधार गर्ने कुरा गरिएको छ । यी अन्तर्विरोधी कुरा हुन् । अहिलकै संवैधानिक संरचनामार्फत क्रान्तिकारी भूमिसुधार संभव नै देखिन्न ।

भूमिसुधार गरेर गरीबी हटाउने, ग्रामीण बेरोजगारी घटाउने, उत्पादन बढाउने, आफ्नो गाउँ आफैं बनाउने कुरा हामी गर्दैछौं । तर साथसाथै हामीले जसरी पनि विदेशी ऋण थाप्न विश्व बैंक र IMF को “ढाँचागत समायोजन कार्यक्रम” का शर्तहरु पनि स्वीकार्दै छौं । ती शर्तहरुले भन्छन्- खुला बजार अर्थतन्त्र अप्नाऊ, आफ्नो देशको सीमाना-विदेशी उत्पादनको लागि पूरै खुला गर, निर्यातमुखी उत्पादन गर, किसानहरुलाई राज्यले दिने अनुदान हटाऊ, गरीबको भलो सोच्ने सरकारी संस्थानहरु निजीकरण गर आदि । **फिलीपिन्स र सोमालियाले देखाइसकेको छ- यी यस्ता शर्त स्वीकार गरेर देशको कृषि क्षेत्र पूरै बर्वाद हुनेछ, देशका किसानहरु बर्वाद् हुनेछन् । असलमा, भूमिसुधार हुनैसक्ने छैन** । त्यसैले, यी दुई कुराहरु विपरीत दिशामा छन् ।

यदि भूमिसुधार नै गर्ने हो भने, यी यस्ता शर्तहरुलाई अस्वीकार गर्नुपर्छ । अनि साँच्चिकैको भूमिसुधार पनि गर्न सकिन्छ । भूमिको न्यायोचित वितरण पनि गर्न सकिन्छ । राज्यले किसानको हित हुने थुप्रै काम पनि गर्नसक्छ । हैन, तिनै विश्व बैंक, IMF का शर्तहरु स्वीकार गरेर यहाँ बहुराष्ट्रिय कंपनीहरु भित्र्याउने हो भने र उनीहरुलाई यहाँको अर्थतन्त्र कब्जा गर्न फुक्का छोडिदिने हो भने- आधुनिक खेती गर्ने नाममा यहाँका जग्गा जमीन, उद्योग, बैंक, बीउबीजन अन्ततः सारा उनीहरुकै कब्जामा जानेछन् । यहाँ कुनै भूमिसुधारको केही अर्थ हुनेछैन । यहाँ गरीबी कदापि हट्नेछैन, बरु त्यो धेरै गुणा बढ्नेछ ।

तपाईं अरुण-तेस्रोकै शर्तहरु हेर्नुहोस् । त्यसका तीन वटा शर्तहरु सारै खतरनाक र भूमिसुधारसित संबन्धित छन । पहिलो शर्तले भन्छ- यहाँभन्दा उत्तरका विकाससंबन्धी संपूर्ण नीति र कार्यक्रम तय गर्दा विश्व बैंकको पूर्वसहमति हुनुपर्छ । दोस्रो शर्तले भन्छ- सरकारले अब उता बनाउने बजेटमा कुन-कुन क्षेत्रलाई प्राथमिकता दिने हो, त्यो कुराको पूर्वसहमति विश्व बैंकसँग लिनुपर्छ ।

अब भन्नुहोस् त, यी यस्ता शर्तहरु स्वीकारेर हामी यहाँ कसरी वास्तवमा भूमिसुधार गर्न सक्छौं ? निजीकरण र खुला बजार अर्थतन्त्रले वास्तवमा भूमिसुधार गर्नै दिंदैन । तसर्थ, पहिले- सरकारको यी शर्त नमान्ने राजनीतिक प्रतिबद्धता हुनुपर्‍यो । अनि मात्र भूमिसुधार अर्थपूर्ण हुन सक्छ । नत्र यो अभ्यासको लागि अभ्यास मात्र हुनसक्छ ।

**फिलीपिन्स र सोमालियाले देखाइसकेको छ- यी यस्ता शर्त स्वीकार गरेर देशको कृषि क्षेत्र पूरै बर्वाद हुनेछ, देशका किसानहरु बर्वाद् हुनेछन् । असलमा, भूमिसुधार हुनैसक्ने छैन ।**

## “फ्रान्स र प्रशियाले लिएको बाटोबाट मात्र नेपालमा असली भूमिसुधार हुनसक्छ ।”

**डा. बाबुराम भट्टराई, अध्यक्ष, संजमो (भट्टराई)**

नेपालमा भूमिसुधार गर्ने भनेको यहाँको अर्द्ध-सामन्ती संरचना अन्त गर्नका लागि हो । कसरी भूमिसुधार गर्ने भन्ने कुरा यही उद्देश्यसित संबन्धित छ ।

पहिलो प्रष्ट कुरो, नेपालको अहिलकै संवैधानिक संरचनाको बाटोबाट भूमिसुधार संभव छैन । यस्तो गर्न खोज्नु जनतालाई भ्रम र सपना बाँड्नु मात्र हुनेछ ।



भूमिसुधार गर्ने दुई वटा बाटा छन् । एउटा बाटो ब्रिटीश बाटो हो । ब्रिटिश बाटो भनेको सामन्तहरुलाई नै पूँजीपतिमा रुपान्तरण गर्ने बाटो हो । परोक्ष रुपमा महेशचन्द्रजीले त्यही बाटोको वकालत गर्नु भएको छ ।

दोस्रो सर्वश्रेष्ठ बाटो फ्रान्को-प्रशियन बाटो हो, जसमा सामन्तहरुको जमीन खोसेर जमीन जोतिरहेका साना किसानहरुलाई जमीनको मालिक बनाइन्छ, जमीनको स्वामित्व जमीन जोत्ने किसानमा हस्तान्तरण गरिन्छ । **चीन, भियतनाम, क्यूबामा त्यही फ्रान्स र प्रशियाको बाटो लागू भएको हो । भूमिसुधार गर्ने सर्वश्रेष्ठ बाटो यही हो ।**

**चीन, भियतनाम, क्यूबामा त्यही फ्रान्स र प्रशियाको बाटो लागू भएको हो । भूमिसुधार गर्ने सर्वश्रेष्ठ बाटो यही हो ।**

नेपालमा अहिले पनि प्रशस्त मात्रामा सामन्ती स्वामित्व बाँकी छ । यद्यपि कानूनी र रजिष्टर्ड रुपमा तिनीहरु बाँकी नहोलान् । जर्मनले १९७३ मै भनेका थिए कि- नेपालमा २% का हातमा २७% जमीन छ । विश्व बैंकको IDS को १९९० मा प्रकाशित रिपोर्टले भनेको छ- नेपालमा तराईमा ३९% परिवार मोही छन् । पहाडमा २१% मोही परिवार छन् । यसैले देखाउँछ- नेपालमा सामन्ती, अर्द्ध-सामन्ती स्वामित्व बाँकी छ । यसलाई विना मुआवजा अन्त गर्नु पर्छ । त्यो अन्त गर्ने सही बाटो फ्रान्को- प्रशियन बाटो हो ।

खण्डीकरण रोक्ने उपाय- सहकारी र सामूहिक खेती हो भन्ने कुरामा विवाद छैन । समाजवादी खेतीले मात्र खण्डीकरणको समस्या हल गर्न सक्छ ।

मेरो भनाइ के छ भने, भूमिसुधार तलबाट हुनुपर्छ, आन्दोलनको सहायताबाट । माथिबाट नोकरशाही ढंगले थोपरिएको भूमिसुधार वास्तवमा भूमिसुधार हुन सक्दैन ।

## "जमीन आफैं नजोत्नेको हातबाट जफत गरिनुपर्छ"

**क. दीनानाथ शर्मा**, प्रवक्ता ने.क.पा. (मसाल)



जुन जुन वर्ग कृषि उत्पादनमा आफै संलग्न हुँदैन, उसबाट विना मुआब्जा जमीन जफत गर्नुपर्छ र आफैं उत्पादनमा संलग्न हुने किसानलाई त्यो जमीन निःशुल्क वितरण गर्नुपर्छ । भूमिहीन किसान र हरुवा चरुवाहरुको समस्या यही उपायद्वारा हल गर्नुपर्छ र हल गर्न सकिन्छ ।


भूमि वितरण गरेर मात्र सारा किसानको बेरोजगारीको हल गर्न संभव छैन । कृषिमा आधारित औद्योगीकरण गरिनुपर्छ, ग्रामीण क्षेत्रमा । यसबाट उत्पादन पनि वृद्धि हुन्छ, कृषिउपजको पनि लगातार खपत हुन्छ र अर्द्ध बेरोजगारीको समस्या पनि हल हुन्छ । कृषि क्षेत्रमा, किसानहरुको आय पनि बढ्छ ।

अहिलकै संरचनाअन्तर्गत क्रान्तिकारी भूमिसुधार संभव छैन । क्रान्तिकारी भूमिसुधार गर्न अहिलेको राजनीतिक संरचना नै पूरै फेर्नु पर्छ । यही संरचनालाई ज्यूँ का त्यूँ राखेर भूमिसुधार गर्न खोज्नु चुनावी नारा मात्र हुनेछ । एमाले यही गर्दैछ । सुकुम्बासी जग्गा वितरण त्यसैको उदाहरण हो ।

यो सरकारले क्रान्तिकारी प्रकारको भूमिसुधार नगरे पनि पूँजीवादी प्रकारको भूमिसुधार मात्र भए पनि गरोस्, त्यति इमान्दारिता देखाईदिए पुग्छ । तर त्यति इमान्दारिता पनि देखाइरहेको छैन ।

## "के हो पुँजीवादी भूमिसुधार भनेको ?"

**क. शंभुराम श्रेष्ठ**



पूँजीवादी भूमिसुधारको सामान्य रुपरेखा २०२१ सालको भूमिसुधारले देखाएको छ । ०२१ सालको भूमि संबन्धी ऐनमा पूँजीवादी खेती गर्न चाहनेहरुलाई हदवन्दीको कुनै सीमा नै तोकिएको छैन । जति धेरै जमीनमा पूँजीवादी खेती गर्न पनि छूट दिएको छ कानूनले । यो त राज्यले पूँजीवादी खेती गर भनेर हरियो बत्ती बालिदिएको हो नि !

तर पनि किन पूँजीवादी खेती भएन त नेपालमा त्यति धेरै ? यसको कारण नेपालको औद्योगीकरणको सारै कम विकास हुनाले हो । खालि पूँजीवादी खेती गर मात्र भनेर पुग्दैन, औद्योगिक पूर्वाधार पनि त हुनुपर्छ । नत्र पूँजी लगानी गर्न पैसा कहाँबाट आउँछ र त्यसबाट उब्जेको कृषि उत्पादन कसरी खपत हुन्छ ? त्यो पूर्वाधार थिएन नेपालमा, त्यसैले, पूँजीवादी खेतीको ढोका राज्यले खोलेर पनि त्यस्तो खेती त्यति व्यापक भएन । किनकि- समाजको जगमा पूँजीवाद विकास भएकै थिएन । बरु यसको फाइदा हदवन्दी जग्गा लुकाउन चाहनेहरुले उठाए ।

अहिले एमालेले यही अन्तर्विरोध हल गर्नुपर्ने । **तर एमालेले भने पूँजीवादी संविधानकै सीमाभित्र कैद हुने कुरा गर्न थालेको छ । अनि कसरी गर्छ उसले भूमिसुधार ?**

संविधान र कानूनले क्रान्तिकारी भूमिसुधार गर्न बाटो छेक्यो भने, जनतालाई त्यो कुरा कामद्वारा प्रष्ट पार्नुपर्छ । संसद्का अन्य पार्टीले छेके भने, त्यो पनि संसद्मा संविधान संशोधनको प्रयत्न गरेर प्रष्ट पार्नुपर्छ । तर यहाँ त एमाले सरकार आफैंले बाटो छेकिरहेछ । आँटै गरिरहेको छैन- क्रान्तिकारी भूमिसुधार गर्ने र त्यस दिशामा संविधान संशोधन गर्ने ।

## "क्रान्तिकारी भूमिसुधार गर्ने हो भने...."

**दीपेन्द्र क्षेत्री**



क्रान्तिकारी भूमिसुधार गर्ने हो भने, यहाँ हामीले छलफल गरेभन्दा अलग्गै परिणाम निस्कने छ । किनभने जग्गा नजोतेर तर जग्गाधनीको रुपमा लालपूर्जा लिएर बसेकाहरुको हातबाट जमीन त खोसिनेछ । जमीन त लालपूर्जा नभए पनि जोतेर बसेकाहरुको हातमा जानेछ । त्यो स्थितिमा सामाजिक न्याय पनि हुनेछ, उत्पादन पनि बढ्नेछ । तर यसो गर्न बल प्रयोग गर्नुपर्ने स्थिति हुन्छ । त्यो गर्ने कि नगर्ने , कि अहिलेकै अवस्थामा टालटुल गरेर जाने ? अहिले निधो गर्नुपर्ने कुरा यो हो ।

## "जरुरी भयो भने हामी संविधानसमेत संशोधन गर्ने माग गर्नेछौं ।"

**धर्मदत्त देवकोटा**

तात्कालीन सदस्य, उच्च स्तरीय भूमिसुधार आयोग

मन्त्रीज्यूले यहाँ संविधानको दायराभित्रबाटै भूमिसुधार गर्ने कुरा गर्नुभयो । यहाँ त्यसबारे बहस आलोचना पनि भयो । हाम्रो आयोग मंत्रीज्यूको यो धारणासित सहमत छैन ।

मुख्य कुरा देश र जनताको वर्तमान आवश्यकता मुताविक उनीहरुले स्वीकार गर्नसक्ने हदसम्मको भूमिसुधार गर्ने हो । जनताको माग र आवश्यकता नै पहिलो आधार हो भूमिसुधारको । त्यस्तो भूमिसुधार गर्न खोज्दा संविधानले छेक्छ भने, त्यो संविधान संशोधन गर्न समेत हामीले साहस गर्नुपर्छ । संविधानको यो यो धारा भूमिसुधारको लागि बाधा भयो भनेर संसद्लाई बताइनु पर्छ र संशोधन गर्ने प्रयत्न गर्नुपर्छ । कुनै पार्टी त्यसमा बाधा बनेर उभियो भने उही नै पर्दाफास हुन्छ जनतासामुन्ने । हामी किन डराउने ? त्यसैले, जरुरी भयो भने संविधान समेत संशोधन गर्न माग गर्ने पक्षमा आयोग छ । खासगरी दोहोरो नियन्त्रण र हदवन्दीको सवालमा त्यस्तो गर्नुपर्ने हुनसक्छ ।

२१ सालको भूमिसुधारपछि देशमा दोहोरो नियन्त्रणको स्थिति र मोही लाग्ला भनेर जग्गा बाँझो राख्ने प्रवृत्ति बढेर गएको छ । यी दुवै कुराले उत्पादन वृद्धिमा मरीनमेट्ने, अर्काको जग्गामा मैले किन मिहेनत गर्ने ? मोही लाग्छ, जग्गा किन अरुलाई कमाउन दिने ? किन बाँझो नराख्ने ? भन्ने प्रवृत्ति बढेर गएको छ । यसले उत्पादन घटाउन र उत्पादकत्व समेत घटाउन ठूलो भूमिका खेलेको छ । त्यसैले, आयोगले दोहोरो नियन्त्रण खत्तम गर्ने र जग्गा बाँझो राख्नै नपाइने व्यवस्था गर्न जर्को गर्दैछ ।

जग्गा खण्डीकरण हुने प्रक्रिया बढ्दैछ । र पर्ता नपर्ने जमीनका टुक्रा बढ्दैछन् । त्यसैले पनि उत्पादन घटाएको छ । यसबारे पनि आयोग उपाय सुझाउँदैछ कि- कसरी खण्डीकरण रोक्न सकिन्छ ?

आयोग अहिलेको निर्वाहमुखी खेती प्रणालीलाई बदल्ने जमर्को गर्दैछ । समग्र कृषि पद्धति नै बदल्ने पनि आयोगको सोच छ । यसका लागि अहिले भइरहेका संस्था र निकायहरु कति प्रभावकारी छन्, ती प्रभावकारी नभए अरु प्रभावकारी निकाय र संस्था के हुन सक्छन् ? यो बारे आयोग धारणा बनाउँदैछ ।

हामी कृषि श्रमिकबारे पनि आमूल परिवर्तनकारी कार्यक्रम सोच्दैछौं । कमैया, हरुवा, चरुवा, र अन्य श्रमिकहरुको ज्याला, हक, जीवन निर्वाहको उपाय, कामको घण्टा आदिबारे पनि हामी ठोस कार्यक्रम ल्याउन खोज्दैछौं ।

साथसाथै, यी सबै कुरा गर्न संवैधानिक व्यवस्था कस्तो हुनुपर्छ ? यो बारे पनि हामी विचार गर्दैछौं । हाम्रो आयोग स्वायत्त छ । यसले कुनै पार्टी वा मंत्रीले सोचे जस्तै सुझाव दिनुपर्छ भन्ने कुनै जरुरी छैन । संविधानको दायरामा यो कैद हुनुपर्छ भन्ने पनि छैन ।



भूमिसुधार गर्न राजनीतिक प्रतिवद्धता जरुरत हुन्छ- सरकारमा रहनेहरुको । साथसाथै अन्य पार्टी र प्रशासनिक निकायको स्थिति र जनताको माग र आवश्यकताले पनि यसमा ठूलो भूमिका खेल्छ । यी तीनमध्ये निर्णायक कुरा जनता हो, जनताको चेतनास्तर हो र मूर्त आवश्यकता हो । यसैमा आधारित भएर भूमिसुधार सोचिनु पर्छ । ❑

# किड्नी प्रत्यारोपणको आडमा कहीं अंग व्यापार त भइरहेको छैन ?

डा. नारायण पोखरेल

**विश्वमा मानव अंग बेचबिखनको प्रचार धनी मुलुकहरू, खासगरी अमेरिकालाई वद्नाम गर्न वामपन्थीहरूले गरेका हुन् भन्ने गरिन्छ, सत्य के हो त ?**

के ही समयअघि मात्र एक जना नेपाली डाक्टरद्वारा काठमाडौंमा किड्नी (मृगौला)को सफल प्रत्यारोपणको समाचार सुन्दा खुशी लागेको थियो । विज्ञान प्रविधिका उच्चतम् उपलब्धिलाई नेपालमा भित्र्याइनु र सोको प्रयोगद्वारा नेपाली जनसमुदायको कल्याण गर्नु नै त्यस क्षेत्रमा संलगन दक्ष जनशक्तिको मूल कर्तव्य हो । सोद्वारा अभिप्रेरित भई यस्तो शल्यक्रिया नेपालमा शुरु भएको हो भन्ने लाग्दा साना साना विमारी पनि उपचारार्थ प्रशस्त धन खर्च गरी भारतका ठूलाठूला अस्पतालमा जानुपर्ने वाध्यता भएका सबै नेपालीलाई राहतको अनुभूति हुनु स्वभाविकै हो ।

तर यति नै खेर सरकारले विज्ञप्ति प्रकाशित गरी मृगौला प्रत्यारोपणका निमित्त आवश्यक पर्ने पूर्वशर्तहरुको बारेमा सूचना गरेपछि उक्त प्रत्यारोपण संबन्धी शल्यकृयाउपर जनतामा चिसो पसेको छ । किनभने, धन कमाउने र धनको साम्राज्य चलाउनेहरु विभिन्न तवरले सक्रिय रहेका छन् र तिनीहरु जे जस्तो क्रियाकलापमा पनि संलग्न रहन हिच्किचाउँदैनन् भन्ने कुरा आम रुपमा सुन्नमा प्रशस्त आएका छन् । यसै संदर्भमा अंगहरुको बेचविखन भए-हुने गरेका घटनाहरुको बारेमा संचार माध्यमद्वारा बारंबार सचेत गराईएका समाचारहरु प्रकाशित प्रसारित भइरहेका छन् । तापनि कतिपय जनतालाई यस्तो जानकारी अझै छैन भन्ने आभास मिलेकाले यस लेखको आवश्यकता महशूस भएको हो ।

प्रसंग हिन्दी चलचित्र 'सुहाग'को त्यो दृश्यबाट शुरु गरौं, जसमा मानव अंग व्यापारलाई ठूलो धन्धाको रुपमा संचालन गर्ने सफेदपोश अपराधी समूहको पर्दाफास गरिएको छ। अत्याधुनिक साधन सम्पन्न अस्पतालमा कार्यरत दक्ष एवं सुप्रशिक्षित जनशक्तिबाट मात्र सम्भव हुने यस प्रकारको अपराध वृत्तमा डरलाग्दो 'गिरोह'को संलग्नता रहन्छ भन्ने तथ्य पनि उक्त चलचित्रमार्फत उजागर हुन्छ ।

चलचित्रमा छायांकन गरिएको छ कि- यौटा नामी अस्पतालमा दाखिला हुने प्रत्येक विरामी, खासगरी बालबच्चालाई अनिवार्य र अतिशिघ्र शल्यकृया गरिन्छ र शल्यकृया पश्चात रोगीको मृत्यु हुन्छ । तर पोष्टमर्टम गर्दा लाशमा मुटु हुँदैन । कल्पनै गर्दा पनि रौं ठाडा हुने भयानक दृश्य देखिन्छ । मानवता नभएको सेवक अथवा पेशाप्रति मर्यादा नभएका व्यापारीका हातमा जनकल्याणको अभिभारा सुम्पिइन्छ भने यस्तै नै हुन्छ । देखाउनका लागि आफ्ना हर प्रकारका दुष्कार्यलाई समेत मानवतावादमा आधारित, सेवा भावनाले अभिप्रेरित भनीकन प्रचारप्रसार गर्न कुनै कसर बाँकी नराख्ने यिनीहरु वास्तविकतामा 'धन्धा' संचालन गरीरहेका हुन्छन्, नाफा-व्यापार चलाईरहेका हुन्छन् । यिनीहरुले मृगौला, मुटु तथा अन्य आंतरिक एवं दुर्लभ अंगहरुको किनबेचमा सारा प्रविधिलाई दास बनाइरहेका हुन्छन् । त्यसैले यसबारेमा सर्वसाधरणले चनाखो हुनु जरुरी छ र हर व्यक्तिले यस प्रकारको जनविरोधी क्रियाकलाप विरुद्ध एक हुन र जोडदार आवाज उठाउन सक्षम हुनुपर्दछ ।

हुनत मानव अंगहरुको बेचविखनको अवैध कारोबारका संबन्धमा दुई खाले दृष्टिकोण रहँदै आएका छन् । पहिलो दृष्टिकोण अनुसार लागू औषधको ओसार पसार, मूर्ति तथा मानव हड्डीको चोरी व्यापारसरह मानव अंगहरु पनि बेचविखन हुने गर्दछन् । किनभने अंगहरु, जस्तैः मुटु, कलेजो, फोक्सो, मृगौला र आँखाको जाली (Cornea) का प्रत्यारोपण चिकित्सा विज्ञानले सम्भव बनाएको छ । यी अंगहरु मध्ये मुटु, मृगौला र कोर्नियाको प्रत्यारोपण चाहिं सतप्रतिशत सफलताका साथ सम्पन्न गरिन्छ । तर यस्ता अंगहरु न त जमीनमुनि उमारिन्छन्, न रुखबाट नै टिपिन्छन् ।

कृत्रिम अंग प्रत्यारोपण व्यावहारिक हुन सकिरहेको छैन । त्यसैले यी अंगहरु मान्छेबाटै लिइन्छ, एकको शरीरबाट अर्काको शरीरमा राख्ने कार्य मात्र शल्य चिकित्साद्वारा गरिन्छ । त्यसैलाई 'अंग प्रत्यारोपण' भनिन्छ । 'दान' स्वरुप प्राप्त हुने अंगले प्रत्यारोपणमा वैधानिकता पाउँछ । दान जीवित हुँदका अवस्थामा अथवा मृत्यु पश्चातका निमित्त गर्न सकिन्छ । शरीरमा दुई वटा मृगौला हुने र राम्रो अवस्थामा रहेको एउटै मृगौलाबाट पनि जीवन संचालन हुन सक्ने हुँदा जीवित व्यक्तिले एक मृगौलाको दान चाहिं गर्न सक्तछ । अरु अंगहरुको दान जीवित व्यक्तिबाट व्यावहारिक हुँदैन । त्यसैले यस्ता अंगहरु संवन्धित व्यक्तिलाई थाहै नदिई झिकेर, अपरेशन टेबुलमा मोलतोलको दलाली गरिन्छ र अर्को व्यक्तिमा प्रत्यारोपित गराइन्छ भन्ने आम गुनासोले विश्वव्यापी रुप धारण गरीसकेको छ । अझ खासगरी, गरीब बेरोजगार अनि लाचार युवायुवती मृगौला बेच्न सडकहरुमा भौंतारिएका थुप्रै घटनाहरु ठूलठूला शहरका चरित्र नै भएको हाम्रो छिमेकी मुलुक भारतको भ्रमण गर्नेले सहजै अनुभव गर्ने गर्दछन् । 'अंग चाहियो' भनी दिइएका विज्ञापनहरु त हाम्रो देशका पत्रपत्रिकामा समेत छ्यास्छ्यास्ती आउन थालेका छन् ।


> **एउटा नामी अस्पतालमा दाखिला हुने प्रत्येक विमारी, खासगरी बालबच्चालाई अनिवार्य र अतिशिघ्र शल्यक्रिया गरिन्छ र शल्यक्रियापश्चात रोगीको मृत्यु हुन्छ'। तर पोष्टमर्टम गर्दा लाशमा मुटु हुँदैन'। कल्पनै गर्दा पनि रौं ठाडा हुने भयानक दृश्य ! यस प्रकारको अपराध वृत्तमा डरलाग्दो गिरोहको संलग्नता ! यस्तो अपराध कहीं तपाई-हाम्रो शहरका अस्पतालहरुमा पनि भैरहेको त छैन ?**



आआफ्नो किड्नी चोरी भएको ठाउँ देखाउँदै दुःखित भारतीयहरू

यसको अलावा बाल-बालिकाको अपहरण गरी तिनीहरुका अंग बेचविखन गरिन्छ भन्ने कुरो ल्याटिन अमेरिकी तथा एशियाली मुलकुहरुमा घटेका थुप्रै घटनाहरुबाट सावित भइसकेका छन् । यस तथ्यको पुष्टि ब्रिटिस-क्यानेडियन टि.भि. डकुमेन्ट 'शारीरिक अंग ब्यापार' (The body part business) तथा फ्रान्सिसी चलचित्र 'अंग चोरहरु' (Organ Thieves) ले पनि गरिसेका छन् । दुवै फिल्महरुमा ल्याटिन अमेरिकी बालकहरु उपचारार्थ अस्पतालमा भर्ना हुँदा तिनलाई थाहै नदिई आँखा निकालीएका हृदय विदारक दृश्यहरु देखाइएका छन् ।

अंग ब्यापार संबन्धी दोसो दृष्टिकोण के छ भने, यो यौटा प्रोपोगण्डा



हो, ठोस प्रमाणहरु नभएको 'हल्ला' हो र त्यस्तो कुनै गिरोह यससँग संलग्न छैन, किनभने- यो व्यापार जीवित अंगसँग संबन्धित छ : मुटु निकालिएको ४ घण्टा भित्रमा र मृगौलालाई ४८ देखि ७२ घण्टा भित्रमा प्रत्यारोपण गरिएन भने तिनको प्रयोग हुँदैन र अपहरण गरी अस्पतालमा राखेर अंग प्रत्यारोपण गरिएको कुनै मान्छेको पनि रजिष्टर्ड रेकर्ड छैन।

यस दृष्टिकोण अनुसार मानव अंग बेचविखनको भ्रामक प्रचार वामपंथीहरुले धनी मुलुकहरु, खासगरी, अमेकिारलाई बदनाम गर्न गरेका हुन् भन्ने रहेको छ। किनकि ल्याटिन अमेरिकीहरुको गरीबीले सधैं अमेरिकालाई दोषी देख्दछ र नै बालबालिकाको अपहरणलाई प्रोतसाहित गर्दछ भन्ने प्रसंग समेत उनीहरु यससँग जोड्दछन्। यो दृष्टिकोण हुनेहरु अंग व्यापारको 'हल्ला' १९८७ मा होण्डुरसमा उब्जिएर मुखमुखै- सडकै सडक ल्याटीन अमेरिकी मुलुकहरुमा आगो सल्किएझैं अघि बढ्यो र यसलाई वामपंथी छापाहरुले झन चर्काए भन्ने धारणा राख्दछन्। उनीहरुका अनुसार यस 'हल्ला'लाई वामपंथीहरुको बर्चस्व रहेको 'अंतराष्ट्रिय प्रजातान्त्रिक कानून व्यव्सायी संगठन'ले हात पार्‍यो र १९८८ मा प्रत्यारोपण गरिने मानव अंगहरुको कालो बजारी हुने कुराको जिकीर गर्दै २ वटा प्रतिवेदन संयुक्त राष्ट्र संघसमक्ष प्रस्तुत गर्‍यो र त्यस्ता "दानवीय" कृयाकलापमाथि रोक लगाउन आवश्यक कार्यवाहीको समेत माग गर्‍यो। महासचिवको कार्यालयले त्यस्तो दलिलको कुनै प्रामाणिकता नभएककोले फीरादलाई रद्दीको टोकरीमा फालीदियो। तर महासचिवले अस्वीकार गरेतापनि यस मुद्दाले त्यतिवेला पुनः ज्यान पायो, जब युरोपियन संसदका एक सदस्य (फ्रान्सीसी वामपंन्थी) ले उपरोक्त दुई प्रतिवेदनको हवाला दिंदै प्रस्तुत गरेको 'मानव अंग व्यापार -भर्त्सना प्रस्ताव' पारित गर्‍यो। त्यसको लगत्तै संयुक्त राष्ट्र संघले पनि क्युवाको जोर-जवर्जस्तिका कारण 'प्रत्यारोपण' संवन्धी 'निर्देशिका' तयार पार्न वाध्य हुनु पर्‍यो। त्यसपछि विश्वका अन्य देशहरुमा पनि प्रत्यारोपण संवन्धी कडा कानूनी व्यवस्था हुन थाल्यो।

जे जसरी उठान भएको भएतापनि मानव अंगहरुको अवैध व्यापार हुने गरेको वास्तविकतालाई नकार्न मिल्दैन। र, यो कुराको पनि प्रवल संभावना रहेको वुभिन्छ कि- अंगहरु समयमा प्रत्यारोपण नहुँदा ठूलो घाटा पर्नाले हाल लगानी कर्ताहरु सेवा गर्ने नाममा ठाउँ-ठाउँमा अस्पतालकै व्यापार गर्न थालेका हुन्, ताकि अंग-हरुको ओसार पसरा गर्न नपरोस्। यो कारोबार हाल गैरकानूनी भएको हुँदा त्यस्ता कुनै पनि अस्पतालमा प्रत्यारोपणको रेकर्ड राखिने नगरिनु अस्वाभाविक होइन। त्यसकारण यदि यस्तो किसिमको धन्धाको पर्दाफास गराएर विश्वभरी प्रत्यारोपण निर्देशिका तथा कानूनहरु निमार्णमा प्रत्यक्ष योगदान पुर्‍याउने समूह 'वामपंथी' हरुकै हो भने त्यसलाई धेरै धन्यवाद दिनु पर्दछ। र, यदि प्रतिकृयावादीहरुद्वारा माथि लगाईएका आरोपहरु सही हुन् भने पनि वामपंन्थीहरु नै मानवतावादका पक्षप्रति हुँदा रहेछन् भन्ने कुरा छर्लङ्ग हुन आउँछ।

**नेपालबाट अपहरण गरी भारत लगिने र बेचबिखन गरिने गरिएका नेपाली बाल-बालिकाहरु र महिलाहरुको अंगको व्यापार त भइरहेको छैन ?**

यसै सिलसिलामा, केही हप्ताअघि पूजींवादी खेमाको एक प्रशिद्ध अंतर्राष्ट्रिय पत्रिकाले 'अंग व्यापारको वास्तविकता गलत हो' भन्ने दलील पेश गर्दै एक आलेख प्रकाशित गरेको थियो। तर त्यसको टिप्पणी गर्दै थाईलेण्डका सुप्रशिद्ध मानव अधिकारवादी प्राध्यापक भाईटीट मुन्टेन्वोर्गले गरीव तथा तेश्रो मुलुकका बालबालिकाको शोषण मात्र नभएर तिनलाई अपहरण र तिनका अंग प्रत्यंगलाई ठूलो मूल्यमा विक्री गरिन्छ भन्ने राय पुनः सही भएको वताउनु भएको छ। स्मरणीय छ कि, प्रा. मुन्टेनवोर्गलाई संयुक्त राष्ट्र संघको आर्थिक तथा सामाजिक परिषदले १९९०मा विश्वमा बाल शोषणको स्थिति आँकलन गर्ने कार्य सुम्पेको थियो। त्यसको प्रतिवेदनमा नेपालका प्रहरीको भनाइ पनि उल्लेखित छ। यसमा नेपाली बाल-बालिकाको अपहरण गरी भारत लगिने र वेचबिखन गरिने कुरा उधृत छ,

यस्ता विभिन्न त्रियाकलापका कारण विश्वभरि नै प्रत्यारोपण संवन्धी ऐन कानून बन्ने क्रममा भारत तथा वंगलादेशमा पनि कठोर कानून बनेका कुरा छापामा आएका छन्। तर यति बेलै नेपालका विभिन्न नर्सिङ्ग होममा धमाधम खसी चिरेझैं मान्छे चिर्ने र अंगहरुको प्रत्यारोपण गराईने सिलसिला वढ्नु निश्चयनै चिन्ताको विषय भएको छ। किनभने नेपालको सवैभन्दा साधन सम्पन्न अस्पताल 'वीर अस्पताल'ले समेत मृगौला प्रत्यारोपणको निमित्त पर्याप्त सुविधा अझै नभइसकेकाले जटील अपरेशन शुरु गरिएको छैन भन्दै 'गैर सरकारी चिकित्सालयमा ती सविधा उपलव्ध होलान् भन्ने कुरामा शंका व्यक्त गरेको छ।

तर अर्कातिर, नर्सिङ्गहोमहरु 'हेमोडाइलासीस' समेत गर्नसक्ने भौतिक अवस्था नहुँदा नहुँदै पनि 'हामी समक्ष छौं' भनीकन वीर अस्पतालको उपरोक्त टिप्पणीलाई 'ईर्ष्यावोध' ठान्दछन् र नेपथ्यमा दक्ष भारतीय चिकित्सकलाई उभ्याई भारतीय मुलकै रोगीमाथि त्यहींका दाताको अंग प्रत्यारोपण गर्दछन् भने कहीं यी चिकित्सालयहरु 'मृगौलाको धन्धा नेपालमै शुरु गरिरहेका त छैनन् भनेर सबैले सशंकित हुनु स्वाभाविक हो। त्यसैले यस प्रकारका प्रविधिसम्बद्ध विसंगतिहरुदेखि मुक्त गराइ जनतालाई त्रासको दलदलबाट उतार्नु सरकारको ठूलो दायित्व हुन आउँछ।

सरकारले अंग बेचविखनमा पूर्ण बन्देज लगाउन सक्नु पर्दछ। त्यसको निमित्त उचित नीति नियम तर्जूमा गर्नुपर्छ। यही नीति अख्तियार हेतु हालै यौटा समिति समेत बनाएर प्रत्यारोपण संबन्धी कानून तर्जुमा गर्न लाग्नु अवश्य पनि सकारात्मक कदम हो। तर शिक्षा तथा स्वास्थ्य जस्ता संवेदनशील फाँटहरुलाई पनि उदार नीतिको आडमा वदमाश तथा नाफाखोरहरुको हातमा सुम्पने प्रवृत्ति नै ठकि हो भने वामपंथी र दक्षीणपंथी-प्रतिगामी एवं प्रतिक्रियावादीहरुबीच भिन्नता केमा रहन्छ ? मान्छेले सोच्न थालेका छन्।

अंन्त्यमा प्रत्यरोपण संबन्धी हालको समस्या निदानहेतु सरकारले लिनु पर्ने रवैयाको संदर्भमा के सुझाव दिन सकिन्छ भने, वीर अस्पतालमै यस्तो अपरेशनको शुरुवात गरियोस्, वास्तविक प्रयोजनहेतु दातालाई हतोत्साही नगरियोस् र नाफाखोरहरुको चंगुलबाट स्वास्थ सेवालाई पूर्ण मुक्त गराउने प्रयत्न गरियोस्। ५ वर्ष नपुगेको दाम्पत्य जीवनका सहभागीहरुले एक अर्कालाई अंग दान गर्न नपाई विधवा वा विधुर भएरै बस्न बाध्य हुनपर्ने जस्तो नीतिले पनि भुक्तभोगीहरुलाई चाहिं मर्का नै पर्दछ। त्यसैले यी समेत कुरालाई ध्यानमा राखी जनहीतकारी कदम तुरुन्त चालिहाल्नु वेश हुनेछ। ❑


नेपाल चिया विकास निगम लि.

बिक्री केन्द्र

(श्री ५ को सरकारको स्वामित्व भएको संस्थान)

विजयादशमी - २०५२ को उपलक्ष्यमा

समस्त ग्राहक वर्गमा

शुभकामना

# दोहोरो मापदण्ड

**प्रतिक्रियावादी क्षेत्रमा व्याप्त यो दोहोरो मापदण्डको प्रवृत्ति वाम-आन्दोलनमा पनि घुसेको छ ।**

चन्द्रदेव नेपाली

सर्वोच्च अदालतले मनमोहन अधिकारीले संसद विघटन गरेको कामलाई बदर गऱ्यो, जसले हिजो गिरिजाप्रसाद कोइरालाले गरेको यही कामलाई चाहिं सदर गरेको थियो । संसद विघटनको अवस्था र स्वरुप गिरिजाको र मनमोहनको पालाको फरक फरक थियो भनी कसैले व्याख्या गर्छ भने, त्यस्तो व्याख्याको केही अर्थ रहन सक्छ । तर कसैले गिरिजाको पालामा भन्छ –"संसदमा विकल्प खोज्नु जरुरी थिएन।" र, मनमोहनको पालामा भन्छ –"संसदमा अर्को विकल्प खोज्ने काम पहिले गर्नु पर्थ्यो ।"

यो भनेको एउटै कुरामा विपरीत मापदण्डलाई अघि सारेर आफ्नो मन मिल्ने पक्षलाई जिताउने चालवाजी हो ।

कहिले एउटा कुरो, कहिले अर्को कुरो ।

यस्तो चालवाजी भयो भने चाहिं व्याख्याको खासै अर्थ रहन्न । यो त सरासर पक्षपात हो ।

यस्तो पक्षपात यसपल्ट सर्वोच्च अदालतले गऱ्यो । यसका विरुद्ध थुप्रै व्यक्ति र संस्थाहरु मैदानमा उत्रिए पनि ।

❑ काठमाण्डौं शहरको फोहोर फाल्ने समस्या समाधान भएन- डम्पिङ क्षेत्रको अभावमा । एमालेको सरकारले गोकर्ण क्षेत्रमा डम्पिङ साइट तोक्यो । काठमाण्डौं नगरपालिकाका मेयर, उपमेयर कांग्रेसीहरुले यो साइट तोकेकोमा हतारहतार खुसी जाहेर गरे । तर गोकर्ण- क्षेत्रतिरै चुनाव लड्ने हरिवोल भट्टराई तथा दमननाथ ढुंगानाजस्ता कांग्रेसी नेताहरुले चाहिं यसको विरोध गरे । विरोधमा जुलूस र सभाको नेतृत्व गरे । "अन्तिम समयसम्म जनतालाई साथ दिने" बचन दिए ।

कांग्रेस पार्टी एउटै, तर शहरमा त्यसको नारा एउटा, गाउँमा अर्को । एउटै इस्यूमा, एउटै एउटै सन्दर्भमा । यो सरासर धुर्त्याई हो ।

माथि उल्लिखित पक्षपात र धूर्त्याईपूर्ण व्यवहारहरुलाई दोहोरो-मापदण्डयुक्त ठग-संस्कृतिको रुपमा हामी लिन सक्छौं ।

यस्ता दोहोरो मापदण्डका बेग्रेल्ती प्रचलन र व्यवहारका उदाहरणहरु राजनीतिक क्षेत्रमा मात्र हैन, हाम्रो समाजका अन्य क्षेत्रमा पनि हामी छ्यास्छ्यास्ती पाउन सक्छौं ।

आफूलाई फाइदा हुने वा मनपर्ने मामला छ भने त्यसमा एउटा मापदण्ड प्रयोग गर्ने, आफूलाई फाइदा हुने वा मन पर्ने मामला छैन भने त्यसमा अर्को मापदण्ड प्रयोग गर्ने ।

❑ एउटा सरकारी प्रकाशन संस्थानमा कांग्रेसी सरकारले ३ वर्षे आफ्नो विगतको शासनकालमा ४३२ जना आफ्ना कार्यकर्तालाई थप जागिर दियो । संस्थानका महत्पूर्ण पदहरुमा आफ्ना मान्छे ल्यायो ।

किन यसो गरेको ?

जवाफ दिइयो- "यसो नगरी सरकारले आफूले आँटेको कामै गर्न सक्दैन, त्यसैले यसो गर्नु जरुरी छ ।"

एमालेको सरकार आयो । उसले ती ४३२ जनामध्ये मात्र ११ जनालाई हटाएर तिनका ठाउँमा आफ्ना मान्छे ल्याल्यो ।

यस घटनालाई लिएर कांग्रेसीहरुले ठूलो स्वरमा होहल्ला गरे- "लौ एमालेले संस्थानमा एमालेकरण गऱ्यो । यसो गर्नु अनुचित हो । आफ्ना मान्छे ल्याउनु हुन्न । सरकारी अड्डाहरुलाई निस्पक्ष राख्नु पर्छ ।"

यो "निस्पक्ष राख्नु पर्छ" भन्ने मान्यता किन एमालेका निम्ति मात्र तेर्स्याइयो, आफूद्वारा चाहिं किन त्यसभन्दा विपरीत मान्यता अनुसार काम भयो त ?

प्रश्नको जवाफ कांग्रेसीहरुसँग छैन ।

❑ कोठामा ओछ्याइएको दरीमा राखिएको मकलमा रहेको खरानी नातिको खुट्टाले लागेर पोखियो । हजूर बा कराउनु भयो- "तेरा आँखा छैनन् ? राम्ररी हेरेर हिंड्नु पर्दैन ?'

भोलिपल्ट त्यही मकल त्यही ठाउँमा हजूर बाकै खुट्टाले ठक्कर दिएर दरीभरि आगोका कोइलाहरु पोखिए । हजूरबा कराउनु भयो- "यो मकल यहाँ दरीमा कसले राखेको हो ? ढल्ला, लड्ला भनेर होश पुऱ्याएर अन्तै राख्नु पर्दैन ?"

मकल दरीमा राख्ने दोषी कि- त्यसलाई ढाल्ने दोषी ? कि दुवै दोषी ?

प्रश्नको जवाफमा हजूरबाको निस्पक्षता देखिएन । अवसरवादिता देखियो । आफूलाई पर्दा एउटा मापदण्ड, नातिलाई पर्दा अर्को मापदण्ड ।

❑ आफ्नो गाईले छिमेकीको करेसाको तरकारी बाली खाइदियो । घरबेटी आमैले भनिन्- 'तरकारी लगाएपछि त्यसका वरिपरि बार लगाएको हुनुपर्ने । रहेनछ, त्यसैले गाईले खाइदियो, यसमा हाम्रो के दोष ?'

तर जब छिमेकीको गाईले आफ्नो तरकारी बालमा मुख गाड्छ, तब घरबेटी आमै पड्किन्छिन्- 'गाई वस्तु पालेपछि डोरीले बाँधेर राख्नु पर्छ कि पर्दैन ?'

वास्तवमा हुनुपर्ने कुरा के हो ? गाईवस्तु पाल्नेले त्यसलाई डोरीले बाँधेर राख्नु जरुरी हो कि- तरकारी बारी लगाउनेले बार बाध्नु जरुरी हो ?

घरबेटी आमै प्रष्ट छैनन् । तर आफ्नो स्वार्थ अनुकूल हुने गरी उनी एउटै कुरामा अलग अलग मापदण्ड प्रस्तुत गर्छिन् ।

❑ कुनै नेता आफ्ना छोराछोरीलाई भन्छन्- "कलेजबाट खुरुक्क घर आउनू । बीचमा कतै नअल्मलिनू ।"

उनै नेता अर्काका छोराछोरीलाई भन्छन्- 'युवा मित्रहरु हो ! आउनुहोस्, पढाइ मात्रको साँघुरो व्यक्तिवादी घेरा तोडेर देशको निम्ति लडौं, जुलुस र सभामा भाग लिऔं ।'

कुनै नेता आफ्ना छोराछोरीलाई भन्छन्- "कलेजबाट खुरुक्क घर आउनू। बीचमा कतै नअल्मलिनू।" उनै नेता अर्काका छोराछोरीलाई भन्छन्- "युवा मित्रहरु हो ! आउनुहोस्, पढाइ मात्रको साँघुरो व्यक्तिवादी घेरा तोडेर देशको निम्ति लडौं, जुलुस र सभामा भाग लिऔं।"

वास्तवमा, युवा वर्गले गर्नुपर्ने काम के हो ? खुरुक्क घर जाने, कि- देशको निम्ति लड्ने पनि ? कि दुवै थोक गर्ने ? यसमा एउटै मापदण्ड सबैलाई लागू हुनुपर्ने । तर ती नेता आफ्नालाई एउटा र अर्कालाई अर्कै मापदण्ड लागू गर्छन् ।

माथिका सबै उदाहरणहरुले व्यक्तिले प्रयोग गर्ने दोहोरो मापदण्डको जुन झलक प्रस्तुत गरेका छन्, तिनीहरु दुई खाले हुनसक्छन् । एक, नकच्चरो प्रकारको र दुई, पाखण्डी प्रकारको ।

नकच्चरो प्रकारका दुई जिब्रेहरु ठाडै पक्षपात गर्छन् । कहिले यस्तो व्याख्या र कहिले उही स्थितिमा उस्तो व्याख्या । आफूले गर्नुपर्ने काम एक थोक भन्ने, अरुले त्यही स्थितिमा गर्नुपर्ने काम अर्कै थोक भन्ने । आफ्नालाई एउटा, पराईलाई अर्कै आग्रह गर्ने ।

पाखण्डी प्रकारका दुई जिब्रेहरु चाहिं भिन्न के कुरामा हुन्छन् भने, उनीहरु जुन आफ्नो निम्ति दोहोरो मापदण्ड प्रयोग गर्ने गर्छन्, त्यसलाई बाहिर नदेखिने गरी भित्रभित्रै छिपाउने-लुकाउने कोशिस गर्छन् । बाहिर एक खालको आफ्नो छवि प्रस्तुत गर्ने, तर भित्र त्योभन्दा भिन्न रहने ।

शाकाहारी हुनुपर्छ भनी अरुलाई शिक्षा दिने तर आफू भने लुकी लुकी कलेजोको भुटन हसुर्ने र खुट्टीको झोल तन्काउने ।

कतिपय ढोंगी 'शुद्ध ब्राम्हणहरु'को जस्तै व्यवहार यिनीहरुको हुन्छ ।

दोहोरो मापदण्डको कुटील व्यवहारको मूल उद्देश्य अरुलाई झुक्याउनु र ठग्नु एवं आफ्नो व्यक्ति स्वार्थ, वर्ग स्वार्थ वा गुट स्वार्थ पूरा गर्नु हो ।

समाजका प्रतिक्रियावादी वर्गहरु यो दोहोरो मापदण्डको मामलामा एकदमै

बाँकी ३२ पेजमा



हिन्दी


व्यंग्य साहित्यलाई तेज, धारिलो रव्यापक गर्ने एवं जनताको संघर्षसित गाँस्ने काममा प्रमुख योगदान दिनु भएका भारतका एक जना प्रसिद्ध लेखक हरिशंकर परसाईको गत साउन २५ गते गाईजात्राको दिन ७१ वर्षको उमेरमा मृत्यु भयो ।

२४ अगस्त, १९२४ मा एउटा साधारण परिवारमा जन्मेर दुःख कष्टका वावजूद हिन्दीमा एम.ए.सम्म गरी, नोकरी, अध्यापन र स्वतन्त्र लेखनमार्फत जीवन संघर्षमा अगाडि बढ्नु भएका व्यंग्यकार परसाईले ५ दशकसम्म अविराम रुपले लेख्नु भएको थियो । प्रतिवद्ध मार्क्सवादी लेखकका रुपमा स्थापित हरिशंकर परसाईले 'विकलांग श्रद्धा का दौर' पुस्तकमा साहित्य एकेडेमी पुरस्कार प्राप्त गर्नु भएको थियो भने उहाँले भारतको मध्यप्रदेश सरकारको 'शिखर सम्मान', भारत सरकारको तर्फबाट 'पदमश्री अलंकरण' र १९८३ मा दुर्गापुर विश्वविद्यालय, जबलपुरबाट 'साहित्यको डाक्टर' को उपाधि समेत प्राप्त गर्नुभएको थियो । उहाँका सम्पूर्ण रचनाहरु संकलन गरी 'परसाई रचनावली'का ६ खण्डहरु प्रकाशित छन् ।

भारतको प्रगतिशील लेखक संघका अध्यक्ष पनि बनिसक्नु भएका परसाईले 'बसुधा' नामक साहित्यिक पत्रिकाको संस्थापक सम्पादक र 'देशवन्धु' अखबारको सम्पादकीय सल्लाहकार भएर पनि काम गर्नुभएको थियो । हप्तामा दुई तीन वटा अखवारी व्यंग्य स्तंभ लेख्नु हुने व्यंग्यकार परसाईका अधिकांश रचनाहरु शोषित पीडित जनताका संघर्षहरुको प्रतिविम्वनको रुपमा लेखिएको दावी समालोचकहरुको रहेको छ ।

निजी जीवनमा अत्यन्त सरल र सहज परसाईका रचनाहरु छिमेकी देश भारतको सन्दर्भमा लेखिएको भएतापनि नेपालीहरुको लागि पनि अत्यन्त पठनीय र मननीय रहेका छन् । प्रस्तुत छः हिन्दी व्यंग्यकार परसाईको मृत्युको शोकमा उहाँका दुई चर्चित हास्य-व्यंग्यहरुको नेपाली अनुवाद !

मूल्याङ्कन




# प्रसिद्ध भारतीय व्यंग्यकार हरिशंकर परसाईका दुई चर्चित ब्यंग्यहरु

## संसद र मन्त्रीको जुँगा

संसद्को कार्वाहीलाई लिएर पटक पटक यो कुरा उठाइने गरिन्छ कि- प्रतिदिन संसद्को निम्ति कति खर्च हुने गर्छ ? प्रतिमिनेट कति रुपियाँ लाग्छ ? हरेक प्रश्नमाथि कति खर्च लाग्छ ?

यी प्रश्नहरु आफैं बेइमानीपूर्ण छन् । संसद् कसैसंग पनि पैसा माग्न जाँदैन । यो त आफैं बजेट पास गर्छ । जसले बजेट पास गर्छ, उसलाई जति चाहे पनि खर्च गर्ने हक छ ।

संसद्को महँगो समय कसरी मज्जाले बित्लसक्छ, म यसको एक उदाहरण दिइरहेको छु ।

एक दिन गुलजारीलाल नन्दा (रेलमन्त्री) जब सदनमा पसे, सदस्यहरुले देखे- उनको जुँगा सफाचट छ । नन्दाजीको गठिलो शरीरमा जुँगा खुव सुहाउँछ । यसले गर्दा उनी रेल मन्त्री भएर पनि सुरक्षा मन्त्री जस्ता लाग्छन् ।

सदनमा कानेखुसी भयो र एक जना जनसंघी सदस्यले संसद्को कारवाही रोक्दै भने- 'अध्यक्ष महोदय, नन्दाजीको जुँगा आज छैन । हामी जान्न चाहन्छौं कि उहाँको जुँगालाई के भयो ? के उहाँले आफैं जुँगा खौरनु भयो या अरु कसैले खौरिदियो ?'

> हामीलाई पक्का जानकारी छ कि- कम्युनिष्टहरूको दवाबमा आएर नन्दाजीले जुँगा साफ पार्नु भएको हो !

अर्का जनसंघी- 'यो साधारण घटना होइन । यो मन्त्रीमण्डलमा नन्दाजीको मात्र जुँगा थियो ।'

सत्ता-कांग्रेसी- 'यो कुरा गलत छ । जगजीवनरामको पनि जुँगा छ !'

जनसंघी- 'हामी जगजीवनरामको जुँगालाई जुँगा मान्दैनौं ।'

सत्ता कांग्रेसी- 'तिमीहरुले मान्नु पर्छ । हामी हाम्रा अध्यक्षको जुँगालाई जुँगा नै नमान्ने साम्प्रदायिक प्रतिक्रियावादीहरुको यस धाँधलीलाई चल्न दिंदैनौं । हामी हरेक मोर्चाहरुमा प्रतिक्रियावादीहरुसँग मुकावला गर्न तयार छौं, चाहे त्यो जुँगाको मोर्चा नै किन नहोस् ।'

जनसंघी- 'यो मामला साधारण छैन । नन्दाजी साधारण मन्त्री हुनुहुन्न । हाम्रो गोरक्षा आन्दोलनको समयमा उहाँ नै गृहमन्त्री हुनहुन्थ्यो । फेरि उहाँ दुई पटक दुई प्रधानमन्त्रीहरुका बीचका दिनहरुमा प्रधानमन्त्री रहनु भयो । उहाँको जुँगा देशको जुँगा हो । साथै, भारतीय संस्कृतिमा जुँगा उत्तम पुरुषको मानिन्छ ।'

द्रमुक सदस्य- 'यो कुरो गलत हो । राम र कृष्णका जुँगाहरु थिएनन् । कुनै पनि फोटो उठाएर हेर्नुहोस् । यहाँ उत्तर भारतको यो साम्राज्यवाद चल्न पाउँने छैन ।'

संगठन-कांग्रेसी- 'अविभाजित कांग्रेस गएको भए र हामी त्यसमा भएको भए हामी यस्तो हुन दिन्नथ्यौं । यो त अनुशासनहीनताको हदै भयो कि- दलको कार्यकारिणीमा निर्णय नहुँदै कुनै मन्त्रीले जुँगा खौरोस् । हामीलाई पक्का जानकारी छ कि- कम्युनिष्टहरुको दवाबमा आएर नन्दाजीले जुँगा साफ पार्नु भएको हो । हाम्रो पार्टीको एक सदस्यले आज बिहानै भूपेश गुप्तालाई नन्दाजीको जुँगामा छुरा चलाउँदै गरेको देखे ।'

साम्यवादी- 'यो कुरा गलत हो । हामी यो सरकारलाई फगत कार्यक्रमको आधारमा समर्थन दिन्छौं र उक्त कार्यक्रममा नन्दाजीको जुँगाको उल्लेख छ । न हाम्रो काम कांग्रेसको जुँगाको हिफाजत गर्नु हो, न त्यसलाई काट्नु नै । यो सारा षडयन्त्र सी.आई.ए. को हो । जबदेखि दिल्ली प्रशासन जनसंघको हातमा आएको छ, तबदेखि नै राजधानीमा थुप्रै सी.आइ.ए.का एजेण्ट हुन पुगेका छन् । यसकारण भूपेश गुप्त कलकत्तामा दाह्री काट्छन् र हामी भने केरलामा ।'

प्रसोपा सदस्य- 'हामी पनि यो मामलामा केही बोल्ने थियौं, तर यतिखेर हाम्रो सत्ता-कांग्रेससँग संझौता वार्ता चलिरहेको छ ।'

संसोपा सदस्य- 'तिमीहरु त इन्दिराका खुट्टाका जुत्ता हौं ।'

प्रसोपा सदस्य- 'शट् अप !'

भाक्रा सदस्य- 'के यो साँचो हो कि नन्दाजीको जुँगा त्यो मुगलसरायवाला साधुले खौरिदिएको हो, जसलाई भ्रष्टाचार रोक्ने काममा लगाई राखिएको छ ? यदि यो कुरा साँचो हो भने त यो चिन्ताको विषय हो । जो साधु रेलमन्त्रीको जुँगा काट्छ, उसले त इंजिन पनि गायब गर्नसक्छ ।'

मार्क्सवादी-'संशोधनवादीहरु- सँग संझौता गर्छौ भने जुँगाहरु त बाँकी रहँदैनन् नै । जुन दिन केरलामा यिनीहरुको मोर्चा बनेको थियो, त्यही दिन हामीले भविष्यवाणी गरिदिएका थियौं कि- एक दिन नन्दाजीको जुँगा खत्तम हुनेछ ।'

अध्यक्षले अब नन्दाजीतिर हेरे ।

नन्दाजी उठ्नु भयो र उहाँले वक्तव्य दिनुभयो- 'म केवल यति जान्दछु कि- विहान मैले दाह्री काटें, नुहाएँ र खाएर लोकसभामा आएँ । जुँगा छ या छैन, यो पनि म भन्न सक्दिनं । सरकारले यसको जाँच गर्नेछ ।'

धेरै सदस्यहरु- 'तथ्य के हो जान्ने हक सदनलाई छ ।'

नन्दा- 'त्यसैले त म एउटा जाँच समिति गठन गर्दैछु भनिरहेको छु, जसले

यो जाँच गर्नेछ कि- पहिले मेरो जुँगा थियो कि थिएन । यदि थियो भने अब छ कि छैन ? यदि छैन भने, किन छैन ?'

धेरै सदस्यहरु- 'कमिटीले जाँच गरुन्जेल त जुँगा फेरि बढ्नेछ । अहिले नै सदनमा यसको फैसला हुनुपर्दछ ।'

अब प्रधानमन्त्रीले हस्तक्षेप गरे- 'जब उहाँ जाँच कमिटी गठन गरिरहेको कुरा भन्दै हुनुहुन्छ, तब त सदस्यहरुले सन्तुष्ट हुनुपर्दछ । सरकार कुनै तथ्यमाथि पनि पर्दा हाल्न चाहँदैन ।'

एक सदस्य- 'यसको न्यायिक जाँच हुनुपर्छ ।'

प्रधानमन्त्री- 'ठीक छ, न्यायिक जाँच हुनेछ । न्यायाधीश खोसला अहिले फुर्सदमा छैनन् । उनले नेताजीको मृत्युको जाँच सकून्, त्यसपछि नन्दाजीको जुँगाको मामला उनलाई सुम्पिइनेछ ।'

एक संसोपा सदस्य- 'धिक्कार छ ! यो 'राष्ट्रिय शरम'को सरकार हो । इन्दिरा गान्धीको मन्त्रीमण्डलमा सामेल हुनेहरुको कुनै खैर छैन । इन्दिरा हटाऊ, देश बचाऊ !'

अर्को संसोपा सदस्य- 'हैन, पूनामा नारा बदलिएको छ ।- 'इन्दिरा हराऊ, देश बचाऊ ।'

पहिलो संसोपा सदस्य- 'चुप लाग् ए राजनारायणको बच्चा !'

दोश्रो संसोपा सदस्य- " तैं चुप लांग् जोशीको रखौटी !'

पहिलो संसोपा सदस्य- 'थू - थू !'

दोश्रो संसोपा सदस्य - 'थू -थू !'

अध्यक्ष- 'माननीय सदस्यहरु सदन छोडनुस् !'

दुवै- 'हामी निस्कदैनौं । हामी सीटमुनि घुस्छौं । हामी कुर्सीको खुट्टामा टासिन्छौं ।'

अध्यक्ष- 'म आदेश दिन्छु, दुवै सदस्यहरु सदनबाट बाहिर जानुस्, यो के तमाशा हो ? जव म स्पीकर बनेको छु, मेरो दिमाग यत्ति बिग्रियो कि- म पत्नीको प्रेमपूर्ण कुरा सुन्दा पनि 'अर्डर अर्डर' भनेर चिच्चाउछु ।'

अध्यक्ष मार्शललाई आदेश दिन्छन् ।

दुवै संसोपा सदस्य सीटमुनी घुस्दछन् । मार्शलले उनीहरुलाई उचालेर बाहिर लैजान वीस मिनेट लाग्छ । पूरा महागठबन्धनले वाकआउट गर्छ ।

सदनको एक घण्टा खतम हुन्छ ।

❑

# अतिक्रान्तिकारी

दिउँसो यो क्रान्तिकारी
मार्क्स, लेनिन्, माओका मन्त्रहरु याद गर्छ,
राति साथीहरुसँग बसेर रक्सी पिउँछ र क्रान्तिकारी मन्त्र
दोहोऱ्याउँछ। फेरि कुखुराको मासु यसरी खान्छ,
मानौं ऊ पूँजीवादलाई चियोरिरहेछ।

मेरो एक अतिक्रान्तिकारीसँग भेट भयो ।

एक बिचरा मामुली क्रान्तिकारी हुन्छ, जो फिल्डमा काम गर्छ । भोकभोकै रहन्छ । सुख्खा रोटी र प्याज झोलामा लिएर हिंड्छ, कुटाई खान्छ, जेल जान्छ । यो एक मामुली क्रान्तिकारी हो ।

एक अतिक्रान्तिकारी चाहिं हुन्छ- विशिष्ट । ऊ दिनमा दाढी 'ट्रिम' गराउँछ, कफी-हाउसमा बसेर कफी पिउँछ, कडा कफी । क्रान्ति एउटा कटमिरो चीज हो । कफीमा चिनी ढीका हालिएको छ भने, ऊ चम्चाले त्यसलाई निकालेर टेबुलमा राखिदिन्छ, जसमाथि भिंगाहरु भन्किन्छन् । चुरोटको ठूलो एष्ट्रेमा हैन, कफीको कपमा राख्छ । चुरोटलाई यसरी रीसले किचिमिची पारेर निभाउँछ, मानौं- बुर्जुवाको घाँटी निमोठ्दैछ। दिउँसो यो क्रान्तिकारी मार्क्स, लेनिन्, माओका मन्त्रहरु याद गर्छ । राति साथीहरुसँग बसेर रक्सी पिउँछ र क्रान्तिकारी मन्त्र दोहोऱ्याउँछ । फेरि कुखुराको मासु यसरी खान्छ, मानौं, ऊ पूँजीवादलाई चियोरिरहेछ ।

मेरो जुन क्रान्तिकारीसँग भेट भयो, त्यो भने अर्कै प्रकारको विशिष्ट व्यक्ति थियो। दारी निकै मिहेनतसँग सजाइएको थियो, सुकिलो खालकको कुर्ता-पाइजामा । झोला पनि उत्तम । सुनौलो फ्रेमको चश्मा ।

क्रान्तिकारीको स्थानीय मित्रले परिचय दियो- 'उहाँ सी.पी.आई. (एम.एल) का उत्तर प्रदेश सेक्रेटरी हुनुहुन्छ ।' मैले सोधें- 'एम.एल. का त थुप्रै गूटहरु छन् । थुप्रै लाइनहरु छन् । तपाई कुन गूटको हुनहुन्छ- सत्येन्द्र नारायणसिंहको या खोकोन मजुमदारको ? अथवा तपाई नेगीसँग हुनुहुन्छ ? लिन पियाओ लाइन अझै पनि मान्दै हुनहुन्छ कि-तेङ सियाओ पिंगको कुनै नयाँ लाइन ? सि.पी.आई. (एम.एल.) को एउटा गूट त सी.आइ.ए. ले पनि बनाइराखेको छ । क्रान्तिको यत्रो ठूलो कारोबार भइरहेछ र त्यस कारोबारमा सी.आइ.ए. को शेयर नलागेको होस्, यो त असम्भव छ ।'

प्रश्न र रिमार्क मैले एकै पटक गरिहालिनं । कुराकानीको क्रममा यिनीहरु आए ।

उनको भनाइ थियो- उनको पार्टी यी सबैभन्दा अलग्गै छ । सी.पी.आई. (एम.एलं) का जति पनि अरु गूटहरु छन्, ती सबै भ्रष्ट विचारधारा अप्नाउँछन् । हामी भने मार्क्सवाद-लेनिनवादलाई सही अर्थमा ग्रहण गर्दछौं । त्यसपछि उनले त्यो मन्त्र मुखबाट निकाले र त्यो वक्तव्य दिंए, जसबाट हामी राम्ररी नै परिचित छौं- सामाजिक साम्राज्यवादी रुस र अमेरिकी साम्राज्यवादीको बीचमा साँठगाँठ छ । दुवै मिलेर बाँकी संसारमाथि कब्जा गरिरहेका छन् । यिनीहरुका बीचमा हामी अन्तर्विरोध बढाउने छौं । अफगानिस्तानको मामलामा यही अन्तर्विरोध प्रकट भइरहेको छ । सामाजिक साम्राज्यवादी रुस अफगानिस्तानमाथि कब्जा गर्न चाहन्छ । हामी अमेरिकाको मद्दतले यसको विरोध गरिरहेका छौं । रुसी साम्राज्यवादी पहिलो शत्रु हो- इनेमी नंबर वान ! फिडेल क्यास्त्रो उता रुसी साम्राज्यवादको एजेण्ट हो । यता भियतनामको फामवान डोंग एजेण्ट हो ।

अनि कामरेड, आफ्नो देशको बारेमा पनि त केही सोच्ने गर्नु भएको होला नि ?

देशको बारेमा के सोच्नु छ र ? भारतीय एकाधिकार पूँजीपतिहरु र रुसी साम्राज्यवादीहरुले मिलेर इन्दिरा कांग्रेसको सरकार बनाइदिएका छन् । यो सरकारलाई हतियार-बन्द संघर्षद्वारा ढलाउनु छ । सशस्त्र वर्ग-संघर्ष ।

यी अकाल राहत कार्यहरु के हुन् ?

इन्दिरा गान्धीको छवि राम्रो बनाएर उसको पकड बलियो पार्नको निम्ति हुन् यी कामहरु । ज्योति बसु पनि राहत कार्य शुरु गरेर प्रतिक्रान्तिकारीहरुलाई साथ दिइरहेको छ ।

> कारमा झड्का लाग्छ। उसकी पत्नी सहाराको निम्ति काँधमा हात राख्छे। क्रान्तिकारी ती हातहरुलाई पन्छाएर भन्छ- यो काँध बन्दूकको निम्ति हो, स्त्रीको हात राख्नको निम्ति हैन !

अनि कामरेड, जो मानिसहरु तिर्खाले मरिरहेका छन्, उनीहरुलाई पानी पिलाउनाले के क्रान्ति पछाडि हट्छ ? त्यसो भए पानी बन्द गरिदिनुबाट के क्रान्ति नजीक आउँछ ? मानिसहरु प्यासले मर्नु के ठीक हुन्छ ?

रिभोल्युसन गर्नु छ भने मान्छे मर्नुको के चिन्ता ?

त्यसो भए कामरेड, यदि पाँच लाख मानिसहरु फोहर पानी पिएर हैजाद्वारा मरे भने के क्रान्ति हुन्छ ? के हैजाको रोगबाट पनि क्रान्ति हुन्छ ?

यी कुराकानीहरु पनि एकै पटक भएनन्, विस्तारै विस्तारै हुँद गए ।

क्रान्तिकारीले कृषिशास्त्रमा एम.एस्सी तीन चार वर्ष अगाडि गरेका थिए । बाबु लोक-कर्म विभागमा अफिसर थिए । रिटायर भएका छन् । उनीसँग डेढ शय एकड जमीन छ । युवा क्रान्तिकारी फार्म चलाउँछन् ।

मैले सोधें- कामरेड, तपाईको फार्ममा खेत-मजदूरहरु त होलान् नैं । उनीहरुलाई तपाई न्यूनतम मजदूरी कति दिनुहुन्छ ?

'मलाई थाह छैन । हिसाब पिताजीले हेर्ने गर्नु भएको छ ।'

कामरेड, खेत-मजदूरहरुबाट काम चाहिं तपाई लिनुहुन्छ र मजदूरी दिने काम चाहिं पिताजीलाई छोडिदिनु हुन्छ । तपाईका पिताजीले न्यूनतम ज्याला दिनु हुन्न होला, यो पक्का छ । तर के तपाई आफ्ना बाबुबाट मजदूरहरुलाई न्यूनतम ज्याला दिलाउनु हुन्न ? त्यसो भए मार्क्सवाद-लेनिनवादको हिसाबले त क्रान्तिको निम्ति सधैं अरुहरुका बाबुहरुको खोज गर्नुपर्ने भयो । आफ्नो बाबुलाई मजदूहरुको रगत चुस्ने सुविधा दिइन्छ क्रान्तिमा । त्यो रगतको एक हिस्सा क्रान्तिकारी छोरोले पनि पिउँछ र ऊ सर्वहाराहरुको नेतृत्व गर्न अगाडि बढ्छ ।

यी क्रान्तिकारी आफ्नो पार्टीको संगठन वा प्रचारको कामले गर्दा यहाँ आएका थिएनन् । धेरै वर्ष पहिले अमेरिकी सहयोगद्वारा खुलेको कृषि विश्वविद्यालय मार्फत अमेरिकामा "फेलोशिप" प्राप्त गर्ने कोशिस गर्न आएका थिए ।

क्रान्तिकारीको यो नयाँ नशल नयाँ होइन, पहिले पहिले पनि यो नशल थियो । अहिले यो बढेको छ । कैयौं वर्षदेखि म



*प्रसिद्ध व्यंग्यकार हरिशंकर परसाई*

देखिरहेको छु । यिनीहरु राम्रो जागिर पाउँदा घूस खुवाएर पुलीस रिपोर्ट ठीक गराउँछन् । राम्रो धन्दा जम्यो भने मार्क्सवादको ठाउँमा दुई नंबरी दर्शनको अध्ययन गर्छन् । जवानीमा जसरी राम्रा लुगाहरु, राम्रा जुत्ताहरु, राम्रो टाइको शोख हुने गर्छ, त्यसरी नै संपन्न घरहरुका केही युवकहरुलाई क्रान्तिको शोख हुने गर्छ । क्रान्तिकारितालाई उनीहरु एक थप राम्रो सूट, एक थप राम्रो टाई, एक थप राम्रो जुत्ता ठान्दछन् । यसबाट शोभा बढ्छ । प्रतिष्ठा बढ्छ । क्रान्तिकारिता नयाँ फेशन हो । केही दिन यी क्रान्तिकारीहरु 'हिरो' बनेर उफ्रन्छन् ।

क्रान्तिकारितालाई उनीहरू एक थप राम्रो सूट, एक थप राम्रो टाई, एक थप राम्रो जुत्ता ठान्दछन्।

म केही क्रान्तिकारीहरुलाई चिन्दछु, जसको बाँकी जिन्दगी यो प्रचारलाई पखाल्नमा बित्ने गर्छ कि- उनीहरु कम्युनिष्ट थिए । क्रान्तिकारिता, जसलाई उनीहरुले कुनै समय ढोकामा माला जस्तै गरी सजाएका थिए, अब खुट्टामा काँडा जस्तै गरी बिझ्न थाल्छ । उनीहरु त्यसलाई नष्ट गरिदिन चाहन्छन् । उनीहरु अखबारहरुमा समय-समयमा बयान छाप्ने गर्छन्- कि यो 'दुष्ट प्रचार' हो कि- म कम्युनिष्ट हुँ । म कहिल्यै पनि कम्युनिष्ट थिइनं । यस्तो उनीहरु जागिरमा सुरक्षा र बढुवाको निम्ति गर्ने गर्छन् ।

एउटा विश्वविद्यालय छ, जसको बारेमा प्रचार हुने गरेको छ- त्यहाँ वामपन्थीहरु भरिएका छन् । त्यहाँ खुबै आन्दोलनहरु हुने गर्छन् । भनिन्छ, त्यहाँ उग्रवामपन्थीहरु पनि थुप्रै छन् । धेरै पोष्टरहरु टाँसिन्छन् । प्रचार साहित्य वितरण गरिन्छन् । बहसहरु हुन्छन् ।

मैले एक बरिष्ठ अध्यापकलाई भनें- 'तपाईंको विश्वविद्यालय त वामपन्थको गढ नै हो । वामपन्थी दलहरुलाई तपाईंको विश्वविद्यालयबाट निकै नै कार्यकर्ताहरु प्राप्त हुने गर्छन् होला ।'

उनले भने- 'हो यहाँ सी.पी.आई., सी.पी.आई. (एम) का पनि ज्यादा छन् । अति उग्रवादी वामपन्थीहरु पनि छन् तर वामपन्थी दलहरुलाई ज्यादै थोरै कार्यकर्ता प्राप्त हुन्छन् । अधिकांश केटाहरु उच्च वर्गका छन्, संपन्न घरहरुका छन् । वामपन्थी भनिने यो विश्वविद्यालय वास्तवमा संपन्नहरुको हो । राम्रो खान्छन्, पिउँछन्, लगाउँछन्, बहस ऐयासी गर्छन् । नाराहरु त यिनीहरुका लागि मनोरंजन हुन् । क्रान्तिकारिता थप एक बोतल स्कच हो । यिनीहरुमध्ये जो खास क्रान्तिकारी हुन्छन्, उनीहरु फेलोशिप लिएर अमेरिका जान्छन् अथवा कुनै बहुराष्ट्रिय कंपनीमा जान्छन् ।'

वामपन्थी रुप धारण गरेर क्रान्तिकारिताको नाटक गर्नुले यी युवकहरुको भाऊ बढ्छ बजारमा । उनीहरु आफ्नो खरिददारलाई चिन्दछन् । उसलाई यिनीहरु मालको 'क्वालीटी' देखाउँछन् ।क्रान्ति-कारिताको पानीमा जुन माछाहरु ज्यादा उफ्रिन्छन् र उफ्रिन्छन्, तिनलाई अमेरिकी बकुल्लाले त्यति नै फूर्तिसाथ पक्डिन्छ ।

काशीनाथ सिंहको एउटा सान्है राम्रो कथा छ- यस्तै झूठो क्रान्तिकारी सम्बन्धी ।

क्रान्तिकारी कामरेड साथीहरुसँग बसेर गुरिल्ला युद्धको योजनाहरु बनाउँछ । फिडेल क्यास्त्रो, चे ग्वेभारा, माओ, हो चि मिन्हको नाम जप्छ । यस्तैमा कामरेडको विहे गराइन्छ र ऊ विहे गर्छ । कारमा आफ्नी दुलहीलाई लिएर आइरहेको हुन्छ । त्यतिखेर पनि ऊ सोच चाहिं क्रान्तिकै गरिरहेको हुन्छ । नारी उसको निम्ति अर्थहीन हो । उसले क्रान्तिलाई बरण गरेको छ । यत्तिकैमा बाटामा पहाड भेटिन्छ । ऊ भन्छ- गुरिल्ला युद्धको निम्ति यो ठाउँ राम्रो छ । कारमा झड्का लाग्छ । उसकी पत्नी सहाराको निम्ति काँधमा हात राख्छे । क्रान्तिकारी ती हातहरुलाई पन्छाएर भन्छ- यो काँध बन्दूकको निम्ति हो, स्त्रीको हात राख्नको निम्ति हैन !

यसपछि यो क्रान्तिकारी आफ्नो चोर सामन्तवादी ससुरोबाट आफ्नो राजनैतिक प्रभावको उपयोग गरेर भाइलाई जागिर दिलाउँछ । बहिनीको घरबाट पनि लाभ लिन्छ । संझौताहरु प्रस्तुत गर्छ । फाइदाहरु उठाउँछ । हा-हू गर्छ । तर उसले आफ्नो 'क्रान्तिको ढाँचा' भने कायमै राखेको छ ।

एक पटक ऊ बहिनीको घर जान्छ । त्यो घर पनि सामन्ती परिवार नै हो । त्यहाँ कसैले भनीदिन्छ- साना मालिक पनि क्रान्तिकारी हुन् । राति आँगनमा ऊ र उसको बहीनीको देवर सुतिरहेका हुन्छन् । क्रान्तिकारी उक्त युवकसँग क्रान्तिको कुरा गरिरहेको हुन्छ । वर्ग युद्धको योजनामाथि चर्चा गरिरहेको हुन्छ । गुरिल्ला युद्धको रणनीति तय गरिरहेको हुन्छ- ज्यादै नै रात परिसकेको हुन्छ, तब त्यो केटो झर्किंदै बोल्छ- "भाइ साहेब ! अब ज्यादा बोर नगर्नुस् । तपाई पनि सुत्नुस् र मलाई पनि सुत्न दिनोस् !"

❑

अनु. हरिगोविन्द लुइटेल

२९ पेजको बाँकी

## दोहोरो मापदण्ड

अगाडि हुन्छन् । उनीहरु मुठ्ठीभर शोषक वर्गको स्वार्थ रक्षाका निम्ति खटिएका हुन्छन् । तर उनीहरु सोझै भन्न सक्दैनन्- "हामी बहुसंख्यक जनतालाई चुसेर खान्छौं ।" यसो भनेर साँचो बोल्यो भने त जनता आफ्ना विरुद्ध उठीहाल्छ । त्यसैले उनीहरु भन्छन्- "हामी बहुसंख्यक जनताको सेवा गर्छौं ।"

कुरा यस्तो गर्छन् । तर जब कामका खास अवसरहरु आइपर्छन्, तब उनीहरुको 'बहुसंख्यक जनताको सेवा' को मुकुण्डो उघ्रिन्छ । उनीहरु दोहोरो मापदण्ड लागू गर्छन्, लाजै नमानी । जहाँ जस्तो व्याख्या गर्दा फाइदा हुन्छ त्यहाँ त्यस्तै व्याख्या गर्छन् । कांग्रेसीहरुले गाउँको भोट तान्न गोकर्णतिर डम्पिङ्ग साइटको विरोध गर्नु र शहरको भोट तान्न त्यसको समर्थन गर्नु यसैको एक उदाहरण हो ।

राप्रपालाई हिजो मध्यावधि चुनाव गर्दा फाइदा देखियो, त्यसैले उसले हिजो मध्यावधिको अन्धाधुन्ध माग गऱ्यो- यसको आवश्यकता देशलाई छ भनी हिजो एउटा व्याख्या र माग गऱ्यो । तर आज एमालेले मध्यावधि चुनाव माग गर्दा राप्रपा आफूलाई आजको मध्यावधि चुनावबाट चाहिं बेफाइदा हुने देखियो । त्यसैले, राप्रपाले आज चाहिं अर्कै ब्याख्या गऱ्यो ।

अदालतको प्रसंग पनि यसकै उदाहरण हो ।

नकचरा र पाखण्डी दुई जिब्रेहरु मध्ये पाखण्डीहरु अपराध बोधले ग्रस्त हुन्छन् र उनीहरुको भण्डाफोर गर्न पनि त्यति धेरै गाऱ्हो हुन्न । तर नकच्चराहरु भने, स्वार्थले अन्धो र दुस्साहस-बोधले ग्रस्त भएर हाम्रो आमने-सामने नै आउँछन् । उनीहरुको भण्डाफोर गर्न अलि गाऱ्हो हुन्छ । बौद्धिक रुपले गहनता र दुरुहताको उनीहरुले बढी साहरा लिएका हुन्छन् । त्यसलाई चिर्नु जरुरी हुन्छ ।

हाम्रो समाजमा दोहोरो मापदण्डको संस्कृति हाम्रो परंपरादेखि नै विकास हुँदै आएको छ । यहाँ जाली फटाहाहरुले आफूलाई "आदर्श पुरुष" देखाएर लाटासिधा जनतालाई ठग्न, शोषण गर्न पाखण्ड शुरु गरेका हुन् । आफ्नो स्वार्थ अनुकूल शास्त्रहरुको अर्थ लगाउने, दशथरि कल्पनाहरु भएका प्रसंगहरुलाई बाठाटाठाले आफ्नो अनुकूल व्याख्या गर्ने नकचरोपन पनि यहाँको 'मौलिक हिन्दू परंपरा' नै हो ।

यसको स्रोत व्यक्तिवादी स्वार्थमूलक चिन्तन र न्यून सांस्कृतिक स्तर नै हो ।

यही सामाजिक पृष्ठभूमिबाटै हाम्रो वामपन्थी आन्दोलनभित्र पनि यो दोहोरो मापदण्डको प्रवृत्ति निकै घुसेको पाइन्छ । कूटनीति खेलेर मित्रहरुलाई छकाउने, ठग्नेदेखि लिएर ढोंगी व्यवहार गर्नेसम्मका प्रवृत्तिहरु आन्दोलनमा देखिएका छन् । धूर्त्याइँलाई संगठन-कौशल ठान्नेहरु र जालझेललाई नै राजनीति ठान्नेहरु यहाँ वाम-आन्दोलनभित्र निकै संख्यामा रहेका छन् ।

प्रतिक्रियावादी क्षेत्रमा व्याप्त रहेकी र त्यहींबाट हाम्रो वाम-आन्दोलनमा पनि प्रवेश पाएको यो प्रवृत्तिको निराकरण वास्तवमा आलोचना, आत्मालोचना र विचारधारात्मक संघर्षद्वारा नै हुन संभव छ । दोहोरो मापदण्डयुक्त आफ्नो र अरुको प्रवृत्ति विरुद्ध सांस्कृतिक क्षेत्रमा संघर्ष नै यसको एक मात्र निराकरण हो ।

कम्युनिष्ट आन्दोलन भनेको न्याय, समानता र स्वतन्त्रताको आन्दोलन त हो नै, यस बाहेक यो आन्दोलन भनेको उच्च मानवीय संस्कृति निर्माणको आन्दोलन पनि हो । यही उच्च मानवीय संस्कृति नै त्यस्तो चुम्बक हो, जसले आम जनतालाई यो आन्दोलनतिर आकर्षित गरिरहन्छ । त्यसैले आफूलाई कम्युनिष्ट आन्दोलनको सहभागी ठान्ने मानिसहरुले उच्च मानवीय संस्कृति आफूमा विकास गर्न विशेष महत्व दिनु जरुरी छ । धूर्तता, काइतेपना, चालबाजी र पाखण्डबाट आफूलाई मुक्त गर्ने सांस्कृतिक स्तर हासिल नगरी कोही इमान्दार मानिस नै किन नहोस्, ऊ दोहोरो मापदण्डवाला संस्कृतिबाट मुक्त हुन सक्दैन । स्वार्थ सिद्ध गर्न जानीजानी दोहोरो मापदण्ड अप्नाउने बेइमान मानिसहरुलाई जवाफ वा थप्पड दिने कामको पनि यो एक अभिन्न अङ्ग हो । अरुले चुरोट खाएकोमा विरोध गर्न चाहनेले आफूले पनि चुरोट छोड्नुपर्छ । चुरोट पूरै छोडिसकेको छैन भने पनि चुरोट छोड्न थाल्ने संघर्ष उसले आफूभित्र छेडिसकेको हुनुपर्छ । ❑

विजया दशमीको
शुभ-उपलक्ष्यमा
समस्त
देशवासीहरूमा
हार्दिक मंगलमय
शुभकामना
भक्तपुर जिल्ला विकास समिति

# "सुन्दरी प्रतियोगिता"को विरोध गर्न जानुको कारण के हो ?



## 'नेपाल सुन्दरी' छान्ने यो सिलसिला आखिर केको लागि ?

यता, जुन दिन नेपालमा कांग्रेस, राप्रपा र सद्भावना पार्टीको गठबन्धन सरकारले सिंहदरबार प्रवेश गऱ्यो, उता, नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन-भवनमा भने नेपालको दोस्रो 'मिस नेपाल' छान्ने प्रतियोगिता हुँदै थियो। पाहोर रुबी राणालाई नेपाली सुन्दरी छानिएको थियो, यस वर्ष सुमी खड्का छानिइन्।

घटना 'नेपाल सुन्दरी' छान्नेको थियो। तर असली नियत चाहिं कसैलाई सुन्दरी घोषणाको नाममा र सुन्दरीको नाममा आफ्नो माल सामानको विज्ञापन गर्नु थियो, ता कि- सामान बेसी बिकोस्, गजबसित नाफा होस्। यस वर्ष सुन्दरी प्रतियोगिताको मखमली पर्दाभित्र आफ्नो उत्पादनको विज्ञापन गर्न अन्य केही व्यापारिक संस्थाहरुलाई साथ लिएर कस्सिएका थिए- सानमिगल बियर र ब्राइटर टुथ पेष्ट।

सुन्दरी प्रतियोगिताले आयोजकहरुलाई नाफा त देला र प्रायोजकहरुको वस्तुको बजार विस्तार त गरिदेला, तर यसको साथसाथै उनीहरुको त्यो नाफा र बजारको स्वार्थले समाजमा भने एउटा खतरनाक मूल्य स्थापित गर्ने काम गर्दछ। त्यो हो- महिलाहरु उपभोग्य र बिकाऊ बस्तु हुन् भन्ने सामाजिक मूल्य। आफ्नो विकाउनु पर्ने सामानसित सुन्दरीलाई जोड्नुको मुख्य कारण नै यही हो।

सुन्दरी प्रतियोगिता पछाडिको यही उद्देश्य र यसले स्थापित गर्न खोजको यही मूल्यका विरुद्ध महिला नेतृहरु हिसिला यमी र पंफा भूसालको नेतृत्वमा अखिल नेपाल महिला संघ (क्रान्तिकारी) ले त्यो दिन सम्मेलन भवन बाहिर एउटा विरोध प्रदर्शनको आयोजना गरेको थियो। विरोध प्रदर्शनमाथि नयाँ सरकारको निर्देशनमा प्रहरीले निर्मम लाठी चार्ज गऱ्यो। यसबाट महिला नेतृ पम्फा भुषाललाई चोट पटक लागेको र निकै दिन उहाँको चल-फिरमा बाधा पर्न गएको थियो।

प्रस्तुत छ- त्यही विरोध प्रदर्शनकी नेतृ- अनेमसं (क्रान्तिकारी) की अध्यक्ष हिसिला यमिसँगको छोटो अन्तर्वार्ता।

यसका साथै विश्व सुन्दरी प्रतियोगिताबारे भारतीय लेखक सत्येन्द्र रञ्जनको एक लेख र चर्चित बांग्लादेशी लेखिका तसलीमा नसरीनका विचारहरु पनि यहाँ प्रस्तुत गरिएका छन् । ——————मूल्याङ्कन

## महिला नेतृ हिसिला यमिसँग अन्तर्वार्ता

**मूल्याङ्कन- जेसीजको आयोजनामा काठमाडौंमा अन्तर्राष्ट्रिय सभागृहमा भएको दोस्रो 'नेपाल सुन्दरी प्रतियोगिता' मा तपाईहरुले जुन विरोध प्रदर्शन गर्नुभया, त्यसमा सत्ता पक्षले तपाईहरुमाथि गरेको अप्रिय घटनाको कारण के हो जस्तो लाग्छ तपाईलाई ?**

☞ अहिलेको सत्ता भनेको हुने खाने वर्गको लागि हो भन्ने कुरा त्यस घटनाले प्रष्ट पारेको छ । त्यहाँ जाँड रक्सीको विज्ञापनको लागि महिलाहरुलाई प्रयोग गरिएको विरुद्धमा हामीले विरोध प्रदर्शन गरेका थियौं । यो कुरा सत्ता पक्षलाई सह्य भएन । त्यसैले उनीहरुले हामीमाथि अभद्र व्यवहार गरेर हामीलाई कार्यक्रम स्थलतिर जानै दिएनन् । हाम्रो विरोध प्रदर्शन गर्ने अधिकारलाई समेत कुल्चेर हामीमाथि बल प्रयोग गरेर धक्काधक्की गर्ने, पिट्ने र लछारपछार गर्ने काम समेत गरे । तर हुने खाने वर्ग र कार चढेर आएकाहरुलाई भने सुरक्षापूर्वक भित्र पठाउने काम गरे । यो दृश्यबाट यो सत्ता भनेको गरीब वर्ग र सचेत नागरिकको लागि नभई, हुने खाने वर्गको लागि हो भन्ने कुरा बुझाउन हामीलाई सजिलो पनि भयो ।

**मूल्याङ्कन- तपाईहरुले विरोधको लागि विरोध मात्र गर्नु भयो भनेर पनि तपाईहरु विरुद्ध प्रचार भइरहेको छ नि ?**

☞ अहिले जुन पत्रपत्रिकाहरुले हाम्रो विरोध गरिरहेका छन्, तिनीहरुमध्ये एकथरि त बुर्जुवा पत्रिकाहरु हुन् । उनीहरु पत्रिका बढी भन्दा बढी बिकाउनका लागि सुन्दरी प्रतियोगिताको नाममा सुन्दरीहरुको फोटो छाप्छन्, उनीहरुको अन्तर्वार्ता छाप्छन् । अर्को, वामपन्थी भन्ने नामका केही पत्रिकाहरु पनि पूँजीवादी संस्कृतिमै फंसिरहेका देखिन्छन् । उनीहरु पनि सुन्दरी प्रतियोगिता भनेको त सुन्दरताको प्रदर्शनको लागि हो, यसको विरोध गर्नु त विरोधको लागि विरोध मात्रै हो, सुन्दरताको प्रर्दशन त हुनु पर्छ, खालि यसको प्रयोग व्यापारको लागि हुनुहुँदैन भन्ने हदसम्म लेख्न थालेका छन् ।

आखिर यस्तो महँगो किसिमले यसको आयोजना कसले गर्न सक्छ त ? यो केको लागि गरिन्छ त ? व्यापारमा प्रयोग नभए तिनीहरु केमा प्रयोग हुन्छन् त ? खास भन्ने हो भने, पाश्चात्य पूँजीवादी देशहरुले उपभोग्य सामानको रुपमा सुन्दरी प्रतियोगिताको प्रचलन शुरु गरेका हुन् । पूँजीवादी व्यवस्थामा मानिसदेखि लिएर जुनसुकै वस्तुलाई पनि उपभोग्य वस्तुको रुपमा लिने संस्कृति हुन्छ । त्यसैले महिलालाई पनि उपभोग्य वस्तुको रुपमा प्रयोग गर्न थालिएको हो ।

**मूल्याङ्कन- वस्तुको रुपमा महिलाहरुकै प्रयोग यसरी किन बढी हुन थाले हो त ?**

☞ महिलाहरुलाई नै उपभोग्य वस्तुको रुपमा प्रयोग गर्नुमा २/३ वटा कारणहरु छन् । सर्वप्रथम त, हाम्रो जस्तो पितृसत्तात्मक समाजमा महिलाहरुलाई पुरुषहरुको निजी सम्पत्तिको रुपमा लिइराखिएको छ । त्यसैले कुनै सामान विकाउनको लागि उनीहरुले महिलाको रुप, सौन्दर्य, लिङ्ग आदि प्रयोग गरेर त्यो सामान किन्नु नै

सुन्दरी प्रतियोगिताको विरोधमा महिलाहरुको जुलूस



महिलालाई किन्नु हो भन्नेजस्तो भान पारीदिन्छन्। त्यसैले पूँजीपतिहरुले आफ्नो सामान बढीभन्दा बढी विकाउनको लागि एउटै वस्तुलाई पनि विभिन्न स्वादमा उत्पादन गरेजस्तै आफ्नो वस्तुको विज्ञापनमा वर्षेनी सुन्दरी महिलाहरु फेर्ने गर्दछन्। किनकी जतिसुकै सुन्दरी महिला भएता पनि एउटै महिलाप्रति सधैं त्यत्तिकै आकर्षण रहिरहँदैन,जसरी एउटा स्वादको खाना सधैं खाइराख्न मन लाग्दैन। त्यसैले उनीहरुलाई वर्षेनी नयाँ नयाँ सुन्दरी र युवतीहरु चाहिन्छन्। यसको लागि सबभन्दा सजिलो उपाय हो- सुन्दरी प्रतियोगिता गर्ने।

सौन्दर्य प्रतियोगिताबाट माथिल्ला दर्जाका उद्योगपतिले आफ्नो सम्पत्तिको माध्यमबाट छानिएकी पहिली सुन्दरीप्रति आफ्नो अधिकार जमाउन पाउने भए। तल्लो दर्जाका उद्योगपतिहरुले आफ्ना क्षमता अनुसार वा पैसाको आधारमा दोस्रा तेस्रा प्रतियोगी युवतीहरु पाउने भए। त्यसैले, जेसिज जस्तो व्यापारीहरुको सामाजिक संस्थाले यो प्रतियोगिता गराउनु कुनै चान्सको कुरा नभएर स्वाभाविक कुरा हो। उनीहरुको मुख्य उद्देश्य नै सामाजिक संस्थाको नाममा आफ्नो व्यापार बढाउनु हो। त्यसैले आफ्ना मेम्बरहरुको व्यापार मौलाउने बनाउन, उद्योगको विकास गराउनको लागि वर्षेनी सौन्दर्य प्रतियोगिताको आयोजना हुने गरेको हो।

**मूल्याङ्कन- तपाईहरु यो सौन्दर्य प्रतियोगिताले महिलाहरुको अपमान गऱ्यो, उनीहरुलाई निजी सम्पत्ति र उपभोग्य वस्तुको रुपमा प्रयोग गरियो भनेर व्याख्या गरिरहनु भएको छ। तर कतिपय हाम्रो समाजका शिक्षित महिलाहरु पनि यो त विश्वप्रसिद्ध हुन पाउने, आफ्नो सुन्दरताको प्रदर्शन गर्न पाउने 'गौरवको कुरा' हो पो भन्छन्। यसबारे तपाईंको भनाइ के छ?**

☞ ती पढेलेखेका महिलाहरुप्रति मेरो सहानुभूति छ। हाम्रो जस्तो पुरुषप्रधान समाजमा पढेलेखेका महिलाहरुले पनि पुरुषहरुको दाँजोमा आफ्नो व्यक्तित्व विकास गर्न पाइरहेका छैनन्। पुरुषहरुसँग उनीहरुले कम्पिटिसन गर्न सकेका छैनन्। त्यसलाई पूँजीपतिहरुले चलाखीपूर्वक कामको आधारमा कम्पिटिसनको वातावरण सृजना नगरिकन महिलाहरुको रुप, यौवन, मुस्कान, सौन्दर्य जस्ता कुराको आधारमा वा जैविक कुराको आधारमा उनीहरुलाई कम्पिटिसनमा ल्याउने जालसाँजी गरिरहेका छन्। पुरुषहरु कामकै आधारमा कम्पिटिसनमा आइरहेका छन्। उनीहरुलाई जैविक-शारीरिक सुन्दरताको आधारमा कम्पिटिसन गर्नु जरुरी नै छैन। पूँजीवादमा महिलाहरुलाई कामबाट कम्पिटिसन गर्ने अवसर दिइएको छैन र रुप-रंग, यौवन आदिको सुन्दरता नै महिलाहरुको योग्यताको मापदण्ड हुन्छ भनेर भ्रममा पारिएको छ। महिलाहरु पनि यसै भ्रममा पर्नु स्वभाविक नै हो। उनीहरु यस भ्रमबाट मुक्त हुनु जरुरी छ। सुन्दरता भनेको कामबाट हुन्छ। रुप-रंग, यौवन भन्ने कुरा त प्रकृतिले निर्धारण गर्छ वा जीनले फरक पार्छ।



**मूल्याङ्कन- सौन्दर्य प्रतियोगितामा जिउडाल मात्र हेरिंदैन, भित्री ट्यालेन्सी पनि हेरिन्छ, यो प्रतियोगिता भनेको खालि सुन्दरी प्रतियोगिता मात्र नभई ट्यालेन्सी प्रतियोगिता पनि हो भन्ने तर्क दिइदै छ नि?**

☞ जसले यो कुरा भनिरहेका छन्, तिनीहरु आफैंले त्यसमा विरोधाभाष देखिरहेका छन्। सर्वप्रथम त, ट्यालेन्ट नै खोज्ने हो भने किन उँचाई, लम्बाई, रुप, उमेर आदिको आधारमा खोज्नु पऱ्यो? किन अविवाहित नै हुनुपऱ्यो?

दोस्रो कुरा, आफ्नो ट्यालेन्टको प्रदर्शन गर्न सुन्दरीकै नाममा प्रख्यात हुनु पर्छ र? आफ्नो क्षमता, योग्यता र कामबाट नै आफ्नो ट्यालेण्ट प्रदर्शन गर्न सकिंदैन? सक्नु पर्दछ।

अर्को कुरा, उनीहरुको भनाइ र गराइमा धेरै विरोधाभाषहरु पाइन्छन्। पोहोर साल सुन्दरी घोषित रुबी राणाले आफू एउटा आदर्श शिक्षिका र समाज-सेवी बन्ने इच्छा व्यक्त गरेकी थिइन्। तर उही रुबी राणाले आफू सुन्दरी भएकोमा ब्वाइफ्रेण्डले सानमिगेल बियर खाँदा खुशी भएको दृश्य टि.भी.मा विज्ञापनमा देखाइरहेकी छिन्। यसरी छानिएका सुन्दरीहरु रक्सीको गिलासभित्रै कामुक स्वरुपमा प्रदर्शित हुने काममा पनि प्रयुक्त भइरहेका समेत छन्, भैरहने वाला पनि छन्। त्यसैले उनीहरुको भनाइ र गराइमा एक रुपता हुन्न। भविष्यमा पत्रकार बन्छु भने पनि यसपालिकी सुमी खड्काको पनि यस्तै रबैया रहन्न भन्ने कुनै ग्यारेण्टी छैन।

**मूल्याङ्कन- टि.भी. को माध्यमबाट साम्राज्यवादी देशहरुले सौन्दर्य भनेको नै जिउडाल-यौवन-फेशन हो भनेर जुन छाप पारेका छन्, त्यो छाप मेट्नको लागि सैद्धान्तिक र दार्शनिक रुपले व्याख्या गर्नु र उनीहरुलाई आम रुपमा बुझाउनु जरुरी भएको छ। यसको लागि तपाईहरुले पनि कदम चाल्नु पर्ने हैन?**

☞ हामीले पहिले पनि ब्युटी कन्टेस्टको विरोध गरेका थियौं। त्यतिखेर प्रसिद्ध साहित्यकार तथा नारी आन्दोलनकी नेतृ पारिजातको समेत सक्रियतामा हामीले सेमिनार पनि गरेका थियौं। अहिले पनि विभिन्न पत्रपत्रिका र प्रकाशनहरु मार्फत यसबारे प्रष्ट पार्ने प्रयास गरिरहेका छौं। यसमा अझ



महिला नेतृ हिसिला यमि

विचारमा प्रष्ट हुनको लागि अन्तर्क्रिया वा सेमिार गर्ने विचार पनि गरिरहेका छौं।

हामीले त हाम्रो तर्फबाट सैद्धान्तिक रुपले प्रष्ट पार्ने काम त गरिनै रहेका छौं। तर हामीलाई दुःख के कुरामा लागि रहेको छ भने, आफूलाई नारीवादी मान्ने पत्रिकाहरु र एन.जी.ओ. हरु चुप लागेर बसीरहेका छन्।

**मूल्याङ्कन- तपाईहरु एक्लैले यो विरोध कार्य गर्नु भएको देखिएको छ। महिलाहरुको अधिकारको संरक्षणका निम्ति स्थापना भएका एन.जी.ओ. र अन्य महिला संघ-संगठनहरुलाई पनि यसैमा समेटेर जान सकिंदैन थियो र?**

☞ अलि बढी तयारी गरेको भए यस कार्यक्रमलाई हामीले रोक्न नै सक्थ्यौं। अरुलाई समेट्ने होमवर्कमा हामी केही पछि परेका छौं नै।

**मूल्याङ्कन- आयोजकले अर्को पटकदेखि हामी यसको आयोजना गर्दैनौं भनेर तपाईहरुसामु भनेका छन् रे, के यो साँचो हो?**

☞ हो, सानमिगलका मार्केटिङ्ग मेनेजरले आइन्दा हामी यस्ता काममा लगानी गर्ने छैनौं भनी बचन दिनु भएको छ। त्यो कुरा हामीसमक्ष राखिएपछि मात्र हामी विरोध प्रदर्शनबाट फर्केका थियौं। ❑

**➡ सौन्दर्य प्रतियोगिता र सौन्दर्य प्रतियोगिता विरोधी महिलाहरुको संघर्ष जारी छ! ⬅**





# सौन्दर्य प्रतियोगिताको इतिहास

सत्येन्द्र रञ्जन

## सौन्दर्य प्रतियोगिता विरोधी महिला-संघर्षको इतिहास



विश्व स्तरको पहिलो सौन्दर्य प्रतियोगिता 'मिस वर्ल्ड' को आयोजना सन् १९७१ मा लण्डनमा भएको थियो । यसको शुरुवात एरिक मोर्लेले गरेका थिए । उनी अहिले पनि 'मिस वर्ल्ड अर्गनाइजेशन' का अध्यक्ष हुन् ।

पछि अमेरिकीहरुले 'मिस वर्ल्ड' को समानान्तर 'मिस यूनिभर्स' प्रतियोगिता शुरु गरेका थिए । तबदेखि नै यी दुवै प्रतियोगिताहरुका आयोजकहरुबीच एउटा होडबाजी नै चल्दै आएको छ ।

एरिक मोर्ले र उनकी पत्नी जूलिया 'मिस वर्ल्ड' सौन्दर्य प्रतियोगिताको आयोजनाका पछाडि रहेका दिमागहरु हुन् । उनीहरुले पहिले यस प्रतियोगितालाई बेलायती परम्परामा शुरु गरेका थिए, र पछि संसारभरकै आकर्षणको केन्द्र बनाएका थिए ।

बीबीसी टेलिभीजनले सन् १९५९ देखि १९७९ सम्म 'सौन्दर्य प्रतियोगिता' को प्रत्यक्ष प्रसारण गरेको थियो । यसबाट यस प्रतियोगिताको लोकप्रियता बढ्दै गयो र सन् १९६९ मा पुग्दा त त्यसको दर्शक संख्यामा बृद्धि भई दुई करोड ७५ लाख व्यक्तिले त्यस प्रसारणलाई हेरे !

तर त्यसका साथ साथै त्यस सौन्दर्य प्रतियोगिताको विरोध पनि बढ्दै गयो । नारीवादीहरुले त्यसको विरोधमा अभियान नै संचालन गर्न थाले । ती विरोध अभियानहरुको असर प्रतियोगताको स्वरुपमा पनि पर्न थाल्यो । नारीवादीहरुको तर्क के थियो भने- यी प्रतियोगिताहरुले महिलाहरुलाई वस्तु मान्ने धारणालाई नै पुष्टि गरिरहेका हुन्छन् र प्रतियोगिताको स्वरुप पनि 'पशु प्रदर्शनी' जस्तो हुन्छ ।

उनीहरुको तर्कमा वजन पनि थियो । पहिले पहिले सौन्दर्य प्रतियोगिता-हरुको क्रममा एउटा 'शट' लिइन्थ्यो, त्यस 'शट' मा प्रतियोगी युवतीहरु क्यामेराको अगाडि कुकुर प्रदर्शनी (डग शो) मा जस्तै घुम्नु पर्दथ्यो । नारीवादीहरुको विरोधको कारणले त्यो 'शट' रोकियो ।

१९५१ को सौन्दर्य प्रतियोगितामा प्रतियोगीहरुलाई बिकिनी (महिलाले लगाउने भित्री पोशाक) मात्र लगाउन लगाइएको थियो, पछि फेरि त्यस्तो गरिएन ।

नारीवादीहरुले सबैभन्दा ठूलो सफलता सन् १९८५ मा तब प्राप्त गरेका थिए, जब बीबीसीले सबै सौन्दर्य प्रतियोगिताहरुको प्रसारण बन्द गर्ने फैसला गरेको थियो । त्यसबेला बीबीसी- १ का नियन्त्रक माइकल ग्रेडले त्यस्तो फैसला लिन विशेष भूमिका खेलेका थिए । उनले भनेका थिए- 'यी प्रतियोगिताहरु प्रसारणयोग्य छैनन् । यस समताको युगमा यी सबै पुराना अवशेषहरु जस्तै हुन् र यी आक्रामक छन् । जति सक्यो उति छिटो यसको अस्तित्व नै खत्तम हुनु नै श्रेयस्कर छ ।'

अहिले पनि एउटा प्रश्न महत्वपूर्ण रुपमा उठेको छ- 'आखिर सौन्दर्यको मापदण्ड कसले तयार गर्छ ?'

यदि हामीले यी प्रतियोगिताहरुका विजेताहरुको फोटो हेर्‍यौं भने स्पष्ट हुन्छ- पश्चिमी देशहरुको रुप-रंगका, दुब्ली-पातली (स्लिम), खैरो आँखा र सुनौलो कपाल भएका युवतीहरुकै यी प्रतियोगिताहरुमाथि वर्चश्व छ । पश्चिमीहरुको आवश्यकता अनुसार एशिया र अफ्रिकाका युवतीहरुलाई पनि बीच-बीचमा 'विश्व सुन्दरी' को पगरी दिइएको देखिन्छ । तर त्यसमा पनि त्यस्ता युवतीहरु मात्रै छनौंटमा परेका छन्, जो आफ्नो अनुहार, हाऊ-भाऊ र सम्पूर्ण अभिव्यक्तिमा पश्चिमी ढंगका हुन्छन् ।

आफ्नो रुप-रंगको बारेमा ऐश्वर्य राय ( विश्व सुन्दरी ठहरिएकी भारतीय युवती) को टिप्पणीले पनि यही तथ्यलाई पुष्टि गरेको छ । उनी भन्छिन्- 'भारतीय मापदण्ड अनुसार म गोरी, खैरो आँखा भएकी, खैरो रंगकै कपाल भएकी केटी मानिन्छु । यो कुनै विशेष भारतीय प्रकार की केटीको रुप होइन । ...भारतीय मापदण्ड अनुरुप म गाढा रंगकी छैन । मेरा आँखाहरु गाजलु छैनन्, कपाल

❑ सौन्दर्य प्रतियोगिताको क्रममा हुने 'डग शो' (कुकुर प्रदर्शनी) लाई रोक्न महिला-संघर्षले सफलता प्राप्त गरेको थियो ।

❑ विविसीले 'सौन्दर्य प्रतियोगिताको रिपोर्ट' गर्न किन बन्द गरेको थियो ?

❑ काला जातिका निर्णायकहरू (जजहरू) पनि सौन्दर्यको बारेमा आफ्नो राय हलिवूडबाट प्रभावित भएर बनाउँछन् ।

*-'मिस वर्ल्ड' को आयोजक एरिक माल*

मिस यूनिभर्स



'विश्व सुन्दरी' ऐश्वर्य राय





'नेपाल सुन्दरी' सुमी खड्का

**प्रसिद्ध अमेरिकी अर्थशास्त्री *जोन केनेथ गालब्रेथ***

सौन्दर्यका यी भ्रमहरू आर्थिक उद्देश्यका लागि नारीहरूलाई फकाउन-फुल्याउन र उनीहरूसाथि शोषण गर्नका लागि निर्माण गरिन्छन् ।

गाढा कालो रंगको पनि छैन, संसार भर परिचित भारतीयहरुको परिचय ममा छैन ।'

स्वयं एरिक मोर्लेको मान्यता छ- 'सौन्दर्यको मापदण्ड निर्माण गर्ने काममा अमेरिकी प्रभावको वर्चश्व छ। उनी भन्छन्- काला जातिका निर्णायकहरु (जजहरु) पनि सौन्दर्यका बारेमा आफ्नो राय हलिउडबाट प्रभावित भएर बनाउने गर्दछन् ।'

जम्माजम्मीमा, अमेरिकी टिभी एवं सिनेमाले संसारभरका उच्च एवं मध्यमवर्गीय मानिसहरुका दिमागमा सौन्दर्य सम्बन्धी आफ्नै मापदण्डलाई स्थापित गरिसकेका छन् ।

यसको एउटा उदाहरण दक्षिण अफ्रिकाको सौन्दर्य प्रतियोगिता हो । त्यहाँ काली र गोरी युवतीहरुलाई एउटा प्रतियोगितामा भाग लिन दिइयो । त्यहाँ जजहरु काला जातिकै थिए । सोचिएको थियो- काला जजले कुनै काली सुन्दरीलाई नै विजेता घोषित गर्नेछन् । तर त्यस्तो भएन । काला जजले पनि नीलो आँखा र लामो खुट्टा भएकी एउटी दुब्ली पातली गोरी युवतीलाई नै सर्वश्रष्ठ सुन्दरी चुने ।

१९८९ मा पहिलो पटक 'मिस वर्ल्ड' प्रतियोगिताको आयोजना लण्डनभन्दा बाहिर भएको थियो । गएको तीन वर्षदेखि यो प्रतियोगिता दक्षिण अफ्रिकामा हुँदै आएको छ । गएका केही वर्षहरुमा गैर-पश्चिमी युवतीहरुले यसमा अपेक्षाकृत अधिक सफलता हासिल गरेका छन् । १९९४ मा भारतकी ऐश्वर्य राय विजेता भईन् र दोस्रो नम्बरमा दक्षिण अफ्रिकाकै एउटी काली युवती आईन् । चौथो नम्बरमा पनि एउटी काली युवती नै आइन्, जो 'जिम्मबाब्वे सुन्दरी'को रुपमा प्रतियोगितामा भाग लिन गएकी थिईन् । १९९१ मा जमैकाकी काली युवती 'मिस वर्ल्ड' छानिएकी थिईन् ।

आखिर यसको पछाडिको रहस्य के हो त ?

लण्डनको सबैभन्दा प्रमुख मोडलिङ्ग एजेन्सी 'मोडेल्स-वान' का सहमालिक जोस फोंसेका भन्छन्-'मन्दीग्रस्त पश्चिमको तुलनामा पूर्वको अर्थव्यवस्था तेजगतिले विकसित भइरहेको छ । त्यसैले अब पूर्वले नै तय गर्दछ- नयाँ उत्पादनहरुको विज्ञापनमा कस्ता खालका युवतीहरुको उपयोग प्रभावशाली हुनेछ !...विकास पूर्वमै भइरहेको छ, भविष्य पनि त्यहीं छ ।'

*सुन्दरी प्रतियोगिता विरोधी संघर्षले सफलता पनि प्राप्त गर्दैछ ।*



सुन्दरता कसले तय गर्दछ त ?

यस सम्बन्धमा फोंसेकाको उत्तर छ- 'फोटोग्राफरहरु र पत्रिकाहरुको निकै ठूलो प्रभाव देखिन्छ । विज्ञापनकर्ताहरुले पनि तय गर्दछन् ।'

यथार्थमा दुई वटा कुरा एकैसाथ भइरहेका छन् । एकातिर, पूर्वको अर्थव्यवस्थामा विकास भइरहेको छ र त्यहाँको बजार खुल्दैछ । अर्कोतिर, पश्चिमी, विशेषत: अमेरिकी सभ्यता एवं मूल्य-मान्यताहरु संसारभर प्रचार-प्रसार भइरहेका छन् । यस्तो स्थितिमा उत्पादित बस्तुहरु बेच्नका लागि पूर्वी देशका मोडेलहरुलाई अगाडि ल्याइयो र चर्चित गराइयो । तर ती मोडेलहरु अमेरिकी सौन्दर्यका मापदण्ड अनुरुप मात्रै हुने भए । र, अहिले यही भइरहेको छ ।

पूँजीवादी-उपभोक्ता संस्कृतिको प्रचार-प्रसारका साथ सौन्दर्य प्रतियोगिताहरुको संस्कृतिको प्रचार-प्रसारको क्रम पनि अहिले जारी नै रहने छ । तर समाजका प्रबुद्ध एवं मानवीय मूल्यहरुबाट प्रेरित समूहहरुद्वारा यसको विरोध पनि जारी रहनु स्वाभाविक देखिन्छ ।

सौन्दर्य प्रतियोगितासँग प्रश्न-उत्तरको कार्यक्रम जोडेर यसलाई 'बौद्धिकताको परीक्षाको आयोजना' भनाउने प्रयास पनि जारी छ । यसका साथै प्रतियोगीहरुद्वारा मानव सेवा एवं अन्य उच्च आदर्शको कुरो भन्ने लगाएर 'उद्देश्यपूर्ण सुन्दरता'को भ्रम रच्ने सबै प्रयास गरिंदैछन् । यी सबै प्रयासहरुका बाजूद, यी प्रतियोगिताहरुको महिलाविरोधी चरित्र अझ बढी स्पष्ट हुँदै गइरहेको पनि छ ।

अब, 'मिस ब्यूटीफुल हेयर', 'मिस व्यूटिफुल आई,' आदिको, एक-एक अंगको सुन्दरताको पनि प्रतिस्पर्धा हुन थालेको छ । त्यसैले यस्ता प्रतियोगिता-हरुमा केवल शरीरका नाप-जोख मात्रै हुँदैनन् भनी तर्क राख्ने आयोजकहरुको दावी कति खोक्रो छ भन्ने कुरा पनि पनि अगाडि देखिंदैछ ।

यहाँ एउटा कुरो चाहिं पक्कै यदि गर्नु उचित हुन्छ- १९७४ मा 'मिस यू.के.' बेलायत सुन्दरी छानिएकी हेलेन मोरगनबाट त्यस पदकलाई उनी अविवाहित आमा हुन् भन्ने कुरा खुल्नासाथ फिर्ता लिइएको थियो । स्त्रीको स्वतन्त्र अस्मितालाई नकार्ने र मातृत्वलाई अपमानित गर्ने कार्यमा यो भन्दा ठूलो उदाहरण अरु के हुन सक्छ ? ❑

*'समय चेतना' मासिकबाट अनूदित / शीर्षक: मूल्याङ्कनको*

# 'सुन्दरी प्रतियोगिता' बारे तसलीमा नसरीन



❑ 'सोभियत संघका गाउँगाउँमा अब डिस्को चल्दछ, 'मिस सुन्दरी प्रतियोगिता' चल्दछ । रुसी महिलाहरु अब ज्ञानको बारेमा चिन्तन मनन गर्नुभन्दा पनि शरीरको सौन्दर्य प्रदर्शनलाई बढी महत्वपूर्ण ठानिरहेका छन् । छाती, कम्मर र नितम्बको नाप लिएर दौडनुमा नै उनीहरु अब असाध्य व्यस्त देखिन्छन ।'

...नारी अब त्यस देशमा बिल्कूल पूँजीवादी मुलुकहरुमा जस्तै स्वादिष्ट खाना भएकी छे । खाना खानेहरु लेनिनको आदर्शलाई आगोमा जलाएर विकृत सभ्यतातिर अगाडि बढ्दैछन् ।

❑ ...'विश्व सुन्दरी प्रतियोगिता, जुन प्रतियोगिता नारीलाई कुनै सामान वा बस्तुको रुपमा पेश गर्ने एक उत्कृष्ट माध्यम हो,- त्यसमा भाग लिनुलाई उनीहरु (आजका रुसी नारीहरु) 'नारी मुक्ति' भनिरहेका छन् । मोहले मानिसलाई कतिसम्म अन्धो बनाउँछ, उन्मादी र अविवेकी बनाउँछ भन्ने कुरा सोभियत संघको यो अध:पतनबाट हामी बुझ्न सक्छौं ।

विज्ञापनमा नारीको उपयोग

"विज्ञापनहरुमा नारीको उपयोग हुन्छ, किनभने, कुनै पनि विज्ञापनमा नारी आफ्नो आकर्षक रुप-शरीर र सिंगारपटारद्वारा लैस भएर यसरी उपस्थित हुन्छे कि- बिक्री गरिने बस्तुभन्दा उक्त नारी नै ज्यादा आकर्षक लाग्दछे र सोही नारीकै कारण त्यो वस्तु लोकप्रिय हुन्छ । यसबाट व्यवसायिक लाभ अवश्य नै हुन्छ तर जुन नारी बेचिने बस्तुको नाममा स्वयं उपयोग भइरहेकी हुन्छे, उसको के हालत होला ? यो देशमा कुनै पनि विकाऊ-बस्तुहरुमध्ये नारी पनि एक खालको विकाऊ माल हो । उसका आँखाहरु, कपाल, आँखीभौं, ओठको मुस्कान, उन्नत स्तन, उसको सात चक्करवाला नृत्य आदि आज बजारका विकाऊ-सामानहरुभन्दा ज्यादा महत्वपूर्ण मानिन्छन् । यी विज्ञापनहरुबाट व्यवसायीहरुले 'माल'लाई भन्दा आइमाईलाई ज्यादा महत्व दिने कोशीस गर्दैछन् । पुरुषहरुका सेभिङ्ग ब्लेड, चुरोट, लुगा, जुत्ता मोजा, स्याम्पु, साबुन-सब थोकमा अनावश्यक रुपले आइमाईलाई प्रस्तुत गर्ने गरिन्छ । वास्तवमा, नारीहरु कुनै काम गरिरहेका छैनन् । केवल उपयोग भइरहेका छन् र यो समाजमा शायद उपयोग हुनु नै नारीको मुख्य काम हो ।"

*('आइमाईहरूको पक्षमा' पुस्तकमा संकलित विभिन्न लेखहरूबाट उद्धृत)*



बस्तुको विज्ञापनमा भारतीय सुन्दरी सुस्मिता सेनको उपयोग गरिएको एक उदाहरण

# "अरुण-३ रद्द गर्ने निर्णय १९८७ मा नै हुनुपर्थ्यो"

-डा. हरिमान श्रेष्ठ

*प्रसिद्ध विद्युत विज्ञ*



## अरूणको विकल्प के ?

डा. हरिमान श्रेष्ठको जवाफ

**डा. हरिमान श्रेष्ठ त्यो नाउँ हो, जसले वृहत् खोजीनीति गरी नेपालमा ८३ हजार मेगावाट जल विद्युत उत्पादन हुन सक्छ भनेर पहिलो पल्ट पत्ता लगाउनु भयो । उहाँ हाल जल तथा शक्ति आयोगका सल्लाहकार सदस्य हुनुहुन्छ । विद्युत उत्पादन कहाँ कहाँ, कति कति र कसरी कसरी संभव छ भन्ने सवालमा उहाँले प्रशस्त र संभवतः सबैभन्दा धेरै, गृहकार्य गरिसक्नुभएको देखिन्छ । अरुण-तेस्रो रद्द भएकोमा बल्ल अब नेपालको विद्युत विकासको ढोका खुल्यो भनेर उहाँ निकै प्रफूल्ल हुनुहुन्छ । अरुणको खारेजी र अरुण-तेस्रो रद्द भएपछि अब के त ? यो सवालमा हामीले उहाँसित केही ताजा प्रश्न राखेका थियौं । प्रस्तुत छ- उहाँको उत्तरः**

**मूल्याङ्कन** **अरुण-३ आयोजना रद्द भएकोमा तपाईलाई कस्तो लागेको छ ?**

➡ प्रष्ट रुपमा भन्ने हो भने तिब्बत जोडिने अरुण मार्गको निर्माण भइसकेपछि मात्र यो आयोजना निर्माण गर्ने परिकल्पना गरिनु पर्दथ्यो । जहाँसम्म अरुण नदीबाट जलविद्युत उत्पादन गर्ने कुरा छ, त्यो नदी विद्युत उत्पादनको दृष्टिकोणले आकर्षक नदी हो भन्ने कुरा सन् १९६३-१९६६ मा मैले पि.एच.डी.को थेसिसको काम गरिरहेको बेलादेखि नै थाहा भएको हो । सो कुरा सन् १९६८ मा विश्व ऊर्जा सम्मेलनमा मैले प्रस्तुत गरेको कार्यपत्रमा उल्लेख भएको तत्सम्बन्धी प्रकाशनमा समेत पाउनु हुन्छ ।

तर भयो के भने- अरुण-३ आयोजना बाटो नभएको दुर्गम स्थानमा पर्दछ । यसमा पर्याप्त शुरु लगानीको आवश्यकता हुन्छ । धेरै सहयोगी राष्ट्रहरु र अन्तर्राष्ट्रिय बित्तीय संस्थाहरु एक जुट हुँदा पनि बित्तीय व्यवस्था गर्न कठीन पर्दछ । यो आयोजना कार्यान्वयन गरेपछि अरु आयोजनाको लागि बित्तीय स्रोत व्यवस्था गर्न नसकिने हुन्छ । यस आयोजनाबाट विद्युत उत्पादन प्राप्त गर्न धेरै लामो समय पर्खनु पर्दछ ।

यी आदि कुराहरु थाहा पाउँदा पाउँदै पनि बाटोसमेत गर्दा पन्ध्र वर्षसम्म लाग्न सक्ने आयोजनालाई जवर्जस्ती नौ वर्षमा पूरा गर्ने गरी समय तालिका बनाएर यो आयोजनामा अघि बढ्ने काम भयो । मल्टीफ्यूल र ग्यास टर्वाईनजस्ता आयातित इन्धनमा आधारित आयोजना बाहेक अरु साना/मझौला जलविद्युत आयोजनालाई अरुण-३ भन्दा अगाडि आउन नसक्ने कृत्रिम आधारशीला तयार गरेर, पछि तयारी स्तरमा पुग्दै गएका जलविद्युत आयोजनाहरु समेतलाई निजी क्षेत्रमा हस्तान्तरण गर्दै गएर अरुण-३ बाहेक सरकारी/अर्धसरकारी क्षेत्रमा अरु जलविद्युत आयोजना कार्यान्वयन हुन नसक्ने वातावरण श्रृजना गरियो । र, उच्चस्तरमा अध्ययन भएको काली-गण्डकी "ए" आयोजना समेतको विकल्पलाई हटाउन यो आयोजनालाई पनि निजी क्षेत्रमा हस्तान्तरण गर्ने प्रयास गरियो । कसरी विश्व बैंक र नेपालका निर्णयकर्ताहरुलाई अरुण-३ ले यस्तो बिघ्न आकर्षित हुने रोग लगायो, त्यो त समयले बताउँदै जाला । यो भने, स्पष्ट भइसकेको थियो कि- अरुण-३ मात्रमा अल्झिँदा नेपालको विद्युत आपूर्तिको समस्या झन् झन् जटील हुँदै जान्छ, तर कसमाथि दोष बिसाई यस आयोजनाबाट पन्छिने भन्ने अवस्थाको श्रृजना चाहिं भइसकेको थियो ।

त्यस्तैमा विश्व बैंकले आफूलाई दोष आएतापनि, अब त, यो आयोजनामा अल्झिरहनु ठीक छैन भन्ठानेर नै हुनुपर्छ- वर्तमान निर्णय गर्ने अग्रसरता देखायो । मेरो व्यक्तिगत दृष्टिकोणले भन्ने हो भने, यो निर्णय सन् १९८७ मा नै हुनुपर्थ्यो, जबकि यस आयोजना सम्बन्धमा गरिएको "न्यूनतम मूल्य विद्युत उत्पादन विस्तार योजना" प्रतिवेदनमा जल तथा शक्ति आयोगको सचिवालयले प्रतिक्रिया जनाएको थियो । अहिले अबेला चाहिं भइसक्यो । तैपनि निर्णय गरिदिएकोमा म विश्व बैंकको अहिलेको अध्यक्षलाई धन्यवाद चाहिं दिन्छु । किनभने, अब कम लगानीमा चाँडै उत्पादन दिन सक्ने सुगम स्थानमा रहेका साना र मझौला आयोजनाहरु कार्यान्वयन गर्ने बाटो खुलेको छ ।

**मूल्याङ्कनः- अरुण-३ आयोजना बन्द भएको परिप्रेक्षमा विद्युत क्षेत्रमा कसरी अगाडि बढ्नु उपयुक्त होला ?**

➡ विद्युत उत्पादनमा वृद्धि गर्न नसक्दा समस्या झन् झन् जटील हुँदै गइरहेको चाहिं वास्तविक सत्य हो । अरुण-३ निर्माण गर्ने निर्णय भएको भए समाधानको बाटो झन् जटील हुन्थ्यो, किनभने ठूलो धनराशी अरुण-३ मा खन्याउनु पर्ने भई अरु आयोजनाको लागि बित्तीय व्यवस्था गर्न असमर्थ हुने थियो । अब पनि केही बितेको छैन । सहयोगी राष्ट्रहरु/अन्तर्राष्ट्रिय बित्तीय संस्थाहरु अरु विद्युत आयोजनाहरुमा सहयोग प्रदान गर्न तत्पर नै देखिन्छन् । यसो भनेर सहयोग/ऋणमा मात्र भरपर्ने किसिमबाट अगाडि बढ्नु निश्चय नै राष्ट्रको हितको पक्षमा हुँदैन । अन्ततोगत्वा नेपाल बनाउन नेपालको स्रोत र नेपालीको बुद्धि, सीप र श्रमको अधिकतम परिचालनबाट नै मात्र सम्भव हुन्छ भन्ने कुरालाई मध्य नजरमा राखी सो दिशातर्फ लम्कन सक्ने प्रकारको कदम चाल्नु पर्दछ ।

विद्युत एघार प्रतिशत शहरी क्षेत्रका जनतालाई मात्र आवश्यक साधन होइन, सबैलाई उपलब्ध हुनसक्ने दृष्टिकोण राखी अगाडि बढ्नु पर्दछ । यस पृष्ठभूमिमा आगमी केही वर्षका लागि विद्युतको क्षेत्रमा केही कदमहरु चाल्न उपयुक्त हुने देखिन्छ :

**मूल्याङ्कनः- आगामी केही वर्षका लागि चालिनु पर्ने भनी तपाईले सोच्नु भएका ती कदमहरु के के हुन ?**

➡ आर्थिक विकासमा टेवा पुऱ्याउने उद्देश्यले सुगम र प्रशारण लाइन नजीक भएका साना-मझौला आयोजना कार्यान्वयनमा प्राथमिक ध्यान केन्द्रित गर्नुपर्दछ । त्यस्ता आयोजनाहरु अन्तर्गतका मझौला आयोजना काली-गण्डकी "ए" (१४४ मेगावाट) एशियाली विकास बैंक र जापान सरकारको सहयोग तुरुन्त प्राप्त हुने व्यवस्था गरी निर्माण स्तरमा पुऱ्याउनु आवश्यक छ भने, पुवाखोला (६.२ मेगावाट), चिलिमे (१७ मेगावाट) र मोदी (१४ मेगावाट) जस्ता ३ वर्षमै निर्माण सम्पन्न हुन सक्ने स-साना आयोजनाहरु नेपाल विद्युत प्राधिकरणले आफ्नै तर्फबाट युद्धस्तरमा निर्माण गर्नमा आवश्यक सबै सहुलियत सहयोग/सुविधा प्रदान गर्नुपर्ने हुन्छ । मध्य मर्स्याङ्गदी आयोजना (४२ मेगावाट) लाई चाहिं जर्मन सरकारको सहयोगको परिचालन हुने गरी निर्माण स्तरमा पुऱ्याउन उपयुक्त हुन्छ । बाह्य सहयोगबाट कार्यान्वयन गरिनु पर्ने यी दुई मझौला आयोजनालाई आवश्यक बित्तीय सहयोग, ऋणको परिमाण अरुण-३ लाई भनी छुट्याइएको रकमभन्दा निक्कै कम हुन्छ र ती आयोजनामा विश्व बैंकको संलग्नताको आवश्यकता पर्दैन ।

तसर्थ, विश्व बैंकबाट अरुण-३ लाई भनी छुट्याइएको रकमलाई अरुण उपत्यका जलविद्युत विकासको पूर्वाधारस्वरुप तिब्बत जोड्ने अरुण मार्ग निर्माण गर्ने काममा प्रयोग गर्नेतर्फ कदम चाल्नु उपयुक्त होला । यसो गर्दा आगमी ३ वर्षपछिदेखि विद्युत उतपादन हुन थाल्दछ पनि, र भविष्यमा अरुण नदीमा सम्भाव्य पाँच वटा आयोजनाको पूर्ण खर्च न्यूनतम हुने प्रकारबाट जुन अयोजना सबैभन्दा उपयुक्त हुन्छ, सो आयोजनाको कार्य प्रारम्भ गरी अरुण उपत्यका विद्युत अयोजनाहरु क्रमशः लागू गर्न समर्थ हुन सकिन्थ्यो पनि ।

अर्को कुरा, ग्रामीण क्षेत्रमा शुरुमा कमसेकम पनि बत्ती बाल्ने उद्देश्य राखी स्थानीय सीप, स्रोत र राष्ट्रभित्रै उत्पादन हुने उपकरणहरुको प्रयोगको आधारमा विद्युत शक्तिको उत्पादन प्रारम्भ गर्न उपयुक्त हुने हुनाले "आफ्नो गाउँ आफैं बनाऔं" कार्यक्रम अन्तर्गत तत्काल विद्युत प्रणाली पुग्न नसकिने पहाडी भेगका गाउँहरुमा कम खर्चिलो लघु-जलविद्युत केन्द्रहरुको स्थापना गर्दै जानु पर्ने हुन्छ । यसबाट ग्रामीण जनमानसले पनि क्रमशः विद्युतको बहुउपयोगबारे ज्ञान हासिल गर्दैजान सक्तछ र विभिन्न सम्भाव्य उद्योगधन्धामा संलग्न हुने मौका प्राप्त गरी आफ्नो आर्थिक स्तर पनि उकास्न सक्ने हुन्छ ।

यसरी विद्युत विकासमा क्रमशः नेपाली आफैंले गर्ने कार्यक्रमलाई अगाडि बढाई अन्ततोगत्वा नेपालको जलविद्युत विकास गर्न अरुमा भर पर्नु नपर्ने अवस्था श्रृजना गर्नेतर्फ लाग्यौं भने मात्र नेपालको जलविद्युत सस्तो छ भनी प्रदर्शन गर्न हामी सक्षम हुनेछौं । अन्यथा, हाम्रो सम्पदाको मूल्य आफैंले उपयोग गर्नको लागि पनि बहुतै महँगो पर्ने र त्यो पनि अ-नेपाली (Non-Nepali) लाई तिर्नुपर्ने यथार्थलाई हामीले कदापि बिर्सनु हुन्न । ❑



# क. गोञ्जालो-को जीवन रक्षा गर्न जुलूस प्रदर्शन

स्वतन्त्रता, समानता र न्यायपूर्ण समाज स्थापनाको लागि सशस्त्र संघर्ष चलाइरहेको पेरु कम्युनिष्ट पार्टी (साइनिङ्ग पाथ) का अध्यक्ष क. गोञ्जालो (डा. अविमायल गुजमान) लाई प्रतिक्रियावादी फुजिमोरी सरकारले गिरफ्तार गरेर अमानवीय ढंगले बन्दी बनाइराखेको गत भाद्र २७ गतेबाट तीन वर्ष भयो ।

हो, तीन वर्ष भयो, क. गोञ्जालो लाई जेलमा अमानवीय ढंगले एकान्तबासमा राखिएको । गिरफ्तारीको लगत्तैदेखि उहाँलाई पटक पटक मार्ने षडयन्त्र गरिसकेको फुजीमोरी सरकारले पुनः उहाँको हत्या गर्ने षडयन्त्र रचेको कुरा पर्दाफास भएको छ । गिरफ्तारीपछि उहाँलाई विस्तारै-विस्तारै मार्नका लागि बनाइएको कंक्रिटको भूमिगत कोठरीमा एकान्तवासको जीवन बिताउन बाध्य पारिएको छ। आफ्ना परिवार-जन, वकिल र पत्रकारहरु लगायत कसैसँग पनि भेट्न नदिई नयाँ-नयाँ हत्याका षडयन्त्रहरु बुन्ने काममा अमेरिकासमर्थित फुजिमोरी सरकार उद्दत हुँदै आएको छ। हालै मात्र राष्ट्रपति फुजीमोरीले १९९५ को राष्ट्रपतीय चुनावमा विजयी भएपछि विजयोन्मत्त भई क. गोञ्जालो सोरियासीस (Psoriasis) रोग र कठोर जेल-जीवनको कारणले ३ वर्षभित्रै मर्ने घोषणा गरेर उहाँको हत्याको षडयन्त्रको आभास दिएको छ।

यसरी क. गोञ्जालोलाई अमानवीय तरीकाले बन्दी बनाई राखेको र हत्या गर्ने षड्यन्त्र गरेको विरोधमा विश्वभरका क्रान्तिकारी जनताले ठूलो विरोध जनाउँदै आइरहेका छन् ।

यसैबीच, क. गोञ्जालोको गिरफ्तारीले तीन वर्ष पार गरेको सन्दर्भमा उहाँको रिहाईको लागि विश्वभर नै जुलूस प्रदर्शन, विरोधपत्र दिने र फुजिमोरीको पुतला जलाउने काम गरी फुजिमोरी सरकारलाई दवाब दिने र सशस्त्र संघर्ष गरिरहेका पेरुभियाली क्रान्तिकारीहरुप्रति ऐक्यवद्धता जनाउने काम भएको छ । उहाँको जीवनको प्रतिरक्षा गर्न र उहाँको अविलम्ब रिहाइको लागि विश्वभर ऐक्यवद्धता आन्दोलन चलाउने उद्देश्यले 'क्रान्तिकारी' अन्तर्राष्ट्रिय आन्दोलन' (RIM) को अगुवाईमा गठन भएको 'क. गोञ्जालोको जीवन प्रतिरक्षार्थ अन्तर्राष्ट्रिय आकस्मिक समिति' को आयोजना र आव्हानमा विश्वभर नै यसरी क. गोञ्जालो प्रतिरक्षार्थ अभियानहरु संचालन भएका हुन् ।

नेपालमा पनि अन्तर्राष्ट्रिय आकस्मिक समितिकै आव्हानमा नेकपा (माओवादी) द्वारा समर्थित 'पेरुको क्रान्ति समर्थक समिति, नेकपा (मसाल) र नेकपा (एकता केन्द्र) द्वारा समर्थित 'क. गोञ्जालोको जीवन प्रतिरक्षा समिति, नेपाल' को आयोजनामा छुट्टाछुट्टै ढंगले फुजिमोरीको पुतलासहित जुलूस प्रदर्शन गर्ने र विरोध पत्र दिने कार्य हालै भएको छ । क. गोञ्जालोको जीवन प्रतिरक्षा गर्ने उद्देश्यसहित एकै दिनमा छुट्टाछुट्टै हैन, एउटै संयुक्त कार्यक्रम भएको भए निकै राम्रो हुने थियो । तर पनि यस्ता कार्यक्रमहरुबाट विश्वभर चलेको ऐक्यवद्धता र विरोध अभियानमा सकारात्मक बल पुग्ने कुरा भने प्रष्ट नै छ ।

'वामपन्थी' लफ्फाजी वा प्रतिक्रान्तिको सेवा -मोहन विक्रम सिंहको पुस्तक बजारमा आउँदैछ ।

विजया दशमीको शुभ-उपलक्ष्यमा समस्त देशवासीहरूमा हार्दिक मंगलमय शुभकामना

गोरखा ब्रुअरी लिमिटेड

धरान नगरपालिका

वातावरण समितिको अनुरोध




धरान नगरपालिकाबाट स्थापित धरान-१७ को 'सप्तरंगी बन बाटीका'मा नगरपालिकाले अधिराज्यमा पाइने, धरानको हावा पानी र माटो सुहाउँदो सबै जात जातिका बोट बिरूवाहरू वृक्षारोपण गर्ने योजना गरीरहेकोले इच्छुक संघसंस्था तथा व्यक्तिहरूले उक्त क्षेत्रको भ्रमण गर्नु भई बिरूवा दान गरी दाताले त्यहाँ रहेको खातामा आफ्नो नाम लेख्नु हुन अनुरोध गर्दछौं ।

धरान नगरपालिका, सुनसरी

विजया दशमीको उपलक्ष्यमा शुभकामना !

Kathmandu Maida Mills Pvt. Ltd.

AN AUTOMATIC FLOUR MILL




KMM

You have a deal. A fair deal. Best quality flour and atta.
From our modern and automatic plant.
For you and for all your needs.
Quality flour for bakeries and confectioneries.
Hygenic Atta for breads.
All suited to your needs
Give your flair a name.
The name of

**KATHMANDU MAIDA MILLS PVT. LTD.**

Balaju Industrial District, Balaju
P.O. Box 351 Kathmandu Nepal
Phone No. 272221, 272285


## राष्ट्रिय कविगोष्ठी

काठमाडौंबाट करीब २७ किलोमिटर पूर्व रहेको शहर बनेपाको आजाद बहुउद्देशीय हलमा गत भाद्र ३१ गते राष्ट्रिय स्तरको एक कविता-गोष्ठी संपन्न भयो । प्रगतिशील लेखक संघ, नेपालको ३१ औं बार्षिक उत्सवको उपलक्षमा संपन्न सो गोष्ठीमा देशका ४० जिल्लाका कविहरुले भाग लिनु भएको थियो । गोष्ठीमा ६० जना कविहरुले स्वयं उपस्थित भई कविता वाचन गर्नु भएको थियो । यस गोष्ठीको प्रमुख विशेषता थियो- यसमा नेपालका विविध भाषाहरु संगेटिनु । नेपाली भाषा, नेपाल भाषा, मगर भाषा, थारु भाषा, बाजिका भाषा, तामाङ्ग भाषा, राई भाषा र गुरुङ्ग भाषामा लेखिएका कविताहरु एकै ठाउँमा वाचन भएकोले सो गोष्ठी विशेष आकर्षक रहेको थियो ।

प्र.ले.संघका कार्यबाहक अध्यक्ष राम्हरि पौडेलको सभापतित्वमा संपन्न सो गोष्ठीमा सो संघका राष्ट्रिय पार्षद मोहन दुवालले स्वागत भाषण गर्नु भएको थियो भने गोष्ठी संचालन केन्द्रिय सदस्य आहुतिले गर्नु भएको थियो । स्मरणीय छ, प्र.ले. संघले आफ्नो स्थापना महिना- भाद्रको अन्तिम शनिवार यस्तो गोष्ठी हरेक वर्ष गर्न शुरुवात गरेको छ । पोहोर यो गोष्ठी काठमाडौंमा संपन्न भएको थियो । प्र.ले. संघले आगामी कार्तिक २४ र २५ मा दाङ्गमा नेपाली प्रगतिवादी साहित्यको वर्तमान अवस्थाबारे विचार गोष्ठी र एक कविता गोष्ठी गर्ने कार्यक्रम भएको कुरा यसका महासचिव निनु चापागाईले हामीलाई जानकारी दिनु भएको छ । ❑


राष्ट्र निर्माण गर्न ब्यापक जनसहभागिता जुटाऔं !

सुन्दर देश बनाउन 'आफ्नो गाउँ आफैं बनाऔं' !!

यो कार्यक्रम सफल पारौं !

अध्यक्ष प्रमोदकुमार श्रेष्ठ
ईटहरी गाविस, कार्यालय

विजया दशमीको उपलक्ष्यमा शुभकामना

मेयर बेलप्रसाद श्रेष्ठ
तथा धुलिखेल
नगरपालिका, परिवार

विजया दशमीको उपलक्ष्यमा
हार्दिक मंगलमय शुभकामना

राष्ट्रिय वाणिज्य बैंक,
परिवार



# किन गिद्धझैं झुम्मिँदैछन् पश्चिमेलीहरू रूसको साइबेरियामा ?

दीपक वैद्य

हामीले रेडियो र टि.भी मार्फत दिनहुँ सुनिरहेछौं- रुस सारै संकटग्रस्त छ र बिकसित पूँजीवादी मुलुकहरु संकटग्रस्त रुसलाई बचाउन अराबौं डलरको सहायता त्यहाँ खन्याउँदै छन् । पूँजीवादी संचार माध्यमहरु के प्रचार गरिरहेछन् भने- रुसको कलिलो शिशु प्रजातन्त्रलाई बचाउन उनीहरु यस्तो सहायता गरिरहेका हुन् ।

यतिसम्म कि- दक्षिण कोरिया जस्तो भर्खरै विकसित फुच्चे पूँजीवादी मुलुकले समेत अति विकसित महाशक्ति राष्ट्र रुसलाई दुई अरब डलरको सहायता दिने घोषणा गऱ्यो । ओहोहोहो ! पहिलेको समाजवादी रुस के विघ्न कमजोर र दुर्दशाग्रस्त ! अनि यी पूँजीवादी मुलुकहरु (फुच्चे दक्षिण कोरिया समेत) कति तगडा र दयालु !

बस्, यही मनोवैज्ञानिक प्रभाव विश्वभरि छर्ने काम पुँजीवादी राष्ट्रहरुले गर्दैछन् ।

तर यो सहायता र दयाभित्रको असली नियत र कहानी भने अर्कै छ ।

गहीरोमा खोजी पस्ने हो भने यी पश्चिम र पूर्वका पूँजीवादी मुलुकहरुलाई न रुसको प्रजातन्त्रप्रति कुनै सुर्ता भएको देखिन्छ, न रुस दुर्दशाग्रस्त भएकोमा कुनै चिन्ता नै । हैन, उनीहरुको असली सुर्ता त रुसका १५ करोड जनताको विशाल उपभोक्ता बजार हो । रुस विश्वकै सबैभन्दा ठूलो तेल र ग्याँसको भण्डार हो । त्यहाँको फालाफाल बहुमूल्य खनिज पदार्थ अति सस्तो कच्चा पदार्थ भएको, विकासका संपूर्ण पूर्वाधार तम्तयार भएको र अति सस्तोमा दक्ष श्रमशक्ति मिल्न सक्ने रुस सारा पूँजीवादी राष्ट्रहरुको लागि सुनको फूल पार्ने कुखुरी जस्तै सारै लोभलाग्दो भएको छ । मालामाल नाफा हुन सक्छ त्यहाँ उद्योग खोल्न सकियो भने, त्यहाँको सस्तो प्राकृतिक ग्याँस, तेल,

> पूँजीवादी मुलुकहरूलाई न रूसको प्रजातन्त्रप्रति कुनै सुर्ता भएको देखिन्छ, न रूस दुर्दशाग्रस्त भएकोमा कुनै चिन्ता छ, उनीहरूको असली सुर्ता त...

सुन, हीरा, यूरेनियम र अन्य खनिज पदार्थ आफ्नो देशमा लान सकियो भने । यही अति नाफाको स्वार्थले नै पूँजीवादी-साम्राज्यवादी मुलुकहरुलाई रुसको 'दुर्दशा' प्रति सारै 'दयालु' र 'चिन्तित' बनाएको देखिएको छ ।

रुसको कालापानीको रुपमा चर्चित साइबेरिया रुसको सबैभन्दा ठूलो खनिज पदार्थको भण्डार हो । रुसको तीन चौथाई बहुमूल्य कच्चा पदार्थ यही साइवेरियाको भूगर्भमा छ । यसको २०% भू-भागमा मात्रै यति धेरै प्राकृतिक ग्याँस र तेलको भण्डार छ कि यस भूभागलाई उत्तरको साउदी अरेविया भनेमा कुनै अत्युक्ति हुँदैन । विश्वको सबैभन्दा ठूलो हीराको स्रोतमध्ये एउटा यही साइवेरियाको जमीनमुनि छ । यहाँको नदीका वगरहरु र प्राचीन गेगरयुक्त भूभागहरु सुनको ठूलो भण्डारको रुपमा चर्चित छन् । जंगलले ढाकिएको संपूर्ण दक्षिणी साइवेरिया बहुमूल्य काठहरुको विशाल भण्डारको रुपमा रहेको छ । यिनै आकर्षणले पूँजीवादी विश्वलाई रुसमा पनि, साइवेरियाले, सबभन्दा धेरै तानेको छ ।

अमेरिका, जापान र दक्षिण कोरिया दक्षिणी साइवेरियाको विशाल जंगलबाट कौडीको मूल्यमा बहुमूल्य काठहरु र जडीबूटीहरु आफ्नो देशमा ओसार्न लागेका छन् । उनीहरु साइवेरियाको सारै धनी जंगलहरुप्रति निकै धेरै लोभिएका छन् ।

अमेरिकी उपराष्ट्रपति अल्गोरले रुसी प्रधानमंत्री भिक्टर चेर्नोमेदिनसित व्यापार र प्रविधि संबन्धमा एक थाक क्रमबद्ध संझौताहरु गरेर यो क्षेत्रका स्रोत र साधनहरु सकेसम्म छिटो आफ्नो देशमा भित्र्याउने जमर्को गर्दैछन् । "प्रजातन्त्र र खुला बजारतर्फ संक्रमण गर्नको लागि परिवर्त्य मुद्रा हात पार्न संघर्ष गरिरहेको एउटा राष्ट्रमा तपाईले अमेरिकाभन्दा पनि ठूलो क्षेत्रमा त्यहाँको जंगल उत्तिकै लथालिंग बेकाम पडिरहेको हेरिरहनु अस्वाभाविक कुरा हो", अल गोर तर्क गर्छन् । "यदि त्यसो हो भने यसलाई बेठीक ढंगले होइन, ठीक तरीकाले उपयोग गर्नु फाइदाको कुरा हो ।"

अमेरिकास्थित अलास्का विश्वविद्यालयका अर्थशास्त्री बब लोगानले यो क्षेत्रबाट अमेरिका र पश्चिमका पूँजीवादी मुलुकहरुले के कति स्रोत-साधनहरु हात पार्न सक्छन् भन्ने कुराको टुंगोफाँट लगाउन हालै याकुटियाको भ्रमण संपन्न गरिसकेका छन् ।

साइवेरियाको विश्वकै सबैभन्दा ठूलोमध्ये एक ठहरिएको प्राकृतिक ग्याँस र तेल भण्डराबाट साउदी अरेबियाभन्दा पनि सस्तो मोलमा ग्याँस र तेल हात पार्न टेक्साको, एक्सोन, अमोक्को, नोर्क्स हाइड्रो जस्ता चर्चित बहुराष्ट्रिय कंपनीहरु लागि परेका छन् । उनीहरु त्यहाँ संयुक्त लगानी गर्ने कोशिस गर्दैछन् । त्यहाँ लगभग ४ अरब ब्यारेल तेलको भण्डार भएको अनुमान उनीहरुले गरेका छन् ।

क्यानाडा, अमेरिका र पश्चिमका अन्य खनिज कम्पनीहरु त्यहाँको सुन, हीरा, र अरु बहुमूल्य खनिज पदार्थहरु कसरी निकाल्ने र ओसार्ने भन्ने ध्याउन्नमा मरिमेटेर लागेका छन् ।

नर्वे र जापान चाहिं साइवेरियाको उत्तरमा विद्यमान आर्कटिक सागरको बाटो भएर यूरोप र एशियाको बीचमा जहाज यातायात कसरी संभव पार्ने भन्ने प्रयत्नमा समेत लागेका छन् । नर्वेका अर्थशास्त्री ट्रोण्ड आर्म्सलायेण्ड त यही उत्तरी समुद्री बाटो कति सस्तो र पर्ता पर्छ भन्ने कुरा पत्ता लाउन नै डुवेर लागे । उनको अनुसन्धानले के पत्तो लागेको छ भने- यदि यो समुद्री मार्ग खोल्ने हो भने पूर्वी एशिया र यूरोपलाई जोड्नका लागि यो स्वेज नहर भन्दा पनि कहाँ हो कहाँ छोटो र सस्तो बाटो हुनेछ । उनको भनाइ छ- यो बाटोबाट सामानको ओसारपसार गर्दा स्वेज नहरको बाटोभन्दा ११ दिन छिटो पूर्वी एशियाबाट यूरोपमा पुग्न सकिन्छ र एक टन सामानमा दश डलर भाडा सस्तो पर्न जान्छ ।

यिनै फाइदाहरुको लोभले गर्दा पश्चिमेलीहरु साइवेरियामा गिद्ध झुम्मिए झैं झुम्मिँदैछन् । सारै पातलो- तीन करोड जनसंख्याको-मात्र बसोबास भएको उराल पर्वतदेखि पूर्व र रुसको सुदूर पूर्वी सीमादेखि पश्चिमको यो विशाल रुसी भूभाग पश्चिमेली साम्राज्यवादी मुलुकहरुको लागि धेरै हिसावले अनुकूल नै अनुकूल ठहरिएको छ । त्यहाँको प्रतिकूलता भनेको त्यहाँको अति चिसो विषम हावापानी हो, जुन, हिउँदमा -७०̇ डिग्रीसम्म पनि तल झर्छ । अन्यथा, साइवेरिया उनीहरुको लागि नाफाको हिसाबले सारै नै रणनीतिक महत्वको ठाउँ भएको छ । गिद्धले सिनोको असल असल भागमा लुछाचुँडी गरिरहे झैं उनीहरु अहिले साइवेरियाको बहुमूल्य बहुमूल्य स्रोतसाधनमा लुछाचुँडी गरिरहेछन् ।

येल्सीनको संकटग्रस्त कठपुतली सरकारको लागि चाहे जसरी पनि पैसा चाहिएको छ । धनको विशाल भण्डार प्राकृतिक स्रोतको रुपमा आफ्नै देशमा वालछ्याल छ । संसारको कुनै मुलुकभन्दा पनि धनी हुनसक्छ रुस यी स्रोत साधनबाट । तर रुसको ध्यान त्यसतिर छैन । ऊ पश्चिमतर्फ हात फैलाएर भनिरहेछ- ...भिक्षाम् देही ! भिक्षाम् देही ! ❑

तथ्यांक स्रोत -
(TIME, September 4, 1995)

**पाठकको कुरो खै ?**

मूल्याङ्कन पूर्णाङ्क ३१, भाद्र समयमा नै पढ्न पाइयो । पूर्णाङ्क ३० को सम्बन्धमा पठाएको पाठक प्रतिक्रिया के कारणले हो कुन्नि, प्रकाशित भएको पाइनँ । सँधै दिँदै आएको 'पाठकको कुरो' स्तम्भ अंक ३१ मा किन नदिएको हो ? के मूल्याङ्कनलाई पाठक प्रतिक्रिया आवश्यक पर्दैन ?

अंक ३१, भाद्रमा प्रकाशित सबै लेख राम्रो लाग्यो । सर्वोच्चको फैसलाको स्वरुप र असरको चिरफार पढ्न पाउँदा खुशी लाग्यो । अरुण-तेस्रोसम्बन्धी लेख पढ्न पाउँदा प्रफुल्ल भएँ । पूँजीवादी साम्राज्यवादीहरुको गढमा वामपन्थीहरुको सेमिनार, अंक ३० र ३१ मा प्रकाशित चे ग्वेभाराको जीवनी, नेपालमा भूमिसुधार किन र कसरी गर्ने ? भन्ने सम्बन्धमा भएको अन्तर्क्रिया कार्यक्रमको रिपोर्ट पढ्न पाउँदा विशेष खुशी लाग्यो । कंचनकुमारद्वारा तयार पारिएको नक्सलवादी आन्दोलन सम्बन्धमा र हरिगोविन्द लुईटेलद्वारा लेखिएका अलग-अलग ठाउँमा बसेका गुञ्जमानह कथाको सम्बन्धमा लेखक र मूल्याङ्कन दुवैलाई विशेष धन्यवाद । अंक ३० मा नै प्रकाशित सुशील कर्माचार्यद्वारा लेखिएको लेख 'कसरी राजतन्त्र जीवित छ हाम्रो रगत' रगतमा भन्ने लेख स्तरीय छ नै, तर पनि लेखकको आशय स्पष्ट भएन । अन्तर्राष्ट्रिय कम्युनिष्ट गतिविधि सम्बन्धमा अझ रोचक लेख पढ्न पाउँ भन्दै मूल्याङ्कनको प्रगतिको कामना गर्दछु ।

*-चन्द्रमणि सापकोटा 'भावुक',*
*चितवन, दारेचोक-७*

*(गतांकमा पत्रिका छाप्दाछाप्दैसर्वोच्च अदालतको विशेष फैसला आएकोले त्यस विषयलाई ठाउँ दिएर पाठकहरु समक्ष प्रस्तुत गर्न खोज्दा नियमित स्तंभ- 'पाठकको कुरो' हटाउनु परेको हो -सं)*

**अरुणका राष्ट्रघाती शर्तहरुमा एमालेको सहमति !**

यस विचार अन्तर्क्रियामुखी मासिक मूल्याङ्कनको म (पहिलो अंक बाहेक) सम्पूर्ण प्रकाशित अकको नियमित पाठक हुँ । यस अक ३१ को आवरण कथामा प्रकाशित श्याम श्रेष्ठको लेख "किन रद्ध भयो, अरुण-तेस्रो अयोजना ?" पढेपछि मनमा लागेको खुलदुली लेख्न लागेको छु, आशा छ मेरो खुलदुली पूरा हुने छ ।

१) उक्त आवरण कथामा प्रकाशित लेख पढ्दै जाँदा नेकपा (एमाले) सरकारको अरुण-तेस्रो सम्बन्धी धारणा विश्व बैंक समक्ष पेश गर्न जलस्रोत राज्यमन्त्री हरि पाण्डेको नेतृत्वमा गएको उच्चस्तरीय प्रतिनिधि मण्डलले सस्तो लागतमा सरकार आफैले तल्लो बाटो बनाउने, १० मेगावाटभन्दा माथिको अयोजना सरकारले बनाउन पाउने र विद्युत महशूल सरकारले आफ्नो सक्षमता बढाएर घटाउन पाउने कुरा मात्र बैठकमा राखी कांग्रेस सरकार-द्वारा गरिएका अन्य राष्ट्रघाती सम्झौताबारे कुनै कुरा नगरिएको भन्ने पढ्न पाइयो ।

त्यस्तै, अरुण-तेस्रो आयोजनासम्बन्धी पछि जिम्मा लिनु भएका भरतमोहन अधिकारीले पछि विश्व बैंकले कांग्रेस सरकारसँग गरेका सम्पूर्ण सम्झौताहरु पालना गर्न दृढ रहेको भन्दै विश्व बैंकलाई सूचना गरेको कुरा पनि पढ्न पाइयो ।

नेकपा एमालेको सरकारबाट देशलाई आत्मसमर्पणतिर डोऱ्याउने, सिंगो राष्ट्रलाई विश्व बैंक र कथित "दाता राष्ट्र" हरुको नव-उपनिवेशवादी जालमा फसाउने, राष्ट्रघाती सम्झौतालाई कसरी स्वीकार गर्ने काम भयो ? मलाई विश्वास लाग्न सकिरहेको छैन । तसर्थ म यस विचार अन्तर्क्रियामुखी मासिक मूल्याङ्कनबाट के अनुरोध गर्दछु भने ने.कपा (एमाले)का तात्कालीन मन्त्रीद्वय हरि पाण्डे र भरतमोहन अधिकारीले जवाफ दिई ममा रहेको भ्रम साफ गरिदिनु हुन अनुरोध गर्दछु ।

२) त्यस्तै उक्त लेखमा एउटा गल्ति पनि भएको हो कि जस्तो मलाई लागेको छ । जस्तो कि-पेज नं. ७ मा अरुण-३ मा कसले कति लगानी गर्दैछ भन्ने तालिकामा अनुदान दिने लगानीकर्तामा एशियाली विकास बैंकको नाम उल्लेख गरिएको छ, जब कि पेज नं. १० मा अरुणका निम्ति एक मात्र अनुदान दाता जर्मनी भएको भनिएको छ । यस्तो गल्तीलाई सच्याउने काम होस् ।

अन्त्यमा यस विचार अन्तर्क्रियामुखी मासिक मूल्याङ्कनले नेपाली कम्युनिष्ट आन्दोलन निर्माण गर्न झुण्ड भुण्डमा रहेका श्रद्धेय नेताहरुलाई अन्तर्क्रियामार्फत एउटै मञ्चमा खडा गरेर एकीकृत कम्युनिष्ट आन्दोलन निर्माण गर्न सजिलो बनाइदिएको र विश्व कम्युनिष्ट आन्दोलनका विविध पक्षमा जानकारी गराएर कम्युनिष्ट आन्दोलनका विद्यार्थीहरुलाई जोश, जाँगर र उत्साह थपिदिने काम गरेकोमा यसलाई म धन्यवाद दिँदै आगामी अंकहरुमा नेपाली कम्युनिष्ट आन्दोलन-भित्रका मतभेदहरुको सम्बन्धमा विचार अन्तर्क्रिया चलाई त्यसको बारेमा प्रस्तुत विचारहरु प्रकाशित गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु ।

*-महेन्द्रप्रसाद चौलागाई*
*सिन्दुरेघारी-२ रौतहट*

*(अरुणमा अनुदान दाता जर्मनी मात्रै हो । पृष्ठ ७ को तालिकमा 'ऋण' हुन पर्नेमा अनुदान र अनुदान हुन पर्नेमा ऋण छापिन गई हाम्रो छपाईमा गल्ती भएको रहेछ । त्रुटी औंल्यादिनु भएकोमा धन्यवाद !- सं)*

**नक्सलवादी आन्दोलनबारेका उत्तरहरु खै ?**

नक्सलवादी आन्दोलन किन र कसरी भयो ? भनी भारतीय लेखक कञ्चनकुमारद्वारा लेखिएको लेख प्रकाशित गरी मूल्याङ्कनले नक्सवादी आन्दोलन सम्बन्धमा भएका घटनाक्रमको सामान्य जानकारी गराएकोमा धन्यवाद ।

यो लेख शुरु हुनुभन्दा अगाडि मूल्याङ्कन तर्फको लेखको चिनारीको पाँचौ प्यारामा लेखिएका चारवटा प्रश्नहरु प्रस्तुत लेखमा अनुत्तरित नै छन् । यसकारण लेखमा अनुत्तरित सवालहरु किन लेखको भूमिकामा उल्लेख गरी लेखको महिमा कम गर्ने काम भएको ? नियतवश् निश्चय नै होइन होला, तसर्थ यस्तो मसिनो कुरामा पनि विचार पुऱ्याइयोस् साथै, पाँचौ प्यारामा उल्लेखित सवालहरु मूल्याङ्कनले जोहो मेसो गरी आगामी अंकहरुमा पाठकहरुको बीचमा ल्याउनै पर्ने हुन्छ कि ?

*-रविन्द्रनाथ अधिकारी*
*चैनपुर गाविस-७, चितवन*

**भूमि ऐन कस्तो थियो ?**

'राजनैतिक शब्दावली'ले भरिएको सर्वोच्चको फैसलाले देशको मोड कतातिर जाला भन्ने कुरा स्पष्ट भएको छ । यतिखेर विश्वका साम्राज्यवादीहरुको लागि नेपाली समाचार चारो/डाइट/नाश्ता समान हुन पुगेको छ ।

अब बन्ने यो दक्षिणपन्थीको मिलिजुली सरकार कतिन्जेलसम्म टिक्ला ? आफ्नो समय अवधिभर शासन चलाउन सक्लान ? यसमा शंका लाग्छ ।,

भूमिसम्बन्धी ऐन- २०२१ को बारेमा चर्चा गरेको देखियो । यसबारेमा त्यस ऐनमा के कस्तो रुप थियो, त्यस ऐन जस्ताको तस्तै मूल्याङ्कनमा एल्लेख भए राम्रो हुने थियो । साथै हालैको केशव बडालको आयोगको भूमि सुधार सम्बन्धी प्रतिवेदन पनि ।

अन्तमा एउटा जिज्ञासा राख्छु- तपाईहरुले प्रकाशन गर्ने भनिएको युवा मासिक किन आएन ?

*-दुर्गाप्रसाद, चनौटे, सुर्खेत*

**पुष्पलाल र सहकर्मीहरुबारे**

नेपालका साप्ताहिक वा मासिक जेजस्ता राजनीतिक विषयवस्तुहरु समेटेर पत्रिका निकालिन्छन्, ती सबै पत्रिकाहरुलाई माथ गरेर जनमासनमा भिज्न सक्नु मूल्याङ्कनको एक प्रमुख विशेषता हो जस्तो मलाई लाग्छ । राष्ट्रिय स्तरका नेपाली वामनेताको बारेमा पनि अझ सक्रिय भएर उनीहरुका राजनैतिक जीवनी सर्वसाधारण जनताको अगाडि ल्याउनु पऱ्यो । नेपाली कम्युनिष्ट आन्दोलनका प्रवर्तक पुष्पलाल श्रेष्ठ र उहाँका सहकर्मीहरु साथसाथै क. ऋषिराज 'आजाद', क. रन्तकुमार वान्तवा र अन्य कयौं राष्ट्रिय जीवनका समग्र पक्षको बारेमा खोजतलास गरेर विश्लेषणात्मक लेखहरु प्रकाशन गर्नेतिर मूल्याङ्कन लागोस् ।

*-विवश विप्र*
*बाहुनतिल्पुङ्-९, सिंधुली*

**भाकपाको स्थापना कहिले ?**

साउनको मूल्याङ्कनमा भारतको नक्सलवादी आन्दोलन किन र कसरी शुरु भयो भन्ने लेख ज्यादै रोचक लाग्यो । तर भा.क.पा.को स्थापना कहिले भएको हो भन्ने तथ्य दिएको भए अझ राम्रो हुने थियो । मैले मूल्याङ्कन अङ्क २३ देखि अङ्क ३० सम्म नियमित रुपले पढ्दै आएको छु । अन्य पत्रिकाहरु पनि बराबर मगाएर पढिरहेको छु । तर मूल्याङ्कनले उच्चस्तरीय लेख र वर्तमान नेताहरुलाई एकै ठाउँमा राखी विचार अन्तर्क्रिया गरेकोमा यस परिवारलाई धन्यवाद !

*-यामबहादुर के.सी.*
*कोचिन, केरला,भारत*

**क्रान्तिकारी धारबाट विचलन ?**

यस पत्रिकाले शुरुशुरुमा क्रान्तिकारी विचारहरु पाठकसमक्ष ल्याउन सफल भएकोले यसले लोकप्रियता पनि हाँसिल गर्न सफल भयो । तर हाल केही अङ्कदेखि यसमा विचलन आएको र पहिलेको मूल्य र मान्यताको ठीक विपरीत दिशाबाट बहन थालेको आभास भएको छ । यो कुरा अङ्क ३१ कै 'वाम सरकार कि विसर्जन' नामक खगेन्द्र संग्रौलाको लेखबाट अरु प्रष्ट हुन्छ । त्यसका लेखकले क्रान्तिकारी धारलाई पाठकहरु माझ उभ्याउन सफल हुनु भएको छ । ☐

**-पि.के. क्षेत्री, सुनसरी**

## डा.पोखरेल घाइते

**विज्ञान प्रविधि संबन्धी लेखक डा. नारायण पोखरेल आफ्नो वासस्थानमा नै दुर्घटनाग्रस्त हुनु भएको र त्यसबाट घुँडाको जोर्नीमा असर परेकोले उहाँ केही हप्ताअघिदेखि उपचार गरिरहनु भएको छ । त्रि.वि. कीर्तिपुर क्याम्पसमा विज्ञान विषयमा प्राध्यापन समेत गर्नु हुने डा. पोखरेल *मूल्याङ्कन* का पनि नियमित लेखक हुनुहुन्छ । हामी वहाँको शीघ्र स्वाथ्य लाभको कामना गर्दछौं !- *मूल्याङ्कन परिवार***

## फोन नं. परिवर्तित

**मूल्याङ्कन मासिकको फोन नं. २१३६९४ रहेकोमा हाल २३३५६३ भएको छ ।मूल्याङ्कनको हालसम्मको प्रकाशन अवधिभरि आफ्नो फोन हामीलाई सहयोगस्वरुप उपलब्ध गराइदिनु भएकोमा श्री शंभुराम महर्जनलाई हार्दिक धन्यवाद !**

*-मूल्याङ्कन*

उत्तम स्वाद.........
भरपूर सन्तुष्टि
राजहंस घ्यू
राजहंस तेल

विजया दशमीको उपलक्ष्यमा शुभकामना
जिल्ला विकास समिति
मोरङ

# विजया दशमी - २०५२ को शुभकामना

## "सूचना"

निकट भविष्यमा नै यस उद्योग समूहको अन्नपूर्ण पेट वोटल्स प्रा. लि. ले विभिन्न साइजका फुड ग्रेडका पेट वोटल्सहरु उत्पादन गर्ने लक्ष्य भएकोले वोटल्स आवश्यक पर्ने ग्राहक महानुभावहरुले तुरुन्तै सम्पर्क गरी आफ्नो साइज अनुसारको वोटल्स अर्डर गरी आफ्नो उत्पादन सजिलो, आकर्षक तथा कम मूल्यमा प्याकेज गर्ने सुवर्ण मौका नगुमाउनुहोस् !

# चिराग उद्योग समूह

मुख्य कार्यालय, पुतली सडक, काठमाडौं, नेपाल

फोन ४२१९४५, ४२०७७३ फ्याक्स नं. ९७७-१-४२०७७३




## नेशनल ट्रेडिङ्ग लिमिटेडको सूचना

२०५२ विजाय दशमीको पूनीत उपलक्ष्यमा ग्राहक वर्गहरूको चाहना अनुसार निम्न घरायसी उपभोग्य वस्तुहरू नेशनल ट्रेडिङ्ग लिमिटेडका बिक्री कक्षहरूबाट विशेष छूटकासाथ धमाधम बिक्री भइरहेको कुरा समस्त ग्राहक वर्गमा जानकारी गराउँछौं ।

| क्रम सं. | सामानहरु | बिक्री मूल्य | छूट पछि बिक्री मूल्य |
|---|---|---|---|
| १) | रेफ्रिजिरेटर-१६१ ली. | रु.१८,९००/- | रु.१७,९५५/- |
| २) | रेफ्रिजिरेटर-२१८ ली. | रु.२४,०००/- | रु.२२,८००/- |
| ३) | डि-फ्रिज-१४० ली. | रु.२१,०००/- | रु.१९,९५०/- |
| ४) | वासिङ्ग मेशीन-३ के.जी. | रु.१०,६००/- | रु.१०,०७०/- |
| ५) | वासिङ्ग मेशीन-२.५ के.जी | रु.९,६००/- | रु. ९,१२०/- |
| ६) | टोष्टर | रु ९५०/- | रु. ९०२/५० |
| ७) | आइरन-१६ | रु. ४२५/- | रु. ४०३/७५ |
| ८) | आईरन-०७० | रु. ७८०/- | रु. ७४१/- |
| ९) | आईरन- ८१८ | रु. ९००/- | रु. ८५५/- |

नेशनल ट्रेडिङ्ग लिमिटेड

केन्द्रीय कार्यालय

MULYANKAN
A magazine for Thought-Interaction
ल.पु.जि.प्र.का. द.नं. ९९/०४९/५० म.क्षे.हु.द.नं. १२/०५१/५२



# बोर्डिङ्ग पास - समयको उपहार

एक बृद्ध महिला जसले चल्नेमा मोटरसम्म देखेकी छैनन्, आज आफ्नो जिन्दगीमा अनमोल परिवर्तनको घडी पर्खिरहेकी छिन्। छिट्टै उनी एक चरा झैं उडेर शहरमा आफ्नो छोरालाई भेट्न पुग्नेछिन्। बडो उत्सुकताका साथ पर्खिराखेको आफ्नो छोरालाई चाँडै नै भेट्न पाउने कुरामा भन्दा उनी प्राचीन युगको पुष्पक विमान को परिकल्पनामा मग्न छिन्।

शहरमा छोरा भेट्न धेरै दिन लगाएर भरिया-तरिया सहित पैदल यात्रामा निस्कनु पर्दा हुने लामो हिडाईको दुःख कष्ट भोग्नु नपर्दा उनी ज्यादै नै खुशी हुनेछिन्। अहिले उनको हातमा रहेको उडान बोर्डिङ्ग पासले उनलाई यात्रामा बचेका केही गौरवमय दिनहरु छोरासंग बसी बिताउन पाउने एक उपहार हुन पुगेको छ।

बोर्डिङ्ग पास - अमुल्य समयको उपहार।

देशको कुना काप्चासम्म विकासको प्रतिफल पुऱ्याउनमा संलग्न





शाही नेपाल वायुसेवा

जति उड्यो उति उडौं उडौं लाग्ने